नेपाल सरकार समक्ष

कार्यान्वयनको लागि पेश गरिएको

# जुगी (सतःछैं वासिन्दा) समुदायको समस्या समाधान प्रतिवेदन

२०८३

आदिवासी जनजाति आयोग

पुल्चोक, ललितपुर

# आदिवासी जनजाति आयोग
## INDIGENOUS NATIONALITIES COMMISSION
पुल्चोक, ललितपुर


पत्र संख्या : ००५/८३
चलानी नं. : २४८

मितिः २०८३।०१।२३

सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार, काठमाडौं।

**विषयः अध्ययन प्रतिवेदन सम्बन्धमा।**

प्रस्तुत विषयमा नेवाः जाति अन्तर्गत जुगि समुदायको आवासीय समस्याबारे निवेदक श्री रुक्शना कपालीद्वारा मिति २०७९/०९/२५ गते बासस्थानको अधिकार माग सम्बन्धी आयोगमा दिनु भएको निवेदनउपर सम्मानित उच्च अदालत पाटनबाट मिति २०८१।१०।२७ मा आयोगको नाममा जारी परमादेश अनुसार आयोगले मिति २०८२।०५।०९ मा गठन गरेको अध्ययन समितिद्वारा स्थलगत अध्ययन, सरोकारवालाहरुसँगको समन्वय तथा छलफलबाट प्राप्त राय तथा सुझावको आधारमा तयार गरेको प्रतिवेदन प्राप्त भएको र आयोगको मिति २०८३।०१।२३ को निर्णयानुसार आयोगको सिफारिस सहितको अध्ययन प्रतिवेदन नेपाल सरकार समक्ष आवश्यक कार्यान्वयनका लागि पेश गरेको छु।

.....
(रामबहादुर थापामगर)
अध्यक्ष

बोधार्थः
१. सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालय, बबरमहल, काठमाडौं।
२. रुक्शना कपाली, रिट निवेदक।


टेलिफोन नं.: ९७७-१-५५२४७८८, ५५२४४२४
वेभसाइट : www.inc.gov.np
इमेल ठेगाना : inc.gov.np@gmail.com

# मन्तव्य

नेपालमा सूचीकृत आदिवासी जनजाति समुदायको संख्या ६० रहेको छ जसमध्ये नेवार (नेवाः) समुदाय पनि एक हो। नेवार (नेवाः) समुदाय अन्तर्गतका कपाली, दर्शनधारी र कुस्लेलाई जुगी समूहमा राखिएको छ। यो सिमान्तकृत समूह पनि हो र लिच्छवि तथा मल्लकालदेखि यो समुदाय सतःछें (सत्तलघर) हरुमा बसोबास गर्दै आएको छ ।

आदिवासी जनजाति आयोग आदिवासी जनजाति समुदायलाई संविधान र कानूनले प्रदान गरेको हक अधिकार सरकारले कार्यान्वयन गरे नगरेको अनुगमन गरी कार्यान्वयनको लागि नेपाल सरकारलाई सिफारिस गर्ने संबैधानिक निकाय हो । निवेदक श्री रुक्शना कपाली सहितले मिति २०७९।०९।२५ मा जुगि जातिको वासस्थानको अधिकार माग सम्बन्धी आयोगमा दिनु भएको निवेदन उपर सम्मानित उच्च अदालत पाटनबाट मिति २०८१।१०।२७ मा आयोगको नाममा जारी परमादेशको आदेश अनुसार यस आयोगले मिति २०८२।०५।०९ मा गठन गरेको समितिले विस्तृत अध्ययन गरी समितिमा पेश गरेको प्रतिवेदन अनुसार सिफारिस सहित यो प्रतिवेदन तयार गरिएको हो ।

नेपालको संविधान र प्रचलित कानुन अनुसार आदिवासी जनजाति समुदायको सम्मानपूर्वक बाँच्न पाउने हक, आवासको हक तथा परम्परा देखि भोग गरी आएको वासस्थान सम्बन्धी अधिकारको सम्मान गर्दै न्यूनतम सुविधा सहित बसोबासको व्यवस्था गर्न संघ सरकारबाट आवश्यक कानुनी व्यवस्था गरी उनीहरुलाई स्वामित्वको प्रबन्ध समेतको आवश्यक व्यवस्था हुन पर्ने सिफारिस सहितको यो प्रतिवेदन कार्यान्वयनको लागि नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

अदालतको आदेशको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न तथा विषयको समुचित सम्बोधनका लागि नेपाल सरकारका सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय, सहयोग तथा नीतिगत स्पष्टता अपेक्षित रहेको हुँदा सोही बमोजिम आवश्यक पहलको लागि सिफारिस सहित अध्ययन प्रतिवेदन पेश गर्नुहुने अध्ययन टोली र अध्ययन कार्यमा आवश्यक सहयोग सल्लाह र सुझाव दिनु हुने विज्ञहरु तथा सम्बन्धित समुदायप्रति धन्यवाद ज्ञापन गर्दै यस प्रतिवेदनमा उल्लेख भए बमोजिमका आवश्यक सिफारिसहरु नेपाल सरकार तथा सम्बन्धित निकायहरुबाट कार्यान्वयन हुने विश्वास लिएको छु।

.....

(राम बहादुर थापामगर)

अध्यक्ष

आदिवासी जनजाति आयोग
पुल्चोक, ललितपुर

निर्णय नं.- १२९/०८२/८३
निर्णय भएको मिति-२०८३/०१/२३

**प्रस्ताव पेश गर्न स्वीकृत भएको मिति : २०८३/०१/२३**

**प्रस्ताव: नेवाः जाति अन्तर्गत जुगि समुदायको आवासीय समस्या सम्बन्धमा ।**

**१. विषयको संक्षिप्त विवरण :**

नेवाः जाति अन्तर्गत जुगि समुदायको आवासीय समस्याबारे अध्ययन अनुसन्धान गरी मागदाबीको सम्बोधन गरिपाऊँ भनि निवेदक श्री रुक्शना कपालीद्वारा मिति २०७९/०९/२५ गते आयोगमा निवेदन पेश गर्नु भएको र उक्त निवेदकले यस आयोगलाई विपक्षी बनाई उच्च अदालत पाटनमा दायर गर्नुभएको निवेदनउपर उच्च अदालत पाटनबाट मिति २०८१/१०/२७ मा आवश्यक विचार गर्नू भनि आयोगको नाममा परमादेशको आदेश जारी भएकोमा उक्त आदेश कार्यान्वयन गराई सोको जानकारी निर्देशानालयमा पठाउन अनुरोध भएको। नेवाः जाति अन्तर्गत जुगि समुदायको आवासीय समस्याबारे अध्ययन अनुसन्धान गर्न आयोगमा मिति २०८२/०५/०९ गते अध्ययन समिति गठन भई समितिबाट अध्ययन प्रतिवेदन प्राप्त भएको।

**२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः**

नेपाल पक्षराष्ट्र रहेको ILO Convention 169, आदिवासी जनजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र (UNDRIP, २००७) र Indigenous and Tribal Peoples Convention का व्यवस्थाहरु परम्परागत रुपमा उपभोग गरेको भूमिको पहिचान र स्वामित्वको विषयसँग सम्बन्धित रहेको छ। उच्च अदालतको आदेशले UNDRIP को Article 26 र Indigenous and Tribal Peoples Convention को Article 14 ले प्रत्याभूत गराए बमोजिम स्वामित्वको हकको संरक्षण तथा सुनिश्चितताका लागि कानून निर्माण गर्नुपर्ने भए सो गरी वा अन्य आवश्यक पहल गर्नु भनेको छ।

**३. प्रस्ताव पेश गर्नु पर्नाको कारणः**

निवेदनमा उल्लेख भएबमोजिम आदिवासी नेवाः जाति अन्तर्गत कपाली, दर्शनधारी तथा कुश्ले थर भएका जुगि समुदायका मानिसहरु लिच्छविकाल मल्लकालदेखि सतःछें (सत्तलघर) हरुमा बसोबास गरिरहेको अवस्था रहेको र राज्यले यस्ता सत्तलघरहरुलाई पाटीपौवाको नामाङ्कन गरी सार्वजनिक सम्पत्तिको दायरामा ल्याएको। अतः उल्लिखित आधार, कारण एवम् नेपालको संविधानको धारा ५१(ग) तथा आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ समेतको आधारमा निवेदकको मागदाबीको विषयमा आयोगस्तरमा गठित अध्ययन समितिको प्रतिवेदन स्वीकृत गरी आदिवासी जनजातिका हक अधिकार सम्बन्धी विषयहरु उपर आयोगबाट आवश्यक कारवाही गर्नु पर्ने।

**४. आयोगबाट भएको निर्णय :**

"नेवाः जाति अन्तर्गत जुगि समुदायको आवासीय समस्याबारे उच्च अदालत पाटनबाट जारी भएको परमादेश बमोजिमको आयोगको प्रतिवेदन स्वीकृत गरी देहाय बमोजिमको सिफारिससहित कार्यान्वयनका लागि नेपाल सरकार (प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय) मा सिफारिस गर्ने र सोको जानकारी सर्वोच्च अदालत, फैसला कार्यान्वयन निर्देशनालयमा पठाउने" निर्णय गरियो।

देहाय:

आयोगको सिफारिस

माथि उल्लेखित राष्ट्रिय अन्तर्राष्ट्रिय कानून तथा सन्धि, महासन्धि, सम्झौता र घोषणा पत्रको आधारमा जुगि आदिवासी जनजाति समुदायको उचित व्यवस्थापन गर्दै उनीहरुको आवास सम्बन्धी संवैधानिक तथा कानूनी हक अधिकार प्रत्याभुत गराउनको लागि नेपाल सरकारलाई आदिवासी जनजाति आयोग निम्न सिफारिस गर्दछः

क) नेपालको संविधान २०७२ को प्रस्तावनामा व्यवस्था भएको सबै नागरिकलाई समानताको अधिकार, आवास सम्बन्धी धारा ३७ (१) र (२) मा भएको अधिकार, राज्यको निर्देशक सिद्धान्त धारा ५० (२) मा गरिएको राज्यको प्रतिवद्धता, अन्तर्राष्ट्रिय श्रम सम्बन्धी महासन्धि नं. १६९ को धारा १३-१९ मा व्यवस्था भएको आदिवासी जनजाति समुदायले परम्परागत रुपमा उपभोग गर्दै आएको भूमि सम्बन्धी अधिकार र आदिवासी जनजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७ को धारा २६-२८ मा उल्लेख गरिएको आदिवासी जनजातिको भूमि सम्बन्धी अधिकारको पालना र कार्यान्वयन गर्दै आदिवासी जनजाति जुगि समुदायको बसोबासको हक सुनिश्चित गराउने।

ख) सिफारिस नं १ को कार्यान्वयन गर्न बाधा अड्चनको अवस्था भए मौजुदा कानून, नीति, नियमको संसोधन तथा खारेजी र आवश्यक भए नयाँ कानून निर्माण गर्ने।

ग) आयोगको सिफारिस कार्यान्वयनको लागि सङ्घीय सरकार अन्तर्गतका सम्बन्धित विभाग तथा निकायलाई निर्देशन र प्रदेश तथा स्थानीय सरकारसँग आवश्यक समन्वय गर्ने।

| (मा. सुर्यबहादुर गुरुङ) | (मा. शरण राई) | (मा. रीमा राना) | (मा.डा.मीन बहादुर श्रीस) | (मा.रामबहादुर थापामगर) |
|---|---|---|---|---|
| सदस्य | सदस्य | सदस्य | सदस्य | अध्यक्ष |

आदिवासी जनजाति आयोग

# बिषय सूची


| | |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. समस्याको विवरण | २ |
| ३. अध्ययनको उद्देश्य | ३ |
| ४. अध्ययनको औचित्य | ३ |
| ५. सम्बन्धित अध्ययन सामग्री र कानुनी व्यवस्थाको समीक्षा | ४ |
| ६. अनुसन्धान विधि (Research Methodology) | ७ |
| ७. अध्ययन क्षेत्र र नेवाः जोगी समुदायको परिचय | ८ |
| ८. सतःछैं (सत्तलघर) को ऐतिहासिक परिचय | १३ |
| ९. सतःछैं बासिन्दाको वर्तमान अवस्था र चुनौतिहरू | १९ |
| ९.१. वैयक्तिक अध्ययन (case study) | २० |
| ९.२. विशिष्ट समूह केन्द्रित छलफल (FGDs) | २६ |
| १०. अदालतको रिट | २७ |
| ११. प्राप्ति (Findings) | २८ |
| १२. निष्कर्ष (Conclusion) | ३० |
| १३. सुझाव / सिफारिसहरू | ३२ |
| सन्दर्भ सामग्री | ३७ |
| परिशिष्ट | ३९–९६ |
| प्रश्नावली | ३९ |
| सार्वजनिक विश्रामगृह (पाटीपौवा/सत्तल/धर्मशाला/सतःछैं) | ४३ |
| स्थलगत सर्वेक्षणका तस्विरहरु | ५० |
| पाटन उच्च अदालतले आयोगको नाममा जारी गरेको परमादेश | ५७ |
| सर्वोच्च अदालतले आदेश कार्यान्वयन सम्बन्धमा पठाएको पत्र | ६३ |
| अदालतको फैसला कार्यान्वयन गराइ पाउँ भनी आयोगमा दर्ता गराएको निवेदन | ६४ |
| १३ जना सतः छैं (सतलघर) बासिन्दाहरुले आयोगमा दर्ता गराएको निवेदन | ६८ |

# कार्यकारी सारांश

नेवाः समुदायका जोगीहरू लिच्छवी कालदेखि देवपालाको रुपमा सतःछें (सत्तलघर) मा बसोबास गर्दै आएको इतिहास र परम्परा पाइन्छ । हाल उनीहरुले आवासीय सुरक्षादेखि सांस्कृतिक निरन्तरतासम्मका विषयमा गम्भीर संकटको सामना गरिरहेका छन् । प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को कार्यान्वयन, तीव्र सहरीकरण, भूमिअतिक्रमण तथा काठमाडौं उपत्यकाको बदलिँदो जनसांख्यिक संरचनाले उनीहरूको परम्परागत सामाजिक– सांस्कृतिक भूमिकामा प्रत्यक्ष प्रतिकूल असर पारेको छ।

नेपाली समाजलाई जात र पेशाका आधारमा विभाजित गराएको पुरानो मुलुकी ऐन (वि.सं. १९१०-२०२०) ले खस-आर्य जोगी समुदायलाई तागाधारी वर्गमा तथा नेवाः जोगी समुदायलाई तल्लो वर्गमा राखेर थप उपेक्षा सहित बहिष्करणमा पारेको थियो । नयाँ मुलुकी ऐनले जातीय विभेदलाई अन्त्य गरे पनि समाजमा आजसम्म कायमै रहेको पाइन्छ । नेपालको संविधान, २०७२, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आवासको अधिकार सम्बन्धी ऐन, २०७५, संयुक्त राष्ट्रसंघीय आदिवासी अधिकार घोषणा (UNDRIP, २००७) तथा आइएलओ-१६९ ले आवास, संस्कृति र सहभागितासहितका आदिवासी अधिकारलाई सुनिश्चित गरे पनि नेवाः जोगी समुदायलाई हालसम्म पनि पुनर्वास, पुनर्स्थापना तथा सम्पदा-व्यवस्थापनसम्बन्धी प्रक्रियाबाट पद्धतिगत रूपमा बहिष्करणमा पारिनु दुःखद् देखिन्छ।

उनीहरुको आवासीय अधिकारलाई सम्मान गर्ने विषयमा न्यायालयबाट भएका फैसलाहरुलाई समेत सम्बन्धित निकायले कार्यान्वयन नगरेको अवस्था रहेको दखिन्छ। परिणामस्वरूप सत्तलमा बसोबास गर्ने नेवाः जोगी समुदायको सांस्कृतिक पहिचान कमजोर हुँदै, आर्थिक अभाव तथा शिक्षा, स्वास्थ्य र आजीविकामा पहुँच घट्दै गएको छ। यसै सन्दर्भमा उच्च अदालत पाटनले आदिवासी जनजाति आयोगलाई उनीहरुको आवासीय अधिकार सुनिश्चतताका लागि ऐनमा भएको व्यवस्था अनुरुप आवश्यक अध्ययन गरी सरकारलाई सिफारिस गर्न परमादेश जारी गरेको छ। साथै सर्वोच्च अदालतले पनि उच्च अदालतको परमादेश कार्यान्वयनका लागि आयोगलाई पत्र पठाएको देखिन्छ ।

नेवाः जोगी समुदायले परम्परागत रूपमा स्थानीय सांस्कृतिक संरक्षकको भूमिका निर्वाह गर्दै आएको हुँदा उनीहरुको विस्थापनले उपत्यकाको अमूर्त सांस्कृतिक सम्पदामै गम्भीर असर उत्पन्न हुनजान्छ। त्यसकारण स्थानीय तहले उनीहरूको पहिचान र जीवित सम्पदालाई काठमाडौंको शहरी इतिहासका अभिन्न अंगका रूपमा औपचारिक मान्यता दिनुपर्छ। राज्यका निकाय, स्थानीय सरकार तथा सरोकारवाला सबै पक्षबीचको समयन्वयात्मक प्रयासमार्फत उनीहरूको आवासीय अधिकारलाई सुनिश्चित गराउन आवश्यक छ। पहुँचका आधारमा सम्पदालाई निजि स्वामित्वमा पार्ने तथा पहिचान विहिन निमुखाहरुलाई सम्पदा संरक्षणको नाममा आवासीय अधिकारबाट बञ्चितिमा पारिने अवस्थाको अन्त्य हुनु आवश्यक छ ।

## १. पृष्ठभूमि

नेपालका सूचिकृत आदिवासी जनजातिहरूमध्ये नेवार (नेवाः) समुदाय पनि एक हो । नेवार (नेवाः) समुदाय अन्तर्गतका कपाली, दर्शनधारी र कुश्लेलाई जोगि (जुगी) समूहमा राखिएको छ । यो समूह नेवाः समुदायभित्रको सिमान्तकृत समूह पनि हो (आदिवासी जनजाति सूचि परिमार्जन उच्चस्तरिय कार्यदल, २०६६, पृ. ४०) । सूचिकृत आदिवासी जनजाति समुदायको थर सूचिमा नेवार अन्तर्गत कपाली, कुश्ले, जोगि र दर्शनधारी समेतको उल्लेख गरिएको छ (आदिवासी जनजाति आयोग, २०८१, पृ. १२-१५) । ऐतिहासिक रूपमा यो समूहले लिच्छवी तथा मल्ल कालदेखि नै सतःछें (सत्तलघर) अर्थात परम्परागत सांस्कृतिक विश्रामगृहहरूमा वास गर्दै आएको पाइन्छ । तत्कालीन समयमा टोल - टोलमा देवछें (देवता राख्ने घर) अर्थात देवस्थल निर्माण गरेपछि त्यसको सुरक्षा र व्यवस्थापनका लागि समाज र राज्यको तर्फबाट सतःछें (सत्तलघर) निर्माण गरी नेवाः जोगीहरुलाई देवपाला (देवस्थल रक्षक) को रुपमा नियुक्ति गर्ने परम्परा थियो । उनीहरूलाई देवापाला (देवता वा देवस्थलको रक्षक) तथा त्वा जन (टोलको मानिस वा टोलको रक्षक) भन्ने गरिन्थ्यो । सतःछें (सत्तलघर) हरु नेवाः जोगी (जुगी) समूहको परम्परागत निवासका अतिरिक्त यी संरचनाहरू समुदायको धार्मिक, सांस्कृतिक र सामाजिक महत्वसँग प्रत्यक्ष सम्बन्धित रहेका छन् । हालका दशकहरूमा राज्यले सतःछेंलाई "पाटीपौवा" का रूपमा वर्गीकृत गरी सार्वजनिक सम्पत्तिको रूपमा पुनःपरिभाषित गरेको छ । यस परिवर्तनले स्थानीय समुदाय र नेवाः जुगी समुदाय बीचमा विवाद उत्पन्न गरेको छ । किनभने नेवाः जुगी समुदायले यी विश्रामगृहहरूलाई केवल आवास मात्र नभई आफ्नो सांस्कृतिक सम्पदा, निरन्तरता र सामूहिक पहिचानको अभिन्न अंशको रूपमा लिएका छन् ।

नेपालले संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणा (UNDRIP, 2007) र आदिवासी जनजातिको सम्बन्धमा बनेको ऐन (ILO Convention No. 169, 2007) जस्ता विभिन्न अन्तर्राष्ट्रिय महासन्धि अभिसन्धिहरू अनुमोदन गरेको छ । त्यसकारण सरकारले आदिवासी जनजाति समुदायले ऐतिहासिक रूपमा प्रयोग गर्दै आएको भूमि, क्षेत्र र स्रोतहरू माथिको अधिकारलाई सुनिश्चित गर्नुपर्दछ । नेपालको संविधान, आदिवासी जनजाति आयोग ऐन, २०७४ र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले समेत आदिवासी जनजाति समुदायको अधिकारलाई सुनिश्चित गरेको छ । यस्ता प्रतिबद्धताहरू र कानुनी व्यवस्था हुँदाहुँदै पनि पुस्तौं पुस्तादेखि सत्तलमा बस्दै आएका नेवाः जोगी समूह आवासीय अधिकारबाट बञ्चितिमा पर्ने जोखिम उत्पन्न भएकोछ ।

## २. समस्याको विवरण

नेवार (नेवाः) समुदायको जोगी (जुगी) समूह ऐतिहासिक रूपमा सतःछें (सत्तलघर) अर्थात परम्परागत सांस्कृतिक विश्रामगृहमा बसोबास गर्ने समूह हो। लिच्छवी र मल्ल कालदेखि नै यो समूहको सतःछें (सत्तलघर) सँग गहिरो ऐतिहासिक, सांस्कृतिक र आध्यात्मिक सम्बन्ध रहिआएको भए पनि राज्य र समुदायले सकारात्मक रूपमा व्यवहार गरेको छैन । वि. सं. १९१० देखि २०२० सालसम्म कार्यान्वयनमा रहेको विभेदकारी जातीय कानूनले नेपाली समाजलाई ४ जात (तागाधारी, मतुवाली, पानी नचल्ने र अछुत) मा विभाजन गरेको थियो । उक्त कानूनले खस-आर्य अर्थात ब्राह्मण र क्षेत्रीलाई तागाधारी जातिमा राखेको थियो । खस-आर्य समुदायको जोगी समूहलाई तागाधारी अन्तर्गतको क्षेत्री समूहभित्र राखेर उच्च सम्मान दिएको थियो भने आदिवासी जनजाति नेवार समुदायभित्रको कुश्ले, दर्शनधारी, कपाली आदि जोगी समूहलाई विभेद गरिएको थियो । वि. सं. २०२१ सालमा लागू गरिएको नयाँ मुलुकी ऐनले जातीय विभेदलाई अन्त्य गरेको भए पनि अहिलेसम्म उक्त राणाकालीन कानूनी बन्धनबाट हाम्रो समाज मुक्त हुन सकेको छैन । नेवार (नेवाः) जोगी (जुगी) समूहले लामो समयदेखि विस्थापन र सामाजिक बहिष्करणको खतरा सामना गर्दै आएको छ। प्राचीन स्मारक संरक्षण ऐन, २०१३ कार्यान्वयनमा आएपछि सतःछें (सत्तलघर) लाई "प्राचीन स्मारक" अर्थात सार्वजनिक सम्पदाको रूपमा वर्गीकरण गरियो । त्यसपछि उनीहरूको परम्परागत आवास अधिकारमा चुनौती आएको हो। खासगरी २०७२ सालको भूकम्पको कारण उनीहरू परम्परागत आवास सतःछें (सत्तलघर) बाट विस्थापित हुनपुगे । पुरानो मुलुकी ऐनले सामाजिक बहिष्करणमा र आर्थिक रूपमा कमजोर पारेको नेवाः जोगी (जुगी) समूहलाई प्राचीन स्मारक संरक्षण ऐन र सहरिकरणको प्रभावले समेत थप कमजोर बनाएको छ।

नेपालको संविधान (२०७२), स्थानीय सरकार सञ्चालन ऐन (२०७४) तथा संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणा (UNDRIP, २००७) र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ (१९८९) ले आदिवासी जनजातिहरूको आवास, संस्कृति, र सहभागिताको अधिकार सुनिश्चित गरेको भए पनि नेवाः जोगी समूहलाई पुनःस्थापना र सम्पदा व्यवस्थापन कार्यक्रमहरूबाट बाहिरै राखिएको छ। प्राचीन स्मारक संरक्षण ऐन, २०१३ जस्ता सम्पदा संरक्षणका कानुन र आदिवासी आवास अधिकारबीचको विरोधाभासले कानुनी र प्रशासनिक अस्पष्टता सिर्जना गरेको छ, जसले गर्दा यो समुदाय सुरक्षित आवास र सांस्कृतिक

पहिचानबाट वञ्चित भएको छ। संवैधानिक र अन्तर्राष्ट्रिय प्रावधानहरूको सीमित कार्यान्वयनले उनीहरूको सामाजिक–आर्थिक कमजोरीलाई झन् गहिरो बनाएको छ।

त्यसैले यस अध्ययनले सम्बोधन गर्न खोजेको मुख्य समस्या भनेको विद्यमान संवैधानिक र कानुनी संरक्षण हुँदाहुँदै पनि सतःछें (सत्तलघर) का बासिन्दाहरूले कसरी विस्थापन, सामाजिक बहिष्करण र सांस्कृतिक पहिचान विहिन अवस्थाको सामना गर्दैछन् भन्ने हो।

## ३. अध्ययनको उद्देश्य

यस अध्ययनको मुख्य उद्देश्य सतःछें (सत्तलघर) का बासिन्दाहरूले सामना गरिरहेका समस्याहरूको विश्लेषण गर्नु र तिनका आवासीय सुरक्षाका साथै सतःछेंसँगको सांस्कृतिक अन्तर-सम्बन्धको विषयलाई प्रकाश पार्नु रहेकोछ । अध्ययनको देहाय वमोजिमका विशेष उद्देश्यहरू रहेका छन्:

- सतःछें (सत्तलघर) मा बसोबास गर्ने नेवा: जोगी (जुगी) समुदायको सामाजिक, आर्थिक र सांस्कृतिक अवस्थाको पहिचान गर्नु ।
- उनीहरूको विस्थापन र औपचारिक आवास अधिकारबाट वञ्चितिको अवस्था सिर्जनामा योगदान पुर्‌याउने कानूनी र नीतिगत खाडलहरूको विश्लेषण गर्नु ।
- आदिवासी आवास अधिकार र सम्पदा संरक्षणसँग सम्बन्धित संवैधानिक, वैधानिक तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको कार्यान्वयन अवस्थाको मूल्याङ्कन गर्नु ।
- सतःछें (सत्तलघर) का बासिन्दाहरूका आवास अधिकार र सम्पदा संरक्षण दुबै सुनिश्चित गर्न सकिने समुदायमा आधारित तथा नीतिगत स्तरका समाधानहरूको खोजी गर्नु ।

## ४. अध्ययनको औचित्य

यो अध्ययनले काठमाडौं उपत्यका लगायतका परम्परागत नेवारी बस्तीहरूका सतःछें (सत्तलघर) का बासिन्दाहरूमा अव्यवस्थित शहरीकरण र प्राचीन स्मारक संरक्षण ऐन, २०१३ का कारण उत्पन्न भएको आदिवासी आवास अधिकारको समस्यालाई उजागर गर्दछ । यो विषयमा नीतिगत र प्राज्ञिक छलफल हुनसकेको छैन । शहरी विकास, सम्पदा संरक्षण र आदिवासी पहिचानबीचको अन्तरसम्बन्धका साथै अन्तरद्वन्द्वबाट उत्पन्न हुने गम्भीर समस्यालाई यो अध्ययनले मूल विषय बनाएकोछ।

यस अध्ययनले तथ्यपरक र विश्लेषणात्मक दृष्टिकोणका आधारमा सम्पदा संरक्षण र सीमान्तकृत आदिवासी समुदायको सामाजिक-आर्थिक तथा आवास अधिकारबीच सन्तुलन कायम गर्न स्थानीय सरकार, सम्पदा संरक्षण निकायहरू र नीति निर्माणकर्ताहरूलाई महत्वपूर्ण सहयोग

पुर्याउन सक्छ। साथै यो अनुसन्धानले नेपालको संविधानमा समावेश आवास अधिकार, सामाजिक न्याय, समानता र समावेशीकरण सम्बन्धी प्रतिबद्धतासँगै संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणा (UNDRIP) र श्रम संगठन (ILO) महासन्धि नं. १६९ अन्तर्गतका अन्तर्राष्ट्रिय दायित्वहरूलाई प्रकाश पार्दछ । यस अध्ययनका निष्कर्षहरूले समावेशी शहरी पुनःबसोबास र सांस्कृतिक सम्पदा व्यवस्थापनका नीतिहरू निर्माण गर्न योगदान पुर्‍याउन सक्छ । साथै नेवाः जुगी समुदायको सतछेंसँगको ऐतिहासिकः, सांस्कृतिक र धार्मिक सम्बन्धलाई अभिलेखित गर्न तथा आदिवासी आवास अधिकार संरक्षणका लागि कानूनी सुरक्षाबारे प्रमाणमा आधारित सिफारिसहरू प्रस्तुत गर्न मद्दत गर्दछ।

अन्ततः यो अध्ययनले सतःछें (सत्तलघर) को सांस्कृतिक र ऐतिहासिक महत्वबारे चेतना बढाउनुका साथै ती स्थानहरूलाई केवल प्राचीन सम्पदाको रूपमा मात्र होइन, नेवाः जुगी समुदायको पहिचान र निरन्तरतासँग अभिन्न रूपमा जोडिएका जीवन्त सम्पदाको रूपमा सम्मान गर्ने दिगो समाधानका पक्षमा वकालत गर्ने वातावरण सिर्जना हुने अपेक्षा गरिएको छ।

## ५. सम्बन्धित अध्ययन सामग्री र कानुनी व्यवस्थाको समीक्षा

नेपालमा भएका विभिन्न अध्ययनहरूले शहरी आदिवासी र न्यून–आय समुदायहरूको कमजोर सामाजिक–आर्थिक अवस्था एवं निरन्तर सीमान्तीकरणको अवस्थालाई प्रकाश पारेका छन्। प्रायः ऐतिहासिक परम्परादेखि वञ्चितिमा पारिएका समुदायहरू (disadvantaged groups) अव्यवस्थित रूपमा शहरी बसोबास गरेको पाइन्छ । उनीहरूले भूमि स्वामित्व, सरसफाइ, आवास, र रोजगारीका अवसरहरूका गम्भीर समस्याहरू सामना गरिरहेका छन् । यी समस्या सामाजिक बहिष्करण, शिक्षामा सीमित पहुँच र स्थानीय शासन संरचनामा कमजोर प्रतिनिधित्वका कारण झन् जटिल भएका छन्। नेपालमा शहरीकरणको प्रक्रियाले आदिवासी समुदायहरूलाई तिनका पुर्खौंली भूभागहरूबाट विस्थापित गराउने तथा आधारभूत शहरी सेवाहरूमा सीमित पहुँचका कारण सीमान्तीकरणको अवस्थामा पुर्याउने खतरा देखापरेको छ (भट्टचन, २०१३, शेर्पा, २०१५ र तामाङ, २०१८) । नेवार (नेवाः) समुदायको सन्दर्भमा कपाली, दर्शन्धारी र कुश्ले जस्ता समूहहरूले जातीय संरचनाभित्र र शहरी सामाजिक–आर्थिक परिवेशमा दोहोरो प्रकारको सीमान्तीकरणको समस्या भोगेका छन् । काठमाडौं उपत्यका र यसको शहरी केन्द्रहरूसँग यिनीहरूको गहिरो ऐतिहासिक सम्बन्ध हुँदाहुँदै पनि प्रायः कानूनी मान्यता र औपचारिक आवास अधिकारबाट बञ्चित भई असुरक्षित बस्तिहरूमा बसोबास गर्दैआएका छन् (प्रधान, २०१६)।

कानूनी र नीतिगत दृष्टिकोणबाट हेर्दा नेपालको संविधान, २०७२ ले सामाजिक न्याय र समावेशिताको लागि एक सबल मानक आधार प्रदान गरेको छ। धारा १८ ले जात, जातीयता वा सामाजिक मूलका आधारमा हुने भेदभावलाई निषेध गर्दै समानताको अधिकार सुनिश्चित गरेको छ भने धारा ४२ ले आदिवासी जनजाति सहितका वञ्चित समूहहरूको राज्यका संयन्त्रहरूमा सहभागिताको अधिकार सुनिश्चित गरेको छ। धारा ३७ (१) ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक प्रदान गरेको छ । धारा ३७ (२) मा कानून बमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन भनिएको छ। धारा ५१ (ञ) (६) मा मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुमबासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमीन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने भनिएको छ। धारा ५१ (ञ) (१२) मा सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिंग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने उल्लेख गरिएकोछ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विकास प्रक्रियामा आदिवासी सहभागिता र सांस्कृतिक पहिचानको संरक्षणलाई सुदृढ बनाएको छ। यो ऐनको दफा ११ उपदफा (२) फ (२) मा पुरातत्त्व, प्राचीन स्मारक तथा सङ्ग्रहालय जस्ता स्थानीय सम्पदाहरूको संरक्षण, सम्भार, प्रवर्द्र, विकास र पुनः निर्माण गर्ने जिम्मेवारी पालिकालाई दिइएकोछ । उपदफा (४) झ (१) र (२) मा सुकुम्बासीको पहिचान, अभिलेख व्यवस्थापन, सुकुम्बासी सम्बन्धी जिविकोपार्जन र बसोबास व्यवस्थापन गर्ने जिम्मेवारी समेत पालिकालाई प्रदान गरिएकोछ । त्यसैगरी आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ ले उनीहरूको भाषा, संस्कृतिको संरणक्ष तथा समावेसिताको कार्यान्वनको पक्षलाई जोड दिएकोछ । यस्ता संवैधानिक र वैधानिक प्रत्याभूतिहरू हुँदाहुँदै पनि कार्यान्वयन स्तरमा प्रशासनिक जडता, राजनीतिक इच्छाशक्तिको अभाव र समुदायस्तरमा सीमित चेतनाका कारण यी प्रावधानहरू प्रभावकारी रूपमा लागू हुन सकेका छैनन्।

अन्तर्राष्ट्रिय स्तरमा नेपालले आदिवासी अधिकारहरू संरक्षण गर्ने प्रतिबद्धता स्वरूप महासन्धिहरू अनुमोदन गरेको छ। संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणा (UNDRIP, 2007) ले आदिवासी जनजातिहरूको आत्मनिर्णय, सांस्कृतिक पहिचान र परम्परागत भूमिप्रतिको सामूहिक अधिकारलाई स्पष्ट रूपमा निर्दिष्ट गरेको छ। त्यसैगरी नेपालले सन् २००७ मा अनुमोदन गरेको अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को महासन्धि नं. १६९ (1989) ले आदिवासी समुदायहरूको भूमि, स्रोतसाधन र विकाससम्बन्धी निर्णय प्रक्रियामा परामर्श गर्ने

अधिकारको संरक्षण गर्न राज्यलाई प्रतिबद्ध बनाएको छ। नेपालको संविधानको धारा ५१ (ख) (३) मा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयन गर्ने प्रतिबद्धता जनाइएको छ। तर विशेषगरी शहरी सन्दर्भमा आवास र जीविकोपार्जन सुरक्षासम्बन्धी विषयमा त्यसको कार्यान्वयन पक्ष अत्यन्त कमजोर रहेकोछ।

यसका परिणामस्वरूप सतःछें (सत्तलघर) मा बसोबास गर्ने समुदायहरू अझै पनि मूलधारको शहरी विकास र पुनर्स्थापना कार्यक्रमहरूमा समेटिन सकेका छैनन्। नेवाः जोगी (जुगी) समूहले लिच्छवी तथा मल्ल कालदेखि नै सतःछें (सत्तलघर) लाई सांस्कृतिक रूपमा वासस्थान बनाउँदै आएको भए पनि २०७२ सालको भूकम्पपछि अधिकांश त्यहाँबाट विस्थापित भएका छन् । प्राचीन स्मारक संरक्षण ऐन, २०१३ ले सतःछें (सत्तलघर) लाई प्राचीन स्मारक अन्तर्गत राखेको हुँदा पुनःनिर्माण पछि बासस्थानको रूपमा प्रयोग गर्न दिइएको छैन। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पालिकालाई प्राचीन स्मारक एवं सम्पदाहरूको संरक्षण गर्ने र घरबार विहिन सुकुम्बासीहरूको जिविकोपार्जन र बसोबास व्यवस्थापन गर्ने जिम्मेवारी समेत दिएकोछ । त्यसैगरी आदिवासी जनजाति आयोग ऐन, २०७४ ले नेपालको संविधान, कानून र नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको कार्यान्वयनको लागि सरकारलाई सिफारिस गर्ने जिम्मेवारी दिएकोछ । यसैगरी पाटन उच्च अदालत र सर्वोच्च अदालतले सतःछें (सत्तलघर) मा बसोबास गर्ने समुदायलाई बसोबासको अधिकारबाट बन्चित नगर्न सम्बन्धित सरकारी निकायहरूको लागि परमादेश जारी गरेकोछ । साथै पाटन उच्च अदालत र सर्वोच्च अदालतले आदिवासी जनजाति आयोगको नाममा समेत आयोगकै क्षेत्राधिकार तथा अख्तियारी बमोजिम नै सरकारलाई आवश्यक सिफास गर्न परमादेश जारी गरेकोछ ।

आवासको अधिकार सम्बन्धी ऐन, २०७५ को दफा ४ मा नागरिकको आवास अधिकारको सम्मान गर्नुपर्ने, दफा ६ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले नागरिकलाई आवासस्थलमा रहेका स्रोत साधनको उपयोगमा कानून बमोजिम सहज पहुँच हुने व्यवस्था गर्नुपर्ने, दफा ७ मा आवास उपलब्ध गराउने उल्लेख गरिएकोछ । दफा १४ मा पुनर्वासको व्यवस्था गर्नुपर्ने (१) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले दफा १३ बमोजिमको कारणबाट पूर्ण रूपमा विस्थापित भएको व्यक्ति तथा परिवारको नाममा अन्यत्र जग्गा नभएको वा जग्गा भए पनि भौगोलिक वा अन्य कारणले बसोबास गर्नका लागि अनुपयुक्त भएको र निज वा परिवारको आर्थिक विपन्नताको कारण पनि आफैंले कुनै अर्को बासस्थानको प्रवन्ध गर्न नसक्ने अवस्था भएमा त्यस्तो व्यक्ति

तथा परिवारको लागि उचित पुनर्वासको प्रवन्ध गर्नुपर्नेछ। दफा १८(१) अनुसार नेपाल सरकार तथा प्रदेश सरकारले यस ऐन बमोजिम आवास सम्बन्धी कुनै सुविधा प्रदान गर्दा स्थानीय तहसँग समन्वय गरी कार्यान्वयन गर्नुपर्नेछ (नेपाल ऐन सङ्ग्रह खण्ड ११: १९८-२०३) ।

## ६. अनुसन्धान विधि (Research Methodology)

यसको लागि समुदायमा आधारित सहभागितामूलक अनुसन्धान (Community-Based Participatory Research/CBPR) लाई आधार मानेर देहायबमोजिमका विधिहरू अपनाइने छन्:-

- अवलोकनः निवेदकहरूको परम्परागत आवास सतःछैं (सत्तलघर), पेशा-व्यवसाय, रीतिरिवाज र सामुदायिक जीवनको प्रत्यक्ष अवलोकन ।
- अन्तर्वार्ताः निवेदकहरूका अतिरिक्त स्थानीय टोलबासीका अगुवाहरू, स्थानीय गुठीका पदाधिकारीहरू, नेवाः देय् दबूका पदाधिकारीहरू र सम्बन्धित वडाका जनप्रतिनिधिहरूसँग अर्ध-संरचित प्रश्नावलीका आधारमा अन्तर्वार्ता एवं छलफल ।
- विशिष्ट समूह केन्द्रित छलफल (FGDs): समुदायको धारणा र सामूहिक समाधानहरू अन्वेषण । सर्वेक्षणहरूबाट प्राप्त गर्न नसकिने समस्यासँग सम्बन्धित विविध विचार, दृष्टिकोण, विश्वास र समृद्ध अन्तर्दृष्टिहरू विज्ञहरूको सानो समूह (६-१२ जना) केन्द्रित छलफलबाट प्राप्त गर्न ।
- अनौपचारिक वार्ता **(Informal Talks)**: गैरसरकारी संस्थाका कार्यकर्ताहरू, सम्पदा विज्ञहरू र नगरपालिकाका अधिकारीहरूसँग।

उपरोक्त विधिहरूबाट सङ्कलन गरिएका गुणात्मक (Qualitative) र संख्यात्मक **(Quantitative)** तथ्याङ्कहरूलाई विषयगत वर्गीकरण (thematic categorization) गरेर सामग्री विश्लेषण (Content analysis) को माध्यमबाट समस्या समाधानको उचित उपायको पहिचान गरिएकोछ । सामग्री विश्लेषण (Content analysis) अन्तर्गत नेपालको कानूनी व्यवस्थाहरू खासगरी प्राचीन स्मारक संरक्षण ऐन, २०१३; आदिवासी जनजाति आयोग ऐन, २०७४; आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८; स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपालको संविधान, २०७२ को विश्लेषण गरिएकोछ । यसका अतिरिक्त संयुक्त राष्ट्रसंघीय आदिवासी जनताको अधिकारसम्बन्धी घोषणा (UNDRIP) र ILO महासन्धि नं. १६९ सहितका अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरूको समीक्षा गरिएकोछ ।

वैयक्तिक अध्ययन (Case study) अन्तर्गत अधिवक्ता शङ्कर लिम्बूद्वारा दायर गरिएको रिट नं. 074-WO-0053, सुनिल कपालीले उच्च अदालत पाटनमा दायर गरेको रिट निवेदन, तः धीमै जुगिनी उपनाम गरेको रुक्शना कपालीले उच्च अदालत पाटनमा दायर गरेको रिट नं. ०८१-WO-०९१४ र पाटन उच्च अदालतले आयोगको नाममा जारी गरेको परमादेशका साथै सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयले आयोगलाई आदेश

कार्यान्वयन सम्बन्धमा लेखेको पत्र च. नं. ६८/२०८२/०८३ मा आधारित रहेर विश्लेषण गिरएको छ। लिच्छवी र मल्लकालदेखि सतःछेंमा बसोबास सम्वन्धित ऐतिहासिक साहित्य तथा अनुसन्धान सामग्रीको समेत समीक्षा गरिएकोछ ।

## ७. अध्ययन क्षेत्र र नेवाः जोगी समुदायको परिचय

यो अध्ययन काठमाडौं उपत्यकाभित्र रहेका प्रमुख शहरी क्षेत्रहरूका अतिरिक्त काभ्रेपलाञ्चोक जिल्लाको बनेपामा अवस्थित सतःछें (सत्तलघर) मा बसोबास गर्ने नेवाः जुगी समुदायका बस्तीहरूमा केन्द्रित रहेको छ। अनुसन्धानले अहिले पनि सतःछेंमा बसोबास गरिरहेका र २०७२ को भूकम्पपछि सतःछेंबाट बिस्थापित भएका नेवाः जुगी समुदायका परिवारहरूलाई मात्र समेटेको छ। यस अध्ययनले तिनका जीवनस्थिती, सांस्कृतिक निरन्तरता र विस्थापनसम्बन्धी चुनौतीहरूको तुलनात्मक दृष्टिकोण प्रदान गर्दछ। अध्ययनको नमुना समूहमा समावेश गरिएका १३ घरपरिवार एवं क्षेत्रहरू निम्नानुसारका छन्:

१. काठमाडौं महानगरपालिका वडा नं. २४ का २ घर परिवार र वडा नं. २५ का ३ घर परिवार सहित जम्मा ५ घरपरिवार । मुख्यतया न्हायकं त्वाः (टोल), किलाघल त्वाः (टोल) लगायतका पुराना बस्ती क्षेत्रमा रहेका सतःछें संरचनाहरू र त्यहाँका पिडित परिवारहरू।

२. ललितपुर महानगरपालिका वडा नं. ११ क्वन्ति त्वाः, वडा नं. १२ मङ्गल त्वाः र वडा नं. १६ भिंघाः त्वाः (टोल) का १-१ परिवार सहित जम्मा ३ घर परिवार ।

३. भक्तपुर नगरपालिका वडा नं. ५ तःमरि त्वाः, वडा नं. १० थालाछें त्वाः र वडा नं. ११ तःमरि त्वाः (टोल) का जम्मा ३ घर परिवार ।

४. काभ्रेपलाञ्चोक जिल्लाको बनेपा नगरपालिका वडा नं. ९ का दछु त्वाः नाराँघः र भोलखा त्वाः (टोल) का २ परिवार ।

युवा कपाली समिति, काठमाडौंले २०५६ सालमा प्रकाशन गरेको कपालीः संक्षिप्त परिचय नामक पुस्तकमा काठमाडौं, ललितपुर र भक्तपुरमा बसोबास गर्ने कपाली (नेवाः जुगी) परिवारको आ.व. २०५५/०५६ को वर्गिकृत तथ्यांक प्रस्तुत गरिएको छ । उक्त तथ्यांकअनुसार कुल जम्मा २३१ घरधुरीका १,६११ (पुरुष ७९३ र महिला ८१८) सदस्यहरू रहेका छन् । औसत परिवार संख्या ६.९७ रहेको छ । जम्मा २३१ घरधुरीमध्ये १९८ परिवार आफ्नै घरमा तथा ३३ परिवार बहालमा बस्ने उल्लेख गरिएको छ । उनीहरूमध्ये १३.९ प्रतिशत नोकरीमा, १२.२ प्रतिशत सिलाई पेशामा, ८.६ प्रतिशत व्यापारमा, १.२ प्रतिशत गाडी चालक पेशामा, ०.६ प्रतिशत शिक्षण

पेशामा, ०.५ प्रतिशत स्वास्थ्य सेवामा र २९ जना वैदेशिक रोजजारीमा संलग्न रहेका छन् । सोही पुस्तकमा उल्लेख गरिएअनुसार २.४ प्रतिशतले स्नातकोत्तर, ४.९ प्रतिशतले स्नातक, १०.५ प्रतिशतले कक्षा १२, ५.१ प्रतिशतले एसएलसी, १४.२ प्रतिशतले माध्यमिक तह, १३.५ प्रतिशतले निम्नमाध्यमिक तह उत्तीर्ण गरेका छन् भने १८.८ प्रतिशत साक्षर रहेका छन् (कपाली. २०५६:१२५-१२८) । 'काठमाडौं उपत्यकाका कुसले जातिको सामाजिक तथा धार्मिक जीवन र परिवर्तनका स्वरूपहरू÷ शीर्षकमा विद्यावारिधि गरेका धन बहादुर कुँवर (२०६२) का अनुसार नेवाः जुगी (कपाली/ कुसले) हरुको काठमाडौंमा ३५०. ललितपुरमा ५०, भक्तपुरमा ६५, ठिमीमा ६० र कीर्तिपुरमा ३० घरधुरी रहेकोछ । उनीहरुको जनसंख्या लगभग ४,००० रहेके छ (पृ. ३१) । उल्रीके मुल्लर बुकर (सन् १९८८) का अनुसार परम्परागत पेशा बाजा बजाउने, कपडा सिलाउने र संस्कारजन्य सेवा गर्ने कुस्ले/जोगी जातिको संख्या ठिमीमा १.१२ प्रतिशत, साँखुमा ३.१० प्रतिशत, लुभुमा ०.६ प्रतिशत, सतुंगलमा ०.५० प्रतिशत, कीर्तिपुरमा १.६० प्रतिशत र पनौतिमा १.३० प्रतिशत रहेकोछ (पृ. २६ र २९) ।

उक्त पुस्तकहरुमा सतःछें बासिन्दाहरुको मात्र छुट्टै अध्ययन गरिएको छैन । अन्य स्रोतका अनुसार सतःछें बासिन्दाहरू परम्परागत संगीत (विशेष गरी पर्व तथा धार्मिक अनुष्ठानमा), सिलाइकटाइ, मन्दिर सेवा, दैनिक मजदुरी र सानोतिनो व्यापारमा संलग्न छन्। उनीहरूको शैक्षिक अवस्था सामान्यतया निम्न स्तरमा रहेकोछ। अधिकांश सदस्यहरूले केवल विद्यालय तहसम्म पढाइ पूरा गरेका छन्। आर्थिक अवस्था कमजोर हुनु र संस्थागत अवसरको अभावका कारण उच्च शिक्षा हासिल गर्ने अवसर सीमित रहेकोछ। उनीहरू बसोबास गर्ने अधिकांश सतःछेंहरू इँटा र काठबाट बनेका पुराना परम्परागत संरचना हुन् । वि. सं. २०७२ को भूकम्पबाट अत्यन्त कमजोर र जीर्ण बनेका छन् । पुनःनिर्माण गरिएका सतःछेंहरूमा उनीहरूलाई बस्न दिइएको छैन । यी संरचनाहरूलाई प्राचीन सम्पदाका रुपमा वर्गिकृत गरिएकाले स्वामित्व र आवास अधिकारबाट बञ्चितिको अवस्था सिर्जना भएको छ ।

नेवाः जुगी समुदाय अन्तर्गतका कपाली, दर्शनधारी र कुश्लेको विषयमा विद्यावारिधि गरेका धनबहादुर कुँवरका अनुसार कुसले जातिलाई बोलीचालीमा 'कुसुले' र 'कुस्ले' पनि भन्ने गरिन्छ, तापनि हाल आएर कपाली समाजको स्थापना पछि सबैले आफूलाई 'कपाली' र 'दर्शनधारी' भन्ने गरेका छन्। कपाली, दर्शनधारी र नेवारीमा जुगी यसका पर्यायवाची नामहरू हुन्। कुसलेलाई "त्वा जन" अर्थात् टोलकै मानिस पनि भन्ने गरिन्छ। कापालिक सम्प्रदायका भएकाले पहिले – पहिले आफ्नो टोलको सत्तलमा बस्ने हुँदा टोलको हो भनेर जनाउन "त्वा जन" भनिएको हुन सक्तछ, जबकि अरूलाई यसो भनिएको पाइदैन (कुँवर, २०६२: ७८)।

नेवाः अभियन्ता रुक्शना कपाली (२०७९) का अनुसार नेवाः जुगि जातिलाई कहीं जोगी (नेपाल भाषामा ज्वगि) त कतै योगी भनिन्छ। जुगि जातिले कपाली, दर्शनधारी, दर्शणधारी, दर्शन, कुस्ले, कुक्षे, कुसलनाथ तथा कुस्ल्या थरहरू प्रयोग गरेको पाइन्छ। यो जातिले आफ्नो देगुद्यः/दुगुद्यः/देउद्यः (कुलदेउता) का रूपमा गोरखनाथलाई मान्ने गर्छन्। बाला चःह्रे (बाला चतुर्दशी) का दिन प्रायः जुगिहरूको कुलदेउता पूजा हुन्छ । कतिपयले सिथि नखःका दिन पनि कुलदेउता पूजा गर्दछन्। यो जातिले आफूलाई नाथ सम्प्रदायको मान्ने हुँदा प्रायः पुरूषहरूको मध्य नाममा नाथ उल्लेख गरिएको हुन्छ। जुगि जातिमा आफ्नै जातको पुरोहित ग्वबाःजु हुन्छ। नेवाः समुदायमा मृतकलाई गाड्ने परम्परा जुगि जातिमा मात्र हुन्छ । नेवाः समाजमा मृत्यु संस्कारको सातौं दिनपछि मृतकका नाममा प्यकालँ (चारदोबाटो) वा द्वपाः (दोबाटो) को मध्यमा रहेको 'छवास' भन्ने स्थानमा चढाउने खाद्यान्न (न्हय्नुमा) जुगि जातिले लैजाने परम्परा थियो। मृतकको घरमा रहेको 'चाभुतू' (माटोको चुल्हो) मा छोरीहरूले पकाएको 'पाखा जा' (अन्तिम भात) जुगिलाई दिने चलन रहेकोछ । पाखा जा पकाएपछि चुल्हो भत्काएर त्यसका इँटाहरूका साथै मृतकका लत्ताकपडा छवासमा लगेर 'छवासय् वायेगु' (विसर्जन) गरिन्छ। ती चीजहरु पनि जुगि जातिले लाने गर्दथे । जुगि जातिले तन्त्रविद्याको साधनाबाट छवासमा रहेका खतरनाक प्रेतात्माहरूलाई पन्छाउन सक्ने मान्यता रहेकोछ। जुगि महिलाहरूले अजि (सुँडेनी) तथा झारफुकको काम गर्छन्। उनीहरुको परम्परागत पेशामा पुइगु बाजं (म्वहालि बाजा) बजाउने र सुचिकाः ज्या (सिलाइ) गर्ने पनि पर्दछ। म्वहालिको प्रयोग भिंज्या (सुमंगल कार्य) हरु विवाह, जात्रापर्व, देवस्थलमा मूर्ति स्थापना वा स्थानान्तरण आदि अवसरमा गरिन्छ ।

कुसलेको उत्पत्तिको सन्दर्भमा नेवार समाजमा प्रचलित एउटा भनाइअनुसार सुरूमा तीन जना दाजुभाइहरू थिए । तिनीहरूले सत्, पोत र कोतको काम लिएका थिए । सोअनुसार सत्को अर्थ सत्तलमा बस्ने र कर्मकाण्ड चलाउने हुँदा अरूको घरभित्र पस्न नहुने भइ कुसले भयो । पोतको अर्थमा पीठ या मसानघाटका देवस्थलमा बस्ने "देवपाला" जो पोडे भयो र कोतको अर्थमा देवतालाई पूजा गर्ने थाली जस्तो कोतमा बसी पूजा गर्ने शाक्य तथा वज्राचार्य वा गुभाजू भयो । यस भनाइबाट पहिले–पहिले कुसले, पोडे र गुभाजू (वज्राचार्य) समान जाति भएको देखिन्छ । यिनीहरू गृहस्थ त्याग गरेका वर्ग भिक्षुसरह थिए भन्ने सङ्केत पाइन्छ । पछि कुसले, शाक्य र वज्राचार्यहरू सन्यासजीवन त्यागी गृहस्थमा प्रवेश गरेको कुरामा भने कुनै विवाद छैन । एक पटक घरवार छाडेर सन्यासमा लागेका सन्यासी–भिक्षुहरू फेरि विवाह गरेर गृहस्थाश्रममा

फर्केमा धर्मशास्त्रअनुसार त्यस्तालाई 'पतित' मानिन्छ । अहिलेका वज्राचार्य शाक्यहरू गृहस्थमा फर्केर आए पनि पतित भएको मानिंदैन । यिनीहरूको राजा र उच्च परिवारसँग राम्रो सम्बन्ध भएकाले जात उकालिएको थियो । कुसले र पोडेको राजा र उच्च परिवारहरूसँग राम्रो सम्बन्ध कायम हुन नसक्दा जात नउकालिएको स्पष्ट हुन आउँछ । यसरी कुसले, कपाली र दर्शनधारी शब्दको प्राचीनतालाई केलाउदै जाँदा धेरै पुरानो देखिए पनि सामान्यतः यी शब्दहरूको प्रयोग भने लोकभाषामा मध्यकालबाट व्यापक हुन गएको मानिन्छ। कुसले, कपाली र दर्शनधारी शब्दले पर्यायवाची अर्थका रूपमा एउटै जातिलाई जनाउने भए पनि प्राचीनकालमा विभिन्न वर्गबाट गृहस्थ त्याग गरेर कापालिक सम्प्रदायमा समावेश भएको बुझिन्छ । प्राचीन कापालिक सम्पदायसँग सम्बद्ध तान्त्रिक ज्ञानसमेत हाँसिल गरेको यो वर्ग गोरखनाथ सम्प्रदायको प्रभाव पश्चात् त्यसैमा विलय भएको देखिन्छ । सबैले आफूलाई गोरखनाथ पन्थी, कुसलनाथी र कापालिक सम्प्रदायको भएको दावी गर्दछन् । निष्कर्षमा कपाली, कुसले र दर्शनधारी (जुगी) भनिने यो जाति कुनै निश्चित जात-जातिबाट उत्पत्ति भएको नभइ धार्मिक सम्प्रदायबाट प्रादुर्भाव भएर परम्परागत धार्मिक आस्था र कर्मका आधारमा एउटा जाति कायम हुन गएको हो । अहिले पनि कतिपय कुसलेहरूले कापालिक रूप धारण गरी भिक्षाटन गरेर जीविका गर्ने गर्दछन् (कुँवर, २०६२: ८७, ८८ र ९२) ।

वि. सं. १९०३ को कोत पर्व नरसंहारपछि राज्यसत्ता कब्जा गरेर जहानीया राणा शासनको सूत्रपात गरेको जंगबहादुर कुँवरले लागू गराएको नेपालको पहिलो लिखित कानुन पुरानो मुलुकी ऐन १९१० (सन् १८५४) मा नेवाः जुगी समुदाय (कुसले) लाई पानी नचल्ने तर छोइछिटो हाल्न नपर्ने वर्गमा (touchable unclean caste) राखिएको थियो । तर उक्त कानूनले खस-आर्य समुदायको जोगी समूहलाई भने तागाधारी अन्तर्गतको क्षेत्री समूहभित्र राखेर उच्च सम्मान दिएको थियो । राज्यले आदिवासी जनजाति समुदायलाई वैधानिक रुपबाट दमन गरी बहिष्करण र सिमान्तिकरणमा पार्नका लागि वि. सं. १९१० को ऐन लागू गरेको देखिन्छ ।

पौराणिक तथा परम्परागत कथनअनुसार नेवारी समुदायमा मृत्युपछि शुद्ध हुन र संस्कारगत विधि पूरा गराउन कुसलेहरूको महत्वपूर्ण भूमिका रहेको हुन्छ । पुरूषहरूले माङ्गलिक कार्यमा बाजा बजाउने, लुगा सिलाउने, मन्दिर, दरबारका चोक बढार्ने, देवमन्दिरमा पुजारी तथा देवपालाका रूपमा काम गर्ने तान्त्रिक विशेषज्ञका रूपमा कार्य गर्दछन् । महिलाले भने फूफाक र अजिको कार्य गरिआएको देखिन्छ । त्यसैले पौराणिक कथनको आधारमा पुण्यवृद्धिका लागि विभिन्न धार्मिक तथा संस्कारगत कार्य गर्ने बेलामा यो जातिका मानिसहरूको आवश्यकता

पर्दछ । धार्मिक आस्था र विश्वासका कारण कुसलेहरूको आवश्यकता पर्ने भएकाले नेवारी समाजमा आफ्नै किसिमको महत्व रहेको देखिन्छ । तथापि यो समुदायले कामअनुसार समाजमा समान मर्यादा वा स्थान भने पाउन सकेको देखिँदैन ।

यो समुदायका कापालिकहरूले चाडपर्व र उत्सवमा बाजा बजाउने, लुगा सिलाउने, सातौं दिनको न्हयन्हुमा भात स्वीकार्ने र शिवामार्गी पुरोहित हुने जस्ता संस्कारगत कर्मकाण्डी कार्यहरू सम्पन्न गराउँदछन् । डोम्बी जुगी या डोंहरूले शुभ अवसरमा ढोलक बजाउने गर्दछन् । मध्यकालमा यिनीहरूका स्त्रीहरू सार्वजनिक मनोरन्जनका लागि गाउने तथा नाच्ने गर्थे भनिन्छ । यिनीहरूलाई अहिले मन्दिर सर–सफाई गर्ने र त्यसको रखवारी गर्नसमेत नियुक्त गरिन्छ । गुली जुगीहरूले मन्त्रद्वारा सर्पलाई वशमा पारी खेलाएर व्यवसाय चलाउने गर्दथे । नपी जुगीहरूले जुगी समुदायका मानिसहरूका दाह्री कपाल खौरने र नङ काट्ने कार्य गर्ने गर्दथे । त्यो नै उनीहरूको जीविकाको स्रोत वा पेशा बनेको थियो । वर्तमान अवस्थामा यो जातिका मानिसहरूले परम्परागत पेशाका अतिरिक्त लुगा सिउने, व्यापार तथा नोकरी गर्ने र मोफसलमा केहीले कृषि पेशा पनि अँगालेको पाइन्छ। नेवाः जुगी समुदायमा अधिकांशको आर्थिक अवस्था कमजोर रहेको छ । यस्तो हुनुमा एकातिर परम्परागत रूपमा सन्यास लिएर घरवार छाडेका हुनाले पुख्यौली सम्पत्ति नहुनु हो भने अर्कातर्फ यस जातिका मानिसलाई तत्कालीन समाजले टोलमा 'त्वा जन' भनेर सत्तलमा राख्ने र हरेक चाड पर्व तथा संस्कारमा भागको रूपमा खान दिने गर्नु नै हो । यो जातिका मानिस नेवारी समाजमा संस्कारगत विधि गर्ने बेलामा अत्यावश्यक मानिने हुनाले जीविकाका लागि खान र बस्न व्यवस्था भएका कारणले आर्थिक परिचालन हुने कार्य नगर्दा विपन्नताबाट उँभो उठ्न सकेको देखिँदैन । यो जातिका मानिसहरू कुनै पनि आर्थिक संवृद्धि हुने व्यवसायमा नलागेका हँदा आर्थिक क्षेत्रमा सम्पन्न हुन नसकेको कुरा स्मरणीय छ (कुँवर, २०६२: ९१ र २५३) ।

शिक्षा, स्वास्थ्य र आर्थिक क्षेत्रमा काठमाडौंमा नेवाः जुगीहरू तुलनात्मक रुपमा अगाडि देखिन्छन् भने ललितपुर र भक्तपुरका पछाडि रहेका देखिन्छ । नेवाः जुगीहरू स्वयम् र समाजले उनीहरूको महत्वलाई नबुझ्दा ऐतिहासिक दृष्टिले महत्वपूर्ण मानिने विभिन्न किसिमका मुहालीजस्ता स्वर बाजाहरू धमाधम लोप हुन थालेका छन् भने तान्त्रिक कार्य गर्ने पुरुष तान्त्रिक तथा महिला अजिहरूको नेवारी समाजमा अभाव खड्किन थालेको देखिन्छ । त्यसैले विपन्न नेवाः जुगीहरूलाई शैक्षिक तथा आर्थिक क्षेत्रमा सबल बनाउनका लागि सरकार र समाजका सङ्घ–संस्थाहरूले नै सक्रियता देखाएर उनीहरूको उत्थान गर्नु पर्ने आजको आवश्यकता रहेको छ ।

परम्परा र रूढीवादीले बाँधिएका कुनै पनि जातिको उत्थान गर्नका लागि शिक्षाको पहिलो आवश्यकता रहन्छ ।

## ८. सतःछें (सत्तलघर) को ऐतिहासिक परिचय

संस्कृत साहित्यहरूमा धर्मशाला, मार्गशाला, मण्डप र सभा जस्ता संरचना अर्थात विश्रामगृहहरूको चर्चा गरिएको पाइन्छ । नेपाली सार्वजनिक विश्रामगृहहरूको सन्दर्भमा भने लिच्छविकालीन शिलालेखहरूमा उल्लेख गरिएको पाइएकोछ । लिच्छविकालीन संरचनाहरूको अवशेष भने अहिले प्राप्त हुन नसके पनि तत्कालीन पाटी र मण्डपहरूको संरचनात्मक ढाँचा तथा शैलीले निरन्तरता पाइएको विश्वास गरिएको छ । त्यसकारण नेपाली समाजमा लिच्छविकालदेखि सार्वजनिक विश्रामगृह निर्माण गर्ने परम्पराको विकास भएको प्रमाणित हुन्छ । सामान्यतया यस्ता पारम्परिक विश्रामगृहहरूलाई धर्मशाला नामले चिन्ने गरिएको छ । यात्रुहरूको लागि निःशुल्क आवासीय सुविधा प्रदान गर्ने उद्देश्यले यस्ता सार्वजनिक विश्रामगृहहरू गाउँ-शहर, बाटोघाटो र तीर्थस्थलहरूमा व्यक्तिगत वा सामुदायिक लगानीमा निर्माण गर्ने नेपाली परम्परा रहेको थियो । धनी व्यक्ति, धार्मिक समूह वा परिवारहरूले दानस्वरूप निर्माण गराएका त्यस्ता सार्वजनिक विश्रामगृहहरूको मर्मतसम्भार तथा व्यवस्थापनका लागि गुठी नामक संस्था गठन गर्ने चलन पनि थियो । सार्वजनिक विश्रामगृह अर्थात धर्मशालालाई नेपाली समाजमा पाटी, पौवा, सत्तल, मण्डप, छपाट, फल्चा आदि विभिन्न नामले चिन्ने गरिन्छ भने यसको आकार र ढाँचामा पनि विविधता रहेको हुन्छ । वर्तमान समयमा धार्मिक स्थलहरूमा निर्माण गरिएका सार्वजनिक विश्रामगृहलाई धर्मशाला भन्ने गरिएको पाइन्छ ।

नेपालमा सार्वजनिक विश्रामगृहहरूको विविध संरचना तथा शैलीगत विकास १६ औंदेखि १८ औं शताब्दीको अवधिमा भएको देखिन्छ । त्यो समयमा पिँधाल (हिटी) वा इनार जस्ता पानीको स्रोत भएका स्थानहरूमा सार्वजनिक विश्रामगृहको निर्माण गर्ने प्रचलन रहेको थियो । त्यसपछिको समयमा नयाँ शैलीका सार्वजनिक विश्रामगृहहरूको निर्माण गरिएको पाइँदैन । पुरानै शैली र ढाँचाका संरचनाहरूमा पुनःनिर्माण गरिएको पाइन्छ । नेपालको राजधानी काठमाडौंमा रहेको काष्ठमण्डपलाई हालसम्म अस्तित्वमा रहेको सबैभन्दा पुरानो मण्डप संरचनाको सार्वजनिक विश्रामगृहको रुपमा चर्चा गरिएको पाइन्छ । विक्रमको १२ औं शताब्दीमा निर्माण गरिएको काष्ठमण्डप काठैकाठले बनेको छानेशैलीको खुल्ला वर्गाकार विशाल सार्वजनिक विश्रामगृहको नमूना हो । सोही

विश्रामगृहको नामबाट नै काठमाडौं बस्तीको नामाकरण भएको मानिन्छ । अन्य प्रकारका विश्रामगृहहरूको सम्बन्धमा ऐतिहासिक विवरण वा तिनको स्थापना सम्बन्धी स्पष्ट जानकारी भेटिँदैन। तिनका निर्माणशैली र काठका बुट्टाहरू (carvings) लाई समान युगका अन्य संरचनासँग तुलना गर्दा कतिपय 'घर प्रकारका' सत्तलहरू ४०० देखि ५०० वर्ष पुराना हुन सक्ने देखिन्छ।

ओल्फगन कोर्न (१९७६) को अनुसार धर्मशाला वा सार्वजनिक विश्रामगृहलाई नेपालीमा सत्तल, पाटी र चपाट, संस्कृतमा सत्र, पट्टिका, मण्डपा र चतुस्पाठ तथा नेवारीमा फाले/फलचा, माण्डु/माडु र चापरः जस्ता विभिन्न नामले चिनिन्छ । पाटी भन्ने शब्दले सबैभन्दा सानो र सबैभन्दा व्यापक रूपमा फैलिएको विश्रामगृहलाई जनाउँछ। आकारमा सानो भए पनि यसको कार्यक्षेत्र अन्य विश्रामगृहहरूको जस्तै हुन्छ। यात्रुहरूको लागि आश्रय स्थान मात्र नभई यसले वरपर बसोबास गर्ने नेवार समुदायका लागि सामाजिक, धार्मिक र मनोरञ्जनात्मक जमघटको स्थलको रूपमा पनि काम गर्छ। यसैमा महिलाहरूले लुगा धुने गर्छन् र कहिलेकाहीं गोठको रूपमा पनि प्रयोग गरिन्छ (पृ. १२७ र १२८)। पाटी भनेको प्रायः उचाइमा रहेको खुल्ला ठाउँमा (free-standing) छाने शैलीमा निर्माण गरिएको मञ्च (platform) हो । कुनै पाटी अन्य आवासीय भवनको भित्तामा जोडेर पनि निर्माण गरिएका हुन्छन् । त्यस्ता पाटीलाई दुपाट (दुई कुने पाटी) भनिन्छ । काठमाडौं, पाटन र भक्तपुरका हरेक बस्तीमा कम्तीमा दर्जनौं पाटीहरू भेटिन्छन्। पाटीहरू केवल बस्तीभित्र मात्र होइन, बस्तीका प्रवेशद्वार नजिक, गाउँ र शहरका बाटो, गोरेटो, चौबाटो, इनार, पोखरी, खोल्सो, पुल नजिक पनि भेटिन्छन्। त्यस्तै मन्दिर र देवालयहरू छेउमा समेत निर्माण गरिएका हुन्छन्।

काठमाडौं उपत्यका र सेरोफेरोका हरेक पाटीको बनावट लगभग उस्तै देखिन्छन् । ईंटाले बनाइएको आयताकार मञ्चमाथि काठका फल्याकहरूले छोपिएको हुन्छ। प्रायः पाटीहरू बाटो, पोखरी वा खोल्सोहरूतिर फर्किएको हुने भएकाले अगाडिको भाग post and lintel संरचनामा आधारित हुन्छन् । साधारणतया यस प्रकारको संरचना पाटीका दुबैतर्फका गारोमा पनि प्रयोग गरिन्छ। पछाडितिर इटाको गारो लगाइएको हुन्छ । छानोका परलिन (purloins) ले पछाडि र दुबै तर्फ (दायाँ– बायाँ) को गारोमा वा पोस्ट एण्ड लिण्टल संरचनामाथि टेकेका हुन्छन् । भुइँतला र छानोको बीचमा स्लीपर वाल बनाइन्छ, जसले मध्यम तल्ला (intermediate storey) सिर्जना गर्छ। यो तल्ला उपयोग योग्य हुँदैन। यस्तो मध्यम तल्ला प्रायः बाह्य सौन्दर्यका लागि मात्र निर्माण गरिन्छ ।

भित्रपट्टि पछाडिको भित्तामा प्रायः गणेशको मूर्ति वा दीयो राख्ने साना कोठीहरू (niches) बनाइएका हुन्छन् । गणेशको मूर्ति राख्ने चलन भने पछिल्लो समयमा शुरु गरिएको मानिन्छ । खुल्ला स्थानमा निर्माण गरिएका पाटीहरूका छानो सामान्य दुई पाखे (pitched saddle roof) वा चारैतिर ढल्केको (hipped roof) हुन्छन् । कुनै पाटीको छानो अन्य भवनको गारोमा टेकाइएको (lean-to roof) हुन्छ (कोर्न, १९७६: १२९)। सार्वजनिक विश्रामगृहको सानो संरचना पाटीभन्दा ठूलो र बहुतले (multi-storeyed) संरचनालाई सत्तल भन्ने गरिएको पाइन्छ । ओल्फगन कोर्न (१९७६) ले सत्तललाई दुई तल्ले पाटी प्रकारको सत्तल, मण्डप प्रकारको सत्तल र घर प्रकारको सत्तल भनी तीन समूहमा विभाजन गरेका छन् । यी तीन प्रकारका सत्तलहरूमा भुइँतलाको योजना आयताकार वा वर्गाकार, कोठा विभाजन र खुला हलहरूको व्यवस्थाका साथै र तल्लाको सङ्ख्या र समग्र संरचनात्मक रूपले भिन्नता पाइन्छन् । पाटी र सत्तल बीचको आधारभूत भिन्नता भनेको यात्रुहरूको बसोबासको अवधि र यात्रुको प्रकार पनि हो । बटुवाहरूको अस्थायी बसोबासको लागि (केही दिनको लागि) पाटी निर्माण गरिएको हुन्थ्यो । तर सत्तलहरू जीवनचक्रीय संस्कारहरू सम्पादन गर्ने धर्मगुरु, साधु जस्ता मानिसहरूको दीर्घकालीन बसोबासका लागि पनि निर्माण गरिन्थ्यो। पाटी छानो मात्र भएको मञ्च हुने भएकाले दीर्घकालीन बसोबासका लागि उपयुक्त हुँदैनथ्यो । काठमाडौंको काष्ठमण्डप सत्तल, लक्ष्मीनारायण सत्तल र भक्तपुरको दत्तात्रेय सत्तल पुराना सत्तलका नमूना हुन् । सत्तलभित्र बनाइएका मूर्तिहरू र देवालयहरू प्रायः पछि थपिएका संरचनाहरू हुन् ।

क) दुईतले पाटी प्रकारको सत्तल: पाटनका राजा योगनरेन्द्र मल्ल (सन् १६८४-१७०५) का नातेदारले सन् १७०० मा निर्माण गराएको सुन्धारा सत्तललाई दुई तले पाटी प्रकारको सत्तलको उदाहरणको रुपमा लिन सकिन्छ । यो सत्तल एकतले पाटीको योजना (प्लान) मा आधारित दुईतले भवन हो। आयताकार मञ्चको भुइँ काठका फल्याकहरूद्वारा छोपिएको छ। पछाडिको गारोमा एउटा सानो ढोका मात्र छ, जहाँबाट कृष्ण र लक्ष्मीनारायणको सानो मन्दिरमा पुगिन्छ। अगाडि र दायाँ-बायाँको खुल्ला भागमा लहरै काठका खम्बाहरू रहेका छन् । सत्तलको अगाडिको भागमा करिब आधा तले बराबरको गारो लगाइएको छ, जसले भित्र प्रयोगविहीन ठाउँ बनाए पनि बाहिरबाट हेर्दा वास्तुकलात्मक शैली देखिन्छ । यस आधा तल्लामाथिको

खुल्ला तलामा तीनतिरबाट कलात्मक जालीजस्तो काठको झ्यालले घेरिएको बार्दली (balcony) रहेको छ । कोठामा रहेका दुई ढोका मध्ये एउटाबाट बाहिरको सिँढीमा जाने र अर्कोबाट कृष्ण मन्दिरको ठीक माथि रहेको आगमदेवको मन्दिरमा जाने मार्ग रहेको छ । सुन्धारा सत्तलको शैलीमा बनेका अन्य सत्तलहरू पाटन र भक्तपुरका दरबार क्षेत्रहरूमा पनि रहेका छन्। जितमित्र मल्लले सन् १६८२ मा भक्तपुर दरबार क्षेत्रमा निर्माण गराएका दुई तले पाटी प्रकारको सत्तलको दक्षिणी पाखामा सुनको महादेवको मूर्ति र पूर्वी पाखामा नारायणको मूर्ति स्थापना गरिएको छ । श्रीनिवास मल्लका मन्त्री भगिरथ भैया र उनका भाइ भागी भारोले सन् १६७८ मा पाटन दरबार क्षेत्रमा निर्माण गराएको सत्तल अलि लामो भएकाले लामो पाटी वा तहफले (ठूलो बेञ्च) पनि भनिन्छ । यस्ता सत्तलहरू दरबारका सुरक्षाकर्मी वा अन्य सैन्य इकाइहरूको आवासका रूपमा प्रयोग गरिएको हुनुपर्दछ । प्रत्येक सत्तलसँगै गजुर सहितको देवालय पनि निर्माण गरिएको पाइन्छ ।

ख) मण्डप प्रकारको सत्तल: वर्गाकार एकतले वा बहुतले संरचनाको सत्तललाई मण्डप प्रकारको सत्तल भनिएको छ । यस प्रकारको सत्तललाई खासगरी सामुदायिक सभा वा स्वागतगृहका रूपमा प्रयोग गरिन्थ्यो । खुल्ला स्थानमा निर्माण गरिएको मण्डप प्रकारको सत्तल खुल्ला मञ्चजस्तै हुनेभएकाले वरिपरिका मानिसहरूलाई भेला हुन सजिलो हुन्थ्यो । यस्ता सत्तलहरू बस्तीको बीच भागमा रहेको खुल्ला स्थानमा निर्माण गरिन्थ्यो । पाटन दरबारको उत्तरी किनारामा रहेका दुई मण्डपहरूमध्ये एउटामा नगरको तौलघर (weighing house) र बजार भाउ (दर) निर्णय गर्ने स्थानको रूपमा प्रयोग हुन्थ्यो। यसको चारवटा केन्द्रीय स्तम्भहरूको ढाँचा हेर्दा यो मण्डप छेउमै रहेको मणिमण्डप (रत्न मण्डप) भन्दा पुरानो देखिन्छ। मणिमण्डप मूलतः सभा मण्डप (बैठक भवन) को रूपमा निर्माण गरिएको थियो । सन् १७०१ मा राजा योगनरेन्द्र मल्लले यसलाई पुनःनिर्माण गराएका थिए। त्यसै समयमा कालो ढुंगाबाट बनेको सिंहासन पनि यहाँ स्थापना गरिएको थियो । मणिमण्डपलाई पूजारी र ज्योतिषीहरूको बैठक स्थलको रुपमा प्रयोग गरिन्थ्यो । त्यहाँबाट उपत्यकाको सबैभन्दा महत्वपूर्ण देवता रातो मत्स्येन्द्रनाथको वार्षिक पर्व (**रातो मत्स्येन्द्रनाथको जात्रा**) सुरु गर्ने शुभ मिति निर्धारण गरिन्थ्यो। पाटनका राजाहरूको अभिषेक पनि

मणिमण्डपमै गरिन्थ्यो र यही ठाउँमा उनीहरूले नगरका जनतासँग भेटघाट गर्थे। अहिले ती दुवै मण्डपहरू तरकारी बेच्ने स्थलका रुपमा परिणत भएका छन्।

मण्डप प्रकारको इन्द्र सत्तल बनेपा उपत्यकाको खड्पु (श्रीकन्दपुर) नामक सानो नेवार गाउँको केन्द्रमा थियो। स्तम्भ र लिण्टेलमा गरिएको कुदाइको आधारमा हेर्दा इन्द्र सत्तलको निर्माण करिब १६औँ शताब्दी तिर भएको अनुमान गर्न सकिन्छ। जीर्ण अवस्थाको इन्द्र सत्तल हाल पूरै नष्ट भइसकेको छ। दुई तले मण्डपको अर्को एक मात्र उदाहरण पाटनको चैबहिल टोलको मण्डप हो। यस मण्डपमा चारवटा थामहरूले मात्र तल्लो छानो र माथिल्लो तला दुवैको भार सम्हालेका छन्। यसको निर्माण दुई सय वर्षभन्दा पुरानो देखिँदैन, त्यसैले यो वर्गाकार योजनाको पछिल्लो समयमा विकास भएको मण्डपको रूप हो। काठमाडौंको काष्ठमण्डप, पाटनको मणिमण्डप र भक्तपुरको दत्तात्रेय देग सबैभन्दा महत्वपूर्ण मण्डपहरू हुन्। सबैभन्दा प्रसिद्ध मण्डप भनेको काठमाडौंको काष्ठमण्डप हो। यो केवल सबैभन्दा ठूलो मण्डप मात्र होइन, रूप र संरचनामा पनि अद्वितीय छ, साथै सम्पूर्ण उपत्यकाको सबैभन्दा पुरानो मण्डप हो। यस भवनको पहिलो उल्लेख ई.सं. ११औँ र १२औँ शताब्दीतिर पाइन्छ। ई.सं. ११४३ तिर यस भवन वरिपरि रहेको बस्तीलाई 'काष्ठमण्डप' नामले उल्लेख गरिएको भेटिन्छ, जसले यो मण्डपको महत्त्व र प्रारम्भिक स्थापना दुवैलाई देखाउँछ। काष्ठमण्डपलाई १६औँ शताब्दीदेखि 'मरु सत्तल' (मरु टोलमा रहेको सत्तल) नामले पनि चिनिन्छ। यसको धेरैजसो थामहरू, विशेष गरी ७ मिटर अग्ला चार बीचका मुख्य थामहरू, उपत्यकाका सबैभन्दा पुराना बाँकी रहेका काठका संरचनामध्ये पर्दछन्। तर खम्बाहरू साँच्चिकै ११औँ शताब्दीका मूल स्तम्भहरू हुन् कि होइनन् भन्ने कुरा अझै पुष्टि भएको छैन। भादगाउँ (भक्तपुर)को ताचपाल टोलमा रहेको मण्डप प्रकारको सत्तल अहिले दत्तात्रेय देवका रुपमा चिनिन्छ । राजा यक्ष मल्ल (इ.सं. १४२८-१४८२) ले निर्माण गराएको उक्त मण्डपको अगाडि शिव, ब्रह्मा र विष्णु (दत्तात्रेय) का मूर्ति सहितको मन्दिर रहेकोले सत्तलको नाम दत्तात्रेय रहन गएको हो ।

ग) घर प्रकारको सत्तल: त्यस्तो सत्तलको राम्रो उदाहरणको रुपमा लक्ष्मीनारायण सत्तललाई लिन सकिन्छ । यो सत्तलमा आंशिक रूपमा मन्दिरहरू थपिएको र शताब्दीयौँदेखि धार्मिक कार्यका लागि प्रयोग भएकोले आफ्नो मूल कार्य र नाम दुवै गुमाइसकेको छ। भुइँतलामा आयताकार कोठाहरू (दुईवटा मन्दिर र दुईवटा

भण्डारण कोठा) छन् । यसको वरिपरि खुला वरन्डा छ। मध्य तल्लाको मूल भागमा एउटा कोठा छ । यसको उत्तरपट्टि मन्दिर संरचनाको हिस्सा दुई वटा कोठा छन् । माथिल्लो तल्लाको कोठाको चारैतिरबाट बार्दलीले फैलिएको छ।

चपाट: चपाट (चतुष्पथ = चार कुनाको पाटी/*चपहा*) को मौलिक कार्य अझै स्पष्ट छैन। पाटनमा अवस्थित दुईवटा चपाटहरू एक अर्कासँग यति धेरै भिन्न छन् कि तिनीहरूको एउटै किसिमको विवरण दिन असम्भव छ। चपाट सामान्यतया यात्रुहरूका लागि विश्राम गृहको रूपमा नभई, स्थानीय बासिन्दाहरूको विशेष समूहले उत्सव, नाटक, सभा र समारोहहरू आयोजना गर्न प्रयोग गर्ने सामुदायिक सभागृहको रूपमा बनाइएको देखिन्छ।

पाटनको डुपाट टोलमा अवस्थित दुई तले चपाटको लम्बाइ करिब २४ मिटर र चौडाइ करिब ५.५ मिटर छ। भुइँतलाको आधा भाग पाटी-जस्तै अगाडिको भागले ओगटेको छ भने बाँकी भागमा तीनवटा साना आयताकार कोठाहरू छन्, जसलाई भण्डारणका लागि प्रयोग गरिन्छ। भुइँतलाबाट माथिल्लो तलामा जानका लागि चौडा ढुंगाको सिढी छ। माथिल्लो तलामा खुला सभाहल र एकापट्टि बरन्डा छ। भित्तामा करिब दुई दर्जन दीयो राख्ने साना कोठीहरू (niches) बनाइएका छन् । पूर्वतर्फको भित्तामा रहेको ठूला कोठीहरू (niches) मा देवताका मूर्तिहरू स्थापना गरिएका छन्। चपाटको प्रारम्भिक प्रयोजन स्पष्ट हुन नसके पनि यसको संरचनाले मुख्यतः ठूलो भेला, विद्यालय वा स्थानीय जनसमुदायको बैठक स्थलका रूपमा प्रयोग हुने गरेको संकेत गर्छ । डुपाट टोलको चपाट विद्यालयको रूपमा प्रयोग भइरहेको छ (कोर्न, १९७६: १४५)।

नेवाः परम्परागत बस्तीको संरचनाअनुसार सहरको मध्य भागमा लायकू) दरबार तथा प्रत्येक टोलको चोक-चोकमा मन्दिर तथा चैत्य, बहाः, बही, ननि, चुक, लिबि, फल्चा, सतः, हिति आदि हुन्थ्यो भने सहर तथा बस्तीहरुमा एउटा मूल प्रवेशद्वार हुने गर्दथ्यो। लायकू परिसरमा राजपरिवारहरू बस्थे भने त्यसको वरिपरि कथित उच्च जातका मानिसहरु बस्थे। त्यो भन्दा बाहिरी घेरामा ज्यापु जाति बस्दथे । त्यसपछि विभिन्न सेवामूलक पेसा अपनाएका जातिहरु बस्थे। बौद्धमार्गी गुभाजु तथा बरेजु लगायतको बसोबास बहाः तथा बहीजस्ता स्थानमा हुन्थ्यो। कथित तल्लो जातका मानिसलाई सहर वरिपरि घेरिएको पर्खालबाहिर राखिन्थ्यो। जात व्यवस्थामा तल पारिएको नेवाः जुगिहरुलाई भने सहरको भित्री

भेगमै राखिन्थ्यो। प्रत्येक त्वाः (टोल) को प्यकालँ (चारदोबाटो) तथा द्वपाः (दोबाटो) को संस्कारसँग जोडिएको हुनाले तिनै स्थान नजिकैको सतःछैं (सत्तल घर) मा जुगि जातिको बसोबास रहेको हुन्थ्यो। कतिपय मन्दिर हेरविचार गर्न पनि त्यस नजिकैको सतःछैंमा यो जातिलाई राखिएको हुन्थ्यो। भूतप्रेत पन्छाउनसक्ने तन्त्रविद्या जानेकाले भूतप्रेतको वास रहेको मानिने छवास नजिकका सतःछैंहरूमा जुगि जातिको बासको व्यवस्था गरिन्थ्यो । सतःछैंको अर्थ नै सत्तल घर हो। यहाँ दुई संरचनाको सम्मीश्रण हुन्छ, एउटा सत्तल र अर्को घर। सत्तलको संरचना पाटीपौवाजस्तै हुन्छ। तर यो फल्चा (पाटीपौवा) होइन। सतःछैं संरचनामा तलपट्टि सत्तल र त्यस सत्तलमाथि घर हुन्छ। सत्तलको परम्परागत प्रयोजन नै सार्वजनिक प्रकृतिको हुन्छ। यात्रुहरूले थकाई मार्न पाऊन् वा ओत लाग्न पाऊन् भन्ने हेतुले यसको निर्माण भएको हुन्छ। धर्म कमाउन पनि सत्तल बनाइन्छ। तर सत्तलमाथिको घरको संरचना पूर्णतः निजी हुन्छ। सतःछैंको भुइँतल्लामा अरू जातिका मानिस सरह व्यापार व्यवसाय गर्न पाइँदैन। अरू जातिका मानिसले आफ्नो घरको भुइँतल्लामा पसल राखेका हुन्छन्। तर प्रायः जुगि जातिका मानिसले आफ्नो घरमुनिको सतःमा मेसिन राखी सिलाइ काम गरेको देखिन्थ्यो (कपाली, २०७९) ।

## ९. सतःछैं बासिन्दाको वर्तमान अवस्था र चुनौतिहरू

सतःछैं बासिन्दाहरूको वास्तविक अवस्था र उनीहरूले भोगिरहेका समस्याहरूको यथार्थता बुझ्नका लागि १३ जना निवेदकहरूलाई आयोगको कार्यालयमा उपस्थित गराएर विस्तृत छलफल तथा अन्तरक्रिया गराइएको थियो । सो छलफल र अन्तरक्रियाका आधारमा समाधानका उपायहरूका विषयमा आवश्यक सुझावहरू अघि सारिएका छन् । निवेदकहरूको परम्परागत आवास सतःछैं (सत्तलघर), पेशा-व्यवसाय, रीतिरिवाज र सामुदायिक जीवनको प्रत्यक्ष अवलोकन गर्नका लागि काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिकाको वडा नं. १ र ९, भक्तपुर नगरपालिकाको वडा नं. ५ र १०, ललितपुर महानगरपालिकाको वडा नं. ११ र १६ तथा काठमाडौं महानगरपालिकाको वडा नं. २४ र २५ स्थित सत्तलहरूमा आयोगका पदाधिकारी र कर्मचारीहरूको स्थलगत भ्रमण सम्पन्न गरिएको थियो । सो प्रत्यक्ष अवलोकन भ्रमणको क्रममा निवेदकहरूको १२ घरधुरी सर्वेक्षण (household servey) गर्ने तथा प्रत्यक्ष अन्तरवार्ता लिने कार्यका साथै वैयक्तिक अध्ययन कार्य सम्पन्न गरिएको थियो ।

## ९.१. वैयक्तिक अध्ययन (case study)

सिद्धान्तत वैयक्तिक अध्ययनको उद्देश्य कुनै पनि एउटा सामाजिक इकाईको सम्पूर्ण पक्षको व्यापक, सूक्ष्म र गहन अध्ययन गर्नु हो । यस अन्तर्गत व्यक्ति, परिवार, संस्था आदिलाई इकाई मानेर सूक्ष्म अध्ययन गरिन्छ । सतःछैं (सत्तलघर) बासिन्दाः समस्या र समाधानका उपायहरूका विषयमा अध्ययन गर्नेक्रममा तथ्याङ्क सङ्कलनको उपयुक्त विधिको रुपमा वैयक्तिक अध्ययनलाई लिइएको छ । प्रस्तुत अध्ययन प्रतिवेदनमा काठमाडौं र ललितपुर महानगरपालिका तथा भक्तपुर र बनेपा नगरपालिका क्षेत्रका सत्तलहरूमा सदियौंदेखि बसोबास गर्दै आएका र हाल आवासीय अधिकारबाट बञ्चितिमा परेका एवं पर्ने अवस्थामा रहेका १२ घरपरिवारको वैयक्तिक अध्ययन विधिबाट तथ्यांक सङ्कलन गरिएको छ ।

**वैयक्तिक अध्ययन संख्या १:– सतःछैं बासिन्दा 'क÷ (बनेपा-१)**

काभ्रेपलान्चोक जिल्लाको बनेपा नगरपालिका वडा नं. १ नाला, बेलाखा टोल स्थित गणेशथान (मन्दिर) सँगै रहेको पुरानो सत्तलमा एक छोरा सहित बस्दै आएकी वर्ष ५२ की सतःछैं बासिन्दा 'क÷ (बनेपा-१) ले स्थानीय बचत सहकारीमा स्वयंसेविकाको रुपमा काम गर्दै आएकी छन् । वि. सं. १९९० साल अघिदेखि नै उनीहरुका परिवार यो सत्तलमा बस्दै आएको उनका सासूससुराले बताउने गरेका थिए । उनको अन्यत्र कुनै जग्गाजमिन तथा सम्पत्ति छैन । उनले सत्तलछेउँमै रहेको सानो मन्दिर (गणेशथान) को रेखदेख गर्नुपर्दछ । वि. सं. २०७२ सालको भूकम्पपछि स्थानीयले उनलाई पुरानो र जीर्ण सत्तलमा नबस्न भनेका थिए । तर उनीसँग अर्को बिकल्प नभएकाले सत्तल छोड्न सकिनन् । उनलाई पालिका र स्थानीय समुदायले सत्तल खाली गर्न कुनै दबाब दिएको छैन । बनेपा नगरपालिका वडा नं. १ का जनप्रतिनिधिहरुले उनको लागि वैकल्पिक बसोबासको व्यवस्था गर्ने विषयमा छलफल गरेको जानकारी प्राप्त भयो । पालिकाले भूमिहिन सुकुम्बासीहरुको सूचीमा उनको पनि नाम टिपाएको रहेछ । उनीले पुस्तौंदेखि बस्दै आएको सत्तल घर छोडेर अन्यत्र जान मन नरहेको बताइन् ।

**वैयक्तिक अध्ययन संख्या २:– सतःछैं बासिन्दा 'ख÷ (बनेपा-२)**

बनेपा नगरपालिका वडा नं. ९ दछुटोल, नारायणथान स्थित सत्तलमा बसोबास गर्दै आएकी वर्ष ५२ की सतःछैं बासिन्दा 'ख÷ (बनेपा-२) का १ छोरा र २ छोरी छन् । उनकी एक छोरी वैदेशिक रोजगारीमा छिन् । उक्त सत्तलमा उनका बाजेससुरा– सासूका पालादेखि निरन्तर बसोबास हुँदै आएको भनाई रहेको छ । उनले नारायनथान (मन्दिर)

को दैनिक सरसफाई तथा हेरचाह गर्दछिन् । उनका जेठाजुले चन्देश्वरी मन्दिरमा बाजा बजाउने काम गर्दथे । उनको जेठाजुको मृत्यु भएपछि मन्दिरमा बाजा बजाउने परम्परालाई परिवारका अन्य सदस्यले निरन्तरता दिन सकेका छैनन् । नारायणथानको वरिपरि रहेका ५ सत्तलमध्ये ३ वटा निजि स्वामित्वमा गइसकेको रहेछ । बाँकी २ सत्तलमध्ये १ सत्तलको आधा भागमा उनको परिवार बसोबास गरेको छ । सत्तलको आधा भागलाई निजि स्वामित्वमा ल्याएपछि भत्काएर पक्की घर निर्माण गरी किनबेच समेत भइसकेको रहेछ । पहुँचवालाहरुले सत्तललाई निजि स्वामित्वमा ल्याए पनि सोझासाझा र पहुँच नभएकाहरु भने स्वामित्व विहिन अवस्थामा रहेका छन् भन्ने भनाई सतःछैं बासिन्दा र स्थानीय बासिन्दाको रहेको छ । सतःछैं बासिन्दा 'ख÷ (बनेपा-२) लाई पालिका, स्थानीय समुदाय वा गुठी संस्थान कतैबाट सत्तल छोड्नका लागि दबाब आएको छैन । आफू बसेको सत्तलको कुनै निस्सा प्रमाणको बारेमा उनलाई कुनै जानकारी नरहेको पाइयो ।

**वैयक्तिक अध्ययन संख्या ३:– सतःछैं बासिन्दा 'ग÷ (भक्तपुर-१)**

भक्तपुर नगरपालिका वडा नं. ५ क्वाछैंटोल स्थित चन्डी भगवती मन्दिर परिसरको सत्तलमा बसोबास गर्ने वर्ष ५० का सतःछैं बासिन्दा 'ग÷ (भक्तपुर-१) को परिवारमा ९ सदस्य छन् । उनले स्थानीय फार्मेसी पसलमा काम गर्दछन् । गुठी संस्थानको स्वामित्वमा रहेको यो सत्तलमा उनको ५ पुस्ता अघिको पुर्खालाई मन्दिर हेरचाहका लागि राखिएको थियो । अहिले पनि उनको परिवारले मन्दिरको सरसफाई र भजनकृतनका लागि आवश्यक व्यवस्थापन गर्दैआइरहेको छ । गुठी संस्थानले सत्तलमा नबस्न भनेको छैन । सतःछैं बासिन्दा 'ग÷ (भक्तपुर-१) का अनुसार उनका परिवारलाई पुस्तौंदेखि बस्दै आएको यही सत्तलमा बसाइँ सहज लागेको छ । भूकम्पपछि पानी चुहिन थालेकाले केही समस्या भने भएको छ ।

**वैयक्तिक अध्ययन संख्या ४:– सतःछैं बासिन्दा 'घ÷ (भक्तपुर-२)**

भक्तपुर नगरपालिका वडा नं. १० की ७० वर्षीय सतःछैं बासिन्दा 'घ÷ (भक्तपुर-२) को परिवारमा ६ जना छन् । सतःछैं बासिन्दा 'घ÷ (भक्तपुर-२) का अनुसार बाह्र पुस्ता अघिदेखि उनीहरुको परिवार महालक्ष्मी सत्तलमा बस्दै आएकोमा वि. सं. २०६८ सालतिर नगरपालिका र समुदायले सत्तल पुनर्निर्माण गरी बस्न दिने आस्वासन दिएर सत्तल खाली गराएको थियो । वि. सं. २०७१ सालमा सत्तल पुनर्निर्माण सम्पन्न गरेपछि

बसोबास गर्न दिइएन । वैकल्पिक व्यवस्था बिना आवासीय अधिकारबाट बञ्चित गरिएको छ । सत्तलबाट निकालिएपछि उनीहरू बहालमा बसेर जीवन गुजारा गरिरहेका छन् । एक छोरा र एक बुहारी वैदेशिक रोजगारीमा छन् । सतःछैं बासिन्दा 'घ÷ (भक्तपुर-२) ले सानो टहरामा चिया बेचेर हातमुख जोर्ने प्रयास गरिरहेकी छन् । सैयौं वर्ष अघिदेखि समाजले देवपालाको भूमिका र जिम्मेवारी दिएर सत्तलमा राखे पनि अहिले बैकल्पिक व्यवस्था बिना आवासीय अधिकारबाट बञ्चित गराउनु र सडकमा पुर्याउनु ठूलो अन्याय हो भन्ने उनको बुझाई रहेको छ । समाजले दिएको सांस्कृतिक भूमिका निर्वाह गर्दै आएका हामी सत्तलका बासिन्दाको कुनै जग्गा जमिन नभएको भूमिहिन सुकुम्बासीलाई समाज र सरकारले आवासीय व्यवस्था गरिदिनु पर्दछ भन्ने उनको अनुरोध छ ।

**वैयक्तिक अध्ययन संख्या ५:– सतःछैं बासिन्दा 'ङ÷ (भक्तपुर-३)**

भक्तपुर नगरपालिका वडा नं. ५ चल्गखुटोलका ४५ वर्षीय सतःछैं बासिन्दा 'ङ÷ (भक्तपुर-३) को परिवारमा ८ सदस्य रहेका छन् । पाँच पुस्तादेखि सत्तलमा बसोबास गर्दै आइरहेका उनीहरुको परिवारलाई २०७२ को भूकम्पले बिस्थापित गराएको हो । भूकम्पका कारण क्षति भएको उक्त निजि गुठी अन्तर्गतको सत्तल पुनःनिर्माण गरेर उनीहरुलाई बसोबास गराउने आश्वासन दिइएको थियो । निजि गुठीले सत्तलको पुरानो स्वरुप मेटाएर पक्की तीनतले आधुनिक शैलीको घर निर्माण गराएको भए पनि उनीहरुलाई त्यहाँ बस्न दिइएको छैन । निजि गुठीले उनीहरुको लागि कुनै बैकल्पिक आवासीय व्यवस्था नगरी निस्कासन गरेको उनको भनाई रहेको छ । परम्परागत मूर्ति बनाउने पेशा गर्दै आएका सतःछैं बासिन्दा 'ङ÷ (भक्तपुर-३) ले भक्तपुर वडा नं. ३ मा आफ्नो परिवारको लागि बसोबासको व्यवस्था मिलाएका छन् ।

**वैयक्तिक अध्ययन संख्या ६:– सतःछैं बासिन्दा 'च÷ (ललितपुर-१)**

ललितपुर महानगरपालिका वडा नं. ११ कुम्भेश्वरटोलका ४८ वर्षीय सतःछैं बासिन्दा 'च÷ (ललितपुर-१) ६ जनाको परिवार सहित चार पुस्ता अघिदेखि बस्दै आएको सत्तलबाट बिस्थापित भएका छन् । वि. सं. २०७२ सालको भूकम्पबाट सत्तलमा क्षति पुगेपछि पुनर्निर्माण पछि बस्न दिने आश्वासन दिइएको थियो । सतःछैं बासिन्दा '५÷ (ललितपुर-१) का अनुसार उक्त सत्तल पुनर्निर्माण भए पछि आफ्नो परिवारलाई बस्न नदिएर तण्डुकार समाजलाई प्रयोग गर्न दिइएको छ । वडा कार्यालयमा गुनासो राख्दा आवासीय समस्याको समाधान गरिदिने आश्वासन मात्र दिने गर्दछन् । उनले परम्परागत

मूर्ति बनाउने काम गरेर परिवारको दुई छाक टार्दै आएका छन् । उनकी आमाले कुम्भेश्वर मन्दिर अगाडि सडकमा पूजा सामाग्री बेचेर गुजारा चलाउँछिन् । उनीहरू परम्परागत सत्तलघरबाट विस्थापित भएर सडकमा पुगेका भूमिहिन सुकुम्बासी परिवार भए पनि कुनै निकायले उनीहरुको समस्या बुझ्न नखोजेको गुनासो पाइन्छ । उनको अनुसार आफ्नो परिवारलाई आवासीय अधिकारबाट बञ्चित गराएर गम्भीर मानव अधिकारको हनन भएको छ ।

**वैयक्तिक अध्ययन संख्या ७:– सतःछैं बासिन्दा 'छ÷ (ललितपुर-२)**

ललितपुर महानगरपालिका वडा नं. १६ मंगलबजारकी सतःछैं बासिन्दा 'छ÷ (ललितपुर-२) को परिवार सदियौंदेखि यहाँ बसोबास गर्दै आएको छ । आपसमा जोडिएका दुई ठूला सत्तलघरमा उनीहरुको दुई परिवार बस्दै आएको छ । उनीहरुले नजिकै रहेको भीमसेन मन्दिरमा आलापालो गरी परम्परागत देवपाला (देवताको सुरक्षा गर्ने) भूमिका निर्वाह गर्दै आइरहेका छन् । उनीहरुले उक्त मन्दिरको पूजाआजा व्यवस्थापनमा पनि योगदान दिइरहेका छन् । पुरानो जिर्ण बनेको सत्तललाई २०७२ को भूकम्पले क्षति पुर्याएपछि थप समस्या झेल्नु परेको छ । सत्तल छोडेर अन्यत्र गएर बसोबास गर्ने आधार नभएको जनाउँछन् । सतःछैं बासिन्दा 'छ÷ (ललितपुर-२) का अनुसार सरकार र समुदायले परम्परागत संस्कृति र संस्कारजन्य प्रचलनबाट अलग गराउन र परम्परागत आवासीय अधिकारबाट बञ्चितीमा पार्न हुँदैन । हरेक नागरिकको आवासीय अधिकार र परम्परागत संस्कृति र संस्कारजन्य गतिविधिलाई निरन्तरता दिने तथा पुस्तान्तरणको संवैधानिक र कानुनी अधिकारलाई सम्मान गर्नुपर्दछ ।

**वैयक्तिक अध्ययन संख्या ८:– सतःछैं बासिन्दा 'ज÷ (ललितपुर-३)**

ललितपुर महानगरपालिका वडा नं. ११ मंगलबजारकी ६५ वर्षीय सतःछैं बासिन्दा 'छ÷ (ललितपुर-३) को ४ जनाको परिवार रहेको छ । उनीहरुको परिवारले परम्परागत लुगा सिलाउने पेशा गरेर जीविका चलाउँदै आएको छ । पुस्तौंपुस्तादेखि उनीहरु बस्दै आएको सत्तलघरलाई पुनर्निर्माण गर्ने भनेर खाली गराइयो । पुनर्निर्माण गरिएको सत्तलघरको भूइँतलामा अहिले पर्यटकीय प्रहरीको कार्यालय राखिएको छ भने माथिल्लो तलामा कपाली समाजको कार्यालय राखिएको छ । परम्परागत सांस्कृतिक अधिकार र आवासीय अधिकारबाट आफ्नो परिवारलाई बञ्चितिमा पारिएको तथा सत्तलघरको प्रयोजन विपरित प्रयोग गरेर दुरुपयोग गरिएको उनीहरुको गुनासो रहेको छ ।

**वैयक्तिक अध्ययन संख्या ९:–** सतःछैं बासिन्दा 'झ÷ (काठमाडौं-१)

काठमाडौं महानगरपालिका वडा नं. २५ न्हैकन्तलाका ६८ वर्षीय सतःछैं बासिन्दा 'झ÷ (काठमाडौं-१) को ५ जनाको परिवार जीर्ण सानो सत्तलमा परम्परागत लुगा सिलाउने पेशा गरेर जीविका चलाइरहेको छ । उनीहरुको सात पुस्तालाई यही सत्तलले आश्रय दिइरहेको छ । उनको परिवार बस्ने सत्तलको अगाडि रहेको उग्रतारा मन्दिरसँग उनीहरुको सांस्कृतिक सम्बन्ध जोडिएर आएको छ । उक्त मन्दिरको निर्माणसँगै देवापालाका लागि सत्तल बनाएर उनको पुर्खालाई राखिएको थियो । उनको परिवारले उग्रतारा मन्दिरको रेखदेख र त्यहाँ हुने घोडेजात्रा सञ्चालनमा परम्परागत सहयोग पुर्याउदै आएको छ । यो सानो सत्तललाई बीचमा बारेर एकातर्फ उनीहरुको परिवार र अर्कोतर्फ उनको दाजुको छोराको परिवारले आश्रय लिएका छन् । नापी कार्यालयको नक्सा कित्ता नं. २४१ मा उग्रतारा मन्दिर र सँगैको कित्ता नं. २३१ मा उक्त सत्तल रहेको छ । उनीसँग रहेको नापी कार्यालयले दिएको एउटा कागजातको प्रतिलिपिमा उक्त सत्तल रहेको कित्तलाई घर उल्लेख गरेर पुनः तलतिर सत्तल उल्लेख गरिएको छ । यसै निस्सा प्रमाणका आधारमा उनले निजि स्वामित्वको आवासीय अधिकार प्राप्त गर्ने चाहाना राखेकाछन् । अत्यन्त जीर्ण र वर्षातमा चुहिने निकै सानो यो सत्तल दुई परिवारका लागि बस्न उचित र योग्य भने देखिदैन ।

**वैयक्तिक अध्ययन संख्या १०:–** सतःछैं बासिन्दा 'ञ÷ (काठमाडौं-२)

काठमाडौं महानगरपालिका वडा नं. २५ न्हैकन्तलाका ४८ वर्षीय सतःछैं बासिन्दा 'ञ÷ (काठमाडौं-२) ले ४ जनाको परिवार सहित जीर्ण सत्तलमा इलोक्ट्रोनिक्सका सानातिना सामाग्री राखेर पसल गरी गुजारा चलाएका छन् । उनी सतःछैं बासिन्दा 'झ÷ (काठमाडौं-१) का दाइका छोरा भतिज हुन् । एउटा सानो सत्तललाई बीचमा बारेर काका– भतिजको दुई परिवारले गुजारा चलाइरहेको छ । उनले पनि आफ्ना काकाले झैं नापी कार्यालयको निस्सा प्रमाणका आधारमा निजि स्वामित्वको आवासीय अधिकार प्राप्त गर्ने चाहाना राखेकाछन्। काठमाडौं महानगरपालिका तत्कालीन वडा नं. २७ को वडा कार्यालयले समेत उनीहरुको परिवार पुस्तौंदेखि त्यहाँ बसोबास गर्दै आएको भनी सिफारिस गरिदिएको कागजात रहेको देखिन्छ ।

**वैयक्तिक अध्ययन संख्या ११:–** सतःछैं बासिन्दा 'ट÷ (काठमाडौं-३)

काठमाडौं महानगरपालिका वडा नं. २४ किलागलका ४९ वर्षीय सतःछैं बासिन्दा 'ट÷ (काठमाडौं-३) यो सत्तलमा बसोबास गर्ने परिवारका सातौ पुस्ताका सन्तति हुन् । उनले जागिर गरेर तथा जिम प्रशिक्षकको काम गरेर ४ जनाको परिवार पाल्दै आएका छन् । उनी बस्ने चारतले सत्तलको अगाडि मन्दिर रहेको छ । उनको भनाई अनुसार यो सत्तल मन्दिर अन्तर्गत रहेको छैन । बेनिस्सा रहेकाले सर्जमिन गर्दा टोल समाजले पनि साथ दिएकाले आफ्नो निजि स्वामित्वमा आउनसक्ने आश गरिएको छ ।

**वैयक्तिक अध्ययन संख्या १२:–** सतःछैं बासिन्दा 'ठ÷ (काठमाडौं-४)

काठमाडौं महानगरपालिका वडा नं. २४ किलागलका ४८ वर्षीय सतःछैं बासिन्दा 'ठ÷ (काठमाडौं-४) यो सत्तलमा बसोबास गर्ने परिवारका सातौ पुस्ताका सन्तति हुन् । उनले करार सेवा अन्तर्गत जागिर गरेका छन् । उनको ८ जनाको परिवार रहेको छ । उनी बस्ने चारतल्ले सत्तलको अगाडि मन्दिर रहेको छ । भूकम्पका कारण जीर्ण बनेको भवनमा बस्न डराएर अधिकांश सदस्यहरु अन्यत्र डेरामा बस्ने भए पनि परिवारका केही सदस्य यहाँ बस्दै आइरहेका छन् । उनीहरुको निजि स्वामित्वमा रहेको कागजात प्रमाणको अभावका कारण घर मर्मतसम्भार वा पुनर्निर्माण गर्न नसकिएको जानकारी प्राप्त भयो ।

काठमाडौं, ललितपुर, भक्तपुर र बनेपा क्षेत्रका १२ सत्तलका बासिन्दाहरूको वैयक्तिक अध्ययन (case study) मा आधारमा विश्लेषण गर्दा परम्परागत रूपमा देवपाला, मन्दिर हेरचाह, पूजा-संस्कार व्यवस्थापन जस्ता सांस्कृतिक भूमिकासँग गाँसिएका यी परिवारहरू पुस्तौं-पुस्तादेखि सत्तलघरमा बसोबास गर्दै आएका छन्। तर पछिल्लो समय भूकम्प, पुनर्निर्माण, शहरीकरण, निजीकरण, निस्सा अभाव, संस्थागत उदासीनता तथा नीति-समीकरणको कमजोरीका कारण उनीहरू आवासीय अधिकारबाट बञ्चित हुने, विस्थापित हुने वा अन्यायपूर्ण व्यवहार झेल्न बाध्य भएका छन्। अध्ययनले देखाएको तथ्य अनुसार, केही परिवार अझै पनि जीर्ण र जोखिमपूर्ण सत्तलमा बसिरहेका छन् भने केहीलाई पुनर्निर्माण पछि प्रवेश नै नदिई समुदाय वा निजी रुपमा प्रयोग गरिएको भन्ने जानकारी पाइएकोछ। कतिपय सत्तलहरू निजी स्वामित्वमा रूपान्तरण हुँदै गएको जानकारी प्राप्त भएका छन्। वैकल्पिक आवासीय व्यवस्थाको अभाव, भूमिहीन सुकुम्बासीको पहिचानमा ढिलाइ र सरकारी निकायद्वारा स्पष्ट नीति नअपनाइएकाले उनीहरूको जीवन, सांस्कृतिक पहिचान र इतिहास निरन्तर जोखिममा परेको पाइयो। यस अध्ययनले के देखाउँछ भने

सत्तल भनेको सांस्कृतिक उत्तराधिकारी, जीवनोपार्जन, सामाजिक मान्यताहरू र धार्मिक भूमिकामा केन्द्रित देवपालाहरुको आवासीय संरचना हो। अतः सत्तलका बासिन्दा परिवारहरूको अधिकार, पुर्खौली सम्बन्ध, सामाजिक योगदान र स्थितिको समग्र रूपमा पुनर्मूल्यांकन गरी तिनीहरूलाई वैकल्पिक वा सुरक्षित आवासीय वातावरण उपलब्ध गराउने, निस्सा-प्रमाणको व्यवस्थापन गर्ने तथा सांस्कृतिक भूमिकाको सम्मान गर्दै संरक्षण-पुनर्निर्माण गर्न आवश्यक रहेको छ।

## ९.२. विशिष्ट समूह केन्द्रित छलफल (FGDs)

समुदायको धारणा र सामूहिक समाधानका उपायहरूको खोजीका लागि मिति २०८२ भदौ १२ गते आयोगको सभाकक्षमा विशिष्ट समूह केन्द्रित छलफलको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा आयोगका पदाधिकारीहरु, निवेदकहरू, स्थानीय टोलबासीका अगुवाहरू, नेवाः देय् दबूका पदाधिकारीहरू र नेवार समुदायका विज्ञहरू सहित २१ जनाको सहभागिता रहेको थियो । विशिष्ट समूह केन्द्रित छलफलबाट शहरी सम्पदाको जीवित अवयवको रूपमा रहेको नेवाः जोगी समुदायको सुरक्षित आवास, सांस्कृतिक निरन्तरता र सम्पदा व्यवस्थापनमा समान सहभागिता सुनिश्चित गर्नका लागि आयोगले नेपाल सरकारका तीन तह र सम्बन्धित सरोकारवाला निकायहरूमा नीतिगत सुझाव तथा सिफारिसहरू अघि सार्नुपर्ने निष्कर्ष निकालिएको थियो ।

यसैगरी बनेपा नगरपालिका वडा नं. ९ नाला स्थित वडा कार्यालयमा वडाका जनप्रतिनिधिहरू र कर्मचारीहरूका साथ आयोगका पदाधिकारी एवं कर्मचारीहरू बीचमा सतःछें बासिन्दाको समस्या र समाधानका विषयमा छलफल चलाइएको थियो । उक्त छलफलमा अध्ययन टोलीका संयोजक तथा आयोगका सदस्य मा. डा. मीनबहादुर श्रीस, मा. सदस्य सूर्यबहादुर गुरुङ, शाखा अधिकृत प्रतिष्ठा श्रेष्ठका साथै का.वा. वडा अध्यक्ष मिनषा तामाङ, वडा सदस्यहरु शोभा मिजार, गणेश सापकोटा, वडा सचिव सोमबहादुर थोकर सहित १० जनाको सहभागिता रहेको थियो । छलफलको क्रममा कार्यवाहक वडा अध्यक्ष र वडा सचिवले सत्तलमा बस्ने भूमिहिन तथा निजि स्वामित्वमा घरबास नभएका परिवारहरूका लागि नगरपालिकाले आवश्यक व्यवस्थापनका लागि तथ्यांक संकलन गर्ने र त्यस्ता परिवारका लागि भूमि आयोग मार्फत जग्गा दिलाउनका लागि पहल भइरहेको जानकारी गराउनु भएको थियो ।

सत्तलहरू प्राचीन स्मारक तथा सांस्कृतिक सम्पदा अन्तर्गत पर्ने भएकाले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ आकर्षित हुनजान्छ । त्यसकारण ऐनको व्यवस्थामा प्रतिकूल असर नपर्ने र सतःछें बासिन्दाहरूको नेपालको संविधान, आवासको अधिकार सम्बन्धी ऐन, २०७५ का साथै संयुक्त राष्ट्रसंघीय आदिवासी जनताको अधिकारसम्बन्धी घोषणा (UNDRIP) र ILO महासन्धि नं. १६९ सहितका अन्तर्राष्ट्रिय कानूनी प्रावधानहरू अनुरुपका आवासीय तथा परम्परागत सांस्कृतिक अभ्यासको अधिकारलाई पनि सम्मान

हुने गरी समाधानका उपायहरू सुझाउनका लागि पुरातत्व विभागका प्रतिनिधि र त्रिभुवन विश्वविद्यालय नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभागका विभागीय प्रमुख समेतको सहभागितामा आयोगमा छलफल कार्यक्रम सम्पन्न गरिएको थियो । मिति २०८२ कात्तिक २३ गते सम्पन्न उक्त छलफल कार्यक्रममा अध्ययन टोलीका संयोजक तथा सदस्य मा. डा. मीनबहादुर श्रीस, सदस्य मा. रीना राना, सदस्य मा. सूर्यबहादुर गुरुङ, सचिव बुद्धबहादुर गुरुङ, त्रि. वि. नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विभागका विभागीय प्रमुख डा. महेश कुमार आचार्य, पुरातत्व विभागका पुरातत्व अधिकृत करुणा नकर्मी, आयोगका शाखा अधिकृत दयाकृष्णा ढकालको उपस्थिति रहेको थियो । सो छलफल कार्यक्रममा नेवाः जोगी समुदायको परम्परागत सांस्कृतिक जिम्मेवारी र निजहरुको आवासीय हक हनन नहुने गरी आवश्यक व्यवस्था गर्न उपयुक्त हुने सम्बन्धमा निर्णय गरिएको थियो । सत्तल भनेको संस्कृति तथा पुरातात्विक सम्पदा भएकाले त्यसको मौलिक पहिचानलाई संरक्षण गर्दै त्यससँगै अन्तरसम्बन्धित सांस्कृतिक तथा संस्कारजन्य पक्षलाई पनि जोगाउनु आवश्यक हुन्छ । त्यसकारण पुस्तौंपुस्तादेखि सत्तलमा बसोबास गर्दै आएका एवं निजि स्वामित्वका घरजग्गा नभएकाहरूको हकमा सरकारले उनीहरूको लागि सुरक्षित आवासको व्यवस्था गर्नु पर्दछ । उनीहरूको लागि अन्यत्र सुरक्षित आवासको वैकल्पिक व्यवस्था गरिसकेपछि पनि उनीहरूलाई परम्परागत सत्तल र सम्बन्धित देवस्थलहरूसँगको अन्तरसम्बन्ध वा सांस्कृतिक तथा संस्कारजन्य भूमिकाबाट अलग्याउन हुँदैन । त्यो अभौतिक जीवन्त सांस्कृतिक सम्पदाको महत्वपूर्ण पक्ष हो । ऐतिहासिक रूपमा लिच्छवी तथा मल्ल कालदेखि नै यो समूहलाई सतःछें (सत्तलघर) अर्थात परम्परागत सांस्कृतिक विश्रामगृहहरूमा बसोबासका लागि स्थानीय समुदाय र राज्यले नै व्यवस्था गरेको थियो । टोल–टोलमा देवछें (देवता राख्ने घर) अर्थात देवस्थल निर्माण गरेपछि त्यसको सुरक्षा र व्यवस्थापनका लागि समाज र राज्यको तर्फबाट सतःछें (सत्तलघर) निर्माण गरी देवपाला (देवस्थल रक्षक) को नियुक्ति गर्ने परम्परा थियो । उनीहरूलाई देवापाला (देवता वा देवस्थलको रक्षक) तथा त्वा जन (टोलको मानिस वा टोलको रक्षक) भन्ने गरिन्थ्यो । त्यसकारण परम्परागत रुपमा सत्तलमा बस्दै आएका नेवाः जोगी समुदायलाई टोल समाज र राज्यले नै संरक्षण एवं उचित व्यवस्थापनको लागि आवश्यक पहल गर्नुपर्ने देखिन्छ ।

## १०. अदालतको रिट

तः धीमै जुगिनी उपनाम गरेको रुक्शना कपालीले उच्च अदालत पाटनमा दायर गरेको रिट नं. ०८१-WO-०९१४ को फैसलामा पाटन उच्च अदालतले "नेपालको संविधानको धारा ५१ (ग) तथा आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ समेतको आधारमा निवेदकको मागदावीको विषयमा अध्ययन गरी आयोगको अधिकारक्षेत्रको अधिनमा रही प्रतिवेदनमा औल्याइएका आदिवासी जनजातिका हक अधिकारसम्बन्धी विषयहरु उपर आवश्यक विचार गर्नु भनी विपक्षी आदिवासी जनजाति आयोगको पुल्चोक

ललितपुरको नाममा परमादेश जारी हुने ठहर्छ ।" भनी मिति २०८२।०४।२१ मा आयोगको कार्यालयमा आदेशको प्रतिलिपि सहित उच्च सरकारी वकील कार्यालय मार्फत पत्र पठाएको छ । सो आदेशको पूर्ण रुपमा कार्यान्वयन गरी गराई यथाशीघ्र सो को जानकारी यस निर्देशनालयमा दिनुहुन अनुरोध गरिन्छ भनी मिति २०८२।०४।२७ च.नं. २०८२।०८३ मा सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयले आयोगलाई पत्र पठाएको देखिन्छ । यसैगरी सुनिल कपालीले मिति नेपाल संवत ११४५ यंला ४ गते आदिवासी जनजाति आयोगमा दर्ता गराएको आदिवासी अधिकारको रक्षा गरिपाउँ विषयक निवेदनमा आफू बसोबास गरी आएको सत्तलको निजि स्वामित्वको पूर्जा जिल्ला अदालत काठमाडौंले मिति २०६९।०६।०९ को फैसलाबाट बदर गरे तापनि भोगाधिकार कायमै रहने ठहर गरेको खुलाएको देखिन्छ ।

यिनै फैसला एवं परमादेशको आदेशहरुको अध्ययन तथा विश्लेषणबाट परम्परागत रुपमा सत्तलमा बसोबास गर्दै आएका नेवाः जोगी समुदायको सत्तलको भोगाधिकारको रक्षा, नेपालको संवैधानिक व्यवस्था अनुसारको आवासीय अधिकार र सांस्कृतिक अभ्यासको अधिकारलाई कायम राख्नका लागि आयोगले नेपाल सरकार र सम्बन्धित निकायहरुलाई आवश्यक सिफारिस गर्नुपर्ने देखिन्छ ।

## ११. प्राप्ति (Findings)

यस अध्ययनमा संकलित तथ्यांकहरूको विश्लेषणबाट परम्परागत रुपमा सत्तलमा बसोबास गर्दै आएका नेवाः जुगी समुदायले देहायबमोजिमका अवस्था र समस्याहरूको सामना गरिरहेको वास्तविकता पत्ता लागेको छः

**क. परम्परागत आवास अधिकारबाट बञ्चितिः-** नेवाः जोगी समुदाय विशेषगरी कपाली, दर्शन्धारी र कुस्ले समूहले ऐतिहासिक रूपमा सतःछें (सत्तल घर) लाई आवासीय र सांस्कृतिक दुवै स्थानका रूपमा प्रयोग गर्दै आएका छन्। तर प्राचीन स्मारक संरक्षण ऐन, २०१३ ले सतःछें (सत्तलघर) लाई प्राचीन स्मारक अन्तर्गत राखेको हुँदा नेवाः जोगी समुदायले आफ्नो परम्परागत आवास अधिकार गुमाउनु पर्ने अवस्था सिर्जना भएकोछ । वि. सं. २०७२ सालको भूकम्पले अधिकांश सतःछें भत्काएपछि उनीहरू त्यहाँबाट बिस्थापित भएका थिए । पुनःनिर्माण पछि स्थानीय तहले उनीहरूलाई सतःछें प्रयोग गर्न दिएको छैन। आंशिक क्षति पुगेका तर जिर्ण अवस्थामा रहेका सत्तलहरूमा बसोबास गर्दै आएका जुगी परिवारलाई पनि सत्तल छोड्न दबाब रहेको छ । फलस्वरूप, अधिकांश जोगी परिवारहरू निरन्तर विस्थापनको डरमा बाँचिरहेका छन् ।

**ख. परम्परागत धार्मिक–सांस्कृतिक अन्तरसम्बन्धबाट विच्छेदः-** सतःछें केवल भौतिक संरचना मात्र होइनन्, ती जोगी समुदायको धार्मिक कर्तव्य, सामाजिक अभ्यास र पुख्यौंली सम्पदासँग

गहिरो रूपमा सम्बन्धित पवित्र स्थलहरू हुन्। तर सतःछेँबाट नेवाः जुगी समुदायको विस्थापनले परम्परागत विधिहरू, सामुदायिक भेला र पुस्तान्तरणमार्फत हुने सांस्कृतिक ज्ञानको निरन्तरतालाई कमजोर पारेको छ।

ग. **सामाजिक–आर्थिक रुपमा सीमान्तीकरणः-** नेवाः जोगी समुदायले बहुआयामिक बहिष्करणको सामना गरिरहेको छ । आर्थिक रूपमा कमजोर, सीमित शैक्षिक अवसर र निर्णय प्रक्रियामा न्यून प्रतिनिधित्वको अवस्था रहेकोछ । उनीहरूको अनिश्चित आवास अवस्थाले गर्दा आर्थिक असुरक्षा बढाएको छ भने सरकारी सेवा सुविधा र लाभको अवसरबाट बञ्चितिको अवस्थामा पुर्याएको छ ।

घ. **आधारभूत स्वच्छ र स्वस्थ वातावरणीय आवासबाट बञ्चितिः-** तीव्र सहरीकरणसँगै खुल्ला स्थानहरूको अभाव हुनुका साथै सार्वजनिक तथा गुठी अन्तर्गतका जमिनहरू अतिक्रमणमा परेर रैकरमा परिणत भएका छन् । सत्तलहरू अहिले चारैतिर बनेका व्यक्तिगत तथा संस्थागत वा सार्वजनिक भवनहरू र बाटोको बीचमा च्यापिएर वा घेरिएर रहेको अवस्था छ । अव्यवस्थित सहरीकरणको प्रत्यक्ष प्रभाव परम्परागत रुपमा सत्तलमा बस्दै आएका नेवाः जुगी समुदायमा परेको छ । शौचालय, पिउने पानीको धारो र खुल्ला स्थानको अभाव रहेको छ । परम्परागत सतःछेंहरूको भूइँतला खुल्ला र माथिल्लो तलामा आबास हुने तथा भिरालो छानो हुने भएकाले शौचालय बनाउन सम्भव हुँदैन । सत्तलमा बस्दै आएका नेवाः जुगी समुदायको निजि घर वा सम्पत्ति नहुने भएकाले सन्तान दरसन्तान थपिदै जाँदा सीमित र अस्वस्थकर वातावरणमा कोचिएर बस्नुपर्ने बाध्यात्मक अवस्था रहेको देखिन्छ ।

ङ. **कानुनी तथा नीतिगत कमजोरीहरूः-** नेपालले UNDRIP (२००७) र ILO सन्धि नं. १६९ (१९८९) जस्ता अन्तर्राष्ट्रिय दस्तावेजहरू अनुमोदन गरेको र संविधानमा पनि आदिवासी जनजातिका अधिकारहरूको सुनिश्चितता गरिएको भए पनि नेवाः जोगी समुदायको सतःछेंमाथिको परम्परागत स्वामित्व वा संरक्षकत्वलाई मान्यता दिने स्पष्ट राष्ट्रिय नीतिको व्यवस्था र कार्यान्वयन गर्ने संयन्त्रहरूको निर्माण गरिएका छैनन्। *UNDRIP* को धारा २६ ले आदिवासी जनतालाई उनीहरूले परम्परागत रूपमा स्वामित्व, उपयोग वा बसोबास एवं उपभोग गर्दै आएका भूमिमा अधिकार सुनिश्चित गर्दछ (United Nations, 2007)। *ILO Convention No. 169* को धारा १४ ले आदिवासी भूमिसम्बन्धी अधिकारको मान्यता र संरक्षण अनिवार्य गर्दछ । साथै भूमि दावीसम्बन्धी विवाद समाधानका लागि

संयन्त्र निर्माण गराउन राज्यलाई बाध्य पार्दछ (International Labour Organization [ILO], 1989/2007)। नेपालको संविधान, २०७२ को धारा ३७ (१) ले प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक प्रदान गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को उपदफा (४) झ (१) र (२) मा सुकुम्बासी सम्बन्धी जिविकोपार्जन र बसोबास व्यवस्थापन गर्ने जिम्मेवारी पालिकालाई प्रदान गरिएकोछ । अन्तर्राष्ट्रिय महासन्धि तथा अभिसन्धिहरूको अनुमोदन गर्नुका साथै नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा समेत स्पष्ट रुपमा प्रत्येक नागरिकलाई उपयुक्त आवासको अधिकार सुनिश्चित गरिएको भए पनि आदिवासी जनजातिप्रति राज्यको क्रियाकलाप एवं व्यवहार भने विरोधाभास पूर्ण रहेको देखिन्छ ।

च. अभिलेखीकरण र चेतनाको अभावः- नेवाः जोगी समुदायको सतःछेंसँगको ऐतिहासिक सम्बन्धबारे शैक्षिक वा संस्थागत रूपमा पर्याप्त पहिचान गरिएको छैन। उनीहरूको बसोबास अभिलेख र कानुनी दर्ताको अभावले गर्दा सतःछें (सत्तल घर) लाई सरकारी निकाय, गैरसरकारी संघसंस्था, स्वार्थ समूह एवं अन्य समुदायले प्राचीन सम्पदाको रुपमा मात्र व्याख्या एवं दावी गर्न सजिलो भएको छ।

छ. न्यायिक दृष्टान्तः- विभिन्न व्यक्ति तथा संस्थाले फरकफरक समयमा नेवाः जोगी समुदायको सतःछें (सत्तल घर) माथिको परम्परागत आबासीय अधिकारको सुरक्षाको निम्ति पाटन उच्च अदालत र सर्वोच्च अदालतमा दायर गरेका रिट निवेदनहरू माथिको सुनुवाई गर्दै उनीहरूलाई आवासीय अधिकारबाट बञ्चित नगर्न तथा आवासको लागि वैकल्पिक व्यवस्था गर्नका लागि सम्बन्धित सरकारी तह तथा निकायलाई परमादेश जारी गर्नुका साथै आदिवासी जनजाति आयोगलाई समेत कानुनी परिधिभित्र रहेर सरकारलाई आवश्यक सिफारिस गर्न परमादेश जारी गरेको देखिन्छ ।

## १२. निष्कर्ष (Conclusion)

नेवाः समुदायको जोगी समूह लिच्छवीकालदेखि नै परम्परागत सांस्कृतिक विश्रामगृह सतःछेंमा बसोबास गर्दै आएको भए पनि प्राचीन स्मारक संरक्षण ऐन, २०१३ को कार्यान्वयन तथा तीव्र शहरीकरणका कारण विस्थापित हुने अवस्थामा पुगेको छ । उपत्यका बाहिरबाट ठूलो संख्यामा मानिसहरूको आगमनले व्यक्तिगत खेतीयोग्य जमिनहरू आवासीय क्षेत्रमा परिणत हुन पुगे भने सार्वजनिक जमिनहरू अतिक्रमणमा पर्न गए । परम्परागत नेवारी

संस्कृतिमा समेत समसामयिक परिवर्तनहरू देखापर्न थाले । त्यसैको परिणाम स्वरुप नेवाः जोगी समूहको धार्मिक तथा सांस्कृतिक भूमिका र अन्तरसम्बन्धमा पनि समस्या सिर्जन हुनगयो । धार्मिक तथा सांस्कृतिक सम्पदा क्षेत्रको अतिक्रमणका साथै सघन र अव्यवस्थित शहरीकरणको प्रत्यक्ष प्रभाव सतछैं बासिन्दा नेवाः जोगी समूहमा पर्न गयो । वि. सं. १९१० देखि २०२० सालसम्म कार्यान्वयनमा रहेको पुरानो मुलुकी ऐनले खस-आर्य समुदायको जोगी समूहलाई तागाधारी अन्तर्गतको क्षेत्री समूहभित्र राखेर उच्च सम्मान दिएको थियो भने आदिवासी जनजाति नेवार समुदायभित्रको कुस्ले, दर्शनधारी, कपाली आदि जोगी समूहलाई विभेद गरेको थियो । त्यसकारण नेवाः जोगी समूह बिगतदेखि वर्तमानसम्म बहुआयामिक बहिष्करण र विभेदमा पर्दै आएको देखिन्छ ।

नेवाः जोगी समूहको सतःछैंसँग ऐतिहासिक, सांस्कृतिक र आध्यात्मिक सम्बन्ध रहिआएको भए पनि राज्य र समुदायले सकारात्मक रूपमा व्यवहार गर्न सकेको छैन । नेपालको संविधान (२०७२), स्थानीय सरकार सञ्चालन ऐन (२०७४) तथा संयुक्त राष्ट्रसंघीय आदिवासी जनजातिको अधिकारसम्बन्धी घोषणा (UNDRIP, २००७) र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ (१९८९) ले आदिवासी जनजातिहरूको आवास, संस्कृति र सहभागिताको अधिकार सुनिश्चित गरेको भए पनि नेवाः जोगी समूहलाई पुनःस्थापना र सम्पदा व्यवस्थापन कार्यक्रमहरूबाट बाहिरै राखिएको छ। नेपालको संविधान र अन्तर्राष्ट्रिय अभिसन्धि तथा महासन्धि अनुरुपको कानुन, नीति, कार्ययोजना तथा संयन्त्रहरूको अभावले गर्दा नेवाः जोगी समूह गम्भीर समस्यामा पारिएका छन् । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पालिकालाई प्राचीन स्मारक एवं सम्पदाहरूको संरक्षण गर्ने र घरबार विहिन सुकुम्बासीहरूको जिविकोपार्जन र बसोबास व्यवस्थापन गर्ने जिम्मेवारी समेत दिएको भए पनि कार्यान्वयनको पक्षमा ध्यान जान सकेको छैन । सतछैं बासिन्दाले २०६७ सालमा जिल्ला अदालत काठमाडौंमा दायर गरेको DP-१४६७ समतेको मुद्दाको २०६९ असोज ९ मा भएको फैसलामा उनीहरूको भोगाधिकारलाई कायम राखेको देखिन्छ । यसैगरी मिति २०८०।०८।१९ मा सतछैं बासिन्दाले आदिवासी जनजाति आयोगमा समेत समस्या समाधानका निम्ति निवेदन पेश गरेको र उक्त निवेदन उपर कार्वाही नभएको भनी पाटन उच्च अदालत र सर्वोच्च अदालतमा रिट दायर गरेको देखिन्छ । अदालतले आदिवासी जनजाति आयोगको नाममा संविधानको धारा ५१ (ग) तथा आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ समेतको आधारमा निवेदकको मागदाबीको विषयमा

अध्ययन गरी आयोगको क्षेत्राधिकारको अधिनमा रही आदिवासी जनजातिका हक अधिकारसम्बन्धी विषय उपर विचार गर्नु भनी परमादेश जारी गरेको देखिन्छ ।

नेवाः जोगी समूहको वर्तमान अवस्थालाई विश्लेषण गर्दा उनीहरूको परम्परागत आवासीय अधिकार मात्र होइन सांस्कृतिक अस्तित्व पनि संकतमा परेको छ । कमजोर आर्थिक अवस्थाका कारण शिक्षा, स्वास्थ्य, रोजगारी लगायत सामाजिक समावेसिकरणको अवसरबाट समेत बञ्चितिमा परेका छन् । उनीहरूलाई आदिवासी आवास अधिकार र सांस्कृतिक पहिचानको अधिकारबाट बञ्चितिकरण र सिमान्तिकरणको अवस्थातर्फ पुर्याउने परिस्थितिको सिर्जना भइरहेको छ । शताब्दीयौंदेखि उनीहरूले पालन गर्दै आएको सांस्कृतिक पारिस्थितिक प्रणाली पनि विच्छेद हुन लागेको छ । नेवाः जोगी समुदायलाई परम्परागत सांस्कृतिक रुपमा टोलका रक्षक मानिएकाले उनीहरूको भौतिक विस्थापनले नेवाः अभौतिक सांस्कृतिक सम्पदामा समेत गम्भीर क्षति पुग्न जान्छ । जोगी समुदायप्रति न्याय सुनिश्चित गर्नका लागि केवल कानूनी संरक्षण पर्याप्त छैन । यसको लागि तिनीहरूको पहिचान र जीवित सम्पदालाई काठमाडौं उपत्यकाको शहरी इतिहासको अविभाज्य अङ्गका रूपमा मान्यता दिनु पनि आवश्यक छ। त्यसैले नेवाः जोगी समुदायका परम्परागत अधिकार संरक्षणका लागि राज्यका सरोकारवाला अंग, तह, निकायहरू र स्थानीय समुदायहरूले सकारात्मक र सक्रिय पहल गर्न अत्यावश्यक छ। उनीहरूको आवासीय अधिकारको संरक्षण गर्न र तिनीहरूको आवाजलाई सम्पदा संरक्षण र शहरी नीतिगत संरचनामा समावेश गर्न तुरुन्त कदम चालिनु पर्दछ ।

## १३. सुझाव / सिफारिसहरू

शहरी सम्पदाको जीवित अवयवको रूपमा रहेका नेवाः जोगी समुदायको सुरक्षित आवास, सांस्कृतिक निरन्तरता र सम्पदा व्यवस्थापनमा समान सहभागिता सुनिश्चित गर्नका लागि देहायवमोजिमका सहभागितामूलक, समावेशी र सम्पदा अधिकारमा आधारित नीतिगत सुझाव तथा सिफारिसहरू अघि सारिएका छन्:-

क. परम्परागत संरक्षकत्वको कानूनी मान्यता:- प्राचीन स्मारक संरक्षण ऐन, २०१३ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्राचीन स्मारक एवं सम्पदाहरूको संरक्षण र बसोबास व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको हुँदा नेवाः जोगी समुदायको समस्या सम्बोधन गर्न तथा उनीहरूको सतः छेंसँगको ऐतिहासिक र सांस्कृतिक सम्बन्धलाई मान्यताको लागि सम्बन्धित स्थानीय तहले नै आवश्यक नीति, कार्यविधि तथा कानुन बनाएर कार्यान्वयन गर्नु पर्दछ । अदालतको फैसलाले सतःछेंमाथिको उनीहरूको

भोगाधिकारलाई कायम राखेको हुँदा परम्परागत संरक्षकत्वको कानूनी मान्यता कायम रहने देखिन्छ । यसका लागि सम्बन्धित स्थानीय तहले परम्परागत धार्मिक तथा सांस्कृतिक सम्पदा संरक्षण अभिभारा सहितको भोगाधिकारको लागि सामुदायिक स्वामित्व मोडेल (community-based ownership models), सम्पदा ट्रस्ट (heritage trust), आदिवासी सम्पदासम्बन्धी दीर्घकालीन अधिकार (long-term tenancy rights) जस्ता बैकल्पिक आवासीय व्यवस्था गर्न सक्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को उपदफा (४) झ (१) र (२) को आधारमा सतःछेंबाट विस्थापित नेवाः जोगी परिवारलाई सम्बन्धित स्थानीय तहले स्वामित्वको अधिकार सहितको घरबासको बैकल्पिक व्यवस्था गर्न सक्दछ ।

ख. संविधान प्रदत्त आवास र स्वच्छ वातावरणको हकको सुनिश्चितताः- संविधानको धारा ३० मा प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक तथा धारा ३७ मा प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ भन्ने उल्लेख गरिएको छ । परम्परागत रुपमा सत्तलमा बस्दै आइरहेका र वि. सं. २०७२ को भूकम्पपछि विस्थापित बनेका नेवाः जुगी समुदाय संविधान प्रदत्त उक्त अधिकारबाट बञ्चित रहेका छन् । त्यसकारण स्थानीय तह र प्रदेश सरकारले समस्यामा रहेका नेवाः जुगी समुदाको लागि तत्काल बैकल्पिक र दिगो आवासीय व्यवस्था गर्नु पर्दछ । अर्कोतर्फ काठमाडौं, पाटन र भक्तपुरका सहरको भित्री भागमा बसोबास गर्ने बाहेक अधिकांश नेवाः जुगी समुदाको घरमा शौचालय र पिउने पानीको धारोको व्यवस्था नभएको चरम सहरी गरिवीको मारमा बाँचिरेको हुँदा स्थानीय नगरपालिका र अन्य सङ्घ संस्थाहरूले सहयोग र सहकार्यमा व्यवस्था गरिदिनु पर्ने देखिन्छ ।

ग. सम्पदा व्यवस्थापन प्रक्रियामा सहभागिताः- सतःछें लगायत स्थानीय सांस्कृतिक सम्पदाहरूको संरक्षण, व्यवस्थापन र प्रयोग प्रक्रियामा नेवाः जोगी समुदायलाई सक्रिय रूपमा सहभागी गराउने participatory model अपनाउनुपर्छ। जसले गर्दा उनीहरूको सांस्कृतिक पहिचानका मूर्त र अमूर्त दुवै पक्षहरू सुरक्षित रहनेछन् ।

घ. आदिवासी अधिकारलाई शहरी नीतिसँग एकीकृत गर्ने:- महानगरपालिका तथा नगरपालिकाहरूले शहरी विकास तथा सम्पदा संरक्षण नीतिहरूलाई संयुक्त राष्ट्रसंघीय आदिवासी अधिकार घोषणा (UNDRIP) र आईएलओ महासन्धि नं. १६९ अन्तर्गत नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग अनुकूल बनाउनुपर्छ। काठमाडौं उपत्यकाजस्ता

शहरी सम्पदा क्षेत्रहरूमा आदिवासी आवास र सांस्कृतिक स्थानको सुरक्षा गर्न विशेष दिशानिर्देशहरू तयार गर्न आवश्यक छ।

ङ. सामाजिक–आर्थिक सशक्तिकरणका कार्यक्रमहरू:- नेवाः जोगी समुदायको घरपरिवारहरूलाई लक्षित गरी उनीहरूको जीवनस्तर सुधार्नका लागि सीप विकास, स्वरोजगार र शैक्षिक अवसरमा आधारित कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ । उनीहरूको आर्थिक र शैक्षिक अवस्थामा सुधार आउने क्रमसँगै अनौपचारिक वा असुरक्षित आवासमा निर्भरता स्वतः हटेर जान्छ ।

च. दस्तावेजीकरण, अनुसन्धान र जनचेतना कार्यक्रम:- विश्वविद्यालय, प्रज्ञा-प्रतिष्ठान र सांस्कृतिक सम्पदासँग सम्बन्धित निकायहरूले नेवाः जोगी समुदाय तथा सतःछेंको ऐतिहासिक, सांस्कृतिक र वास्तुकला पक्षको अध्ययन अनुसन्धान एवं दस्तावेजीकरण गर्नुपर्दछ । यस्ता कार्यले उनीहरूसँग सम्बन्धित अमूर्त सांस्कृतिक सम्पदाहरूको पहिचान र संरक्षण हुनुका साथै नेवाः जोगी समुदायप्रति समाजको सकारात्मक तथा सहयोगी दृष्टिकोणको विकास हुन्छ । जागरण अभियान, प्रदर्शनी र सञ्चार माध्यमका जनचेतना कार्यक्रमहरूबाट काठमाडौं उपत्यकाको नेवाः संस्कृतिमा यो समुदायको भूमिका बारे प्रकाश पार्नु पर्दछ । यस प्रकारका कार्यक्रमहरूले नीतिगत सुधार र सामुदायिक अधिकारको सुरक्षा गर्न बलियो प्लेटफर्म निर्माण गर्न सक्छ।

छ. समन्वय र अनुगमन:- आदिवासी अधिकार र सतःछें जस्ता ऐतिहासिक सम्पदाहरूसँग सम्बन्धी विवादहरूको न्यायपूर्ण समाधान गर्न तथा आवश्यक सहयोग जुटाउनका लागि आदिवासी जनजाति आयोग, पुरातत्व विभाग र स्थानीय सरकारका प्रतिनिधिहरू सम्मिलित बहुपक्षीय अनुगमन एवं समन्वय समिति गठन गर्नुपर्छ ।

## नेपाल सरकारलाई आयोगको सिफारिस र सिफारिसका आधारहरु

आदिवासी जनजाति जुगि समुदायको निवेदन र सम्मानित उच्च अदालत पाटनको निर्देशनको पालना गर्दै आदिवासी जनजाति आयोगले गरेको अध्ययन प्रतिवेदनको सिफारिस र सिफारिस कार्यान्वयनको आधारहरु निम्न बमोजिम रहेका छन्:

१. अन्तर्राष्ट्रिय आधार

अन्तर्राष्ट्रिय श्रम सम्बन्धी महासन्धि नं १६९ लाई नेपालले अनुमोदन गरेको छ । महासन्धिको भाग २ धारा १३-१९ मा आदिवासी जनजाति समुदायको भूमि सम्बन्धी अधिकारको व्यवस्था गरिएको छ । जस अनुसार धारा १३ (१) मा यो महासन्धिको व्यवस्था लागू वा कार्यान्वयन गर्दा सम्बन्धित देशको सरकारले सम्बन्धित जनताको संस्कृति र आध्यात्मिक मूल्यको लागि उनीहरुले ओगटेको वा प्रयोग गरेका भूमि तथा भू-क्षेत्रसँग निजहरुको सम्बन्धको सामुहिक पक्षको विशेष महत्वलाई सम्मान गर्नु पर्ने व्यवस्था गरिएको छ ।

धारा १४ (१) मा परम्परागत रुपमा आदिवासी जनजाति समुदायले ओगट्दै आएको भूमिमा निजहरुको स्वामित्व र भोगाधिकारलाई मान्यता दिइने र यसको अतिरिक्त एकलौटी रुपमा नओगटेका तर जीविकोपार्जन र परम्परागत गतिविधिको लागि पहुँच प्राप्त भूमि प्रयोग गर्ने अधिकारको रक्षा गर्न सरकारले उपयुक्त उपाय अपनाउनु पर्ने व्यवस्था छ ।
धारा १५ (१) मा आदिवासी जनजातिको भूमि सम्बन्धी अधिकारलाई सुरक्षित गर्नु पर्ने र श्रोतको उपयोग, व्यवस्थापन र संरक्षणमा सहभागि हुन पाउने आदिवासी जनजाति समुदायको अधिकारको सुनिश्चित गरिएको छ ।

महासन्धि नं १६९ को धारा १६ मा भूमि तथा प्राकृतिक श्रोत साधनबारे निम्न प्रावधान गरिएको छः

(क) उनीहरुले ओगटेको भूमिबाट निजहरुलाई हटाइने छैन,

(ख) अपवादमा उनीहरुलाई ठाउँसारी आवश्यक देखिएमा उनीहरुको स्वतन्त्र र जानकारी सहितको सहमति लिएर मात्र ठाउँसारी गरिने,

(ग) तर, सहमति प्राप्त गर्न नसकिने भए मात्र राष्ट्रिय कानून र नियमबाट स्थापित उपयुक्त कार्यविधि अवलम्बन गरेर ठाउँ सारिने।

धारा १८ मा सम्बन्धित जनता, आदिवासी जनजाति समुदायको भूमिको अनधिकृत अतिक्रमण वा भोग चलन गरे सरकारले दण्ड सजाएको व्यवस्था गर्नु पर्ने व्यवस्था छ ।
हाम्रो देश नेपाल पनि संयुक्त राष्ट्रसंघको एक सदस्य राष्ट्र भएकोले संयुक्त राष्ट्रसंघको घोषणाहरु अन्तर्राष्ट्रिय कानून सरह लागु गर्नु पर्ने हाम्रो सरकारको अन्तर्राष्ट्रिय दायित्व हुन्छ । आदिवासी जनजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा पत्र २००७ ले आदिवासी जनजातिको भूमि सम्बन्धी निम्न व्यवस्था गरेको छः

घोषणा पत्रको धारा २६ (१) मा आदिवासी जनजाति समुदायले परम्परादेखि स्वामित्वमा राखेको र प्रयोग गर्दै आएको भूमि माथि उनीहरुको हक अधिकार हुने उल्लेख गरिएको छ । उपधारा (२) अनुसार परम्परागत स्वामित्व वा अन्य कारणबाट आदिवासी जनजातिसँग रहेको भूमि क्षेत्र तथा संसाधनको स्वामित्व पाउने, प्रयोग गर्ने अधिकार र उपधारा (३) मा त्यस्तो भूमिलाई सरकारले कानूनी मान्यता प्रदान गर्नु पर्ने व्यवस्था छ । धारा २८ (१) मा परम्परागत रुपमा हासिल गरेको वा अन्य ढंगबाट प्रयोग गरेको भूमि कसैले कब्जा वा नष्ट गरे क्षतिपूर्ति पाउने व्यवस्था उल्लेख गरिएको छ ।

## २. संवैधानिक तथा कानूनी आधार

हाम्रो संविधानको प्रस्तावनामा बहुजातीय, बहुभाषिक र बहुसाँस्कृतिक विविधतालाई सम्मान गर्ने र यसको आधारमा कसैलाई पनि विभेद नगर्ने उल्लेख गरिएको छ । त्यसैगरी धारा ३७ को आवास सम्बन्धी हकमा प्रत्येक नागरिकलाई आवासको हक हुने उल्लेख गर्दै कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाउने वा अतिक्रमण गरिने छैन भन्ने व्यवस्था छ । धारा ५० (२) को राज्यको निर्देशक सिद्धान्तमा पनि धर्म, संस्कृति, संस्कार, प्रथा परम्परा र प्रचलनमा भएका सबैखाले अन्याय र विभेदको अन्त्य गरी सभ्य र सुसंस्कृत समाजको निर्माण गर्ने राज्यको प्रतिवद्धता रहेको उल्लेख गरिएको छ ।

## ३. आयोगको सिफारिस

माथि उल्लेखित राष्ट्रिय अन्तर्राष्ट्रिय कानून तथा सन्धि, महासन्धि, सम्झौता र घोषणा पत्रको आधारमा जुगि आदिवासी जनजाति समुदायको उचित व्यवस्थापन गर्दै उनीहरुको आवास सम्बन्धी संवैधानिक तथा कानूनी हक अधिकार प्रत्याभुत गराउनको लागि नेपाल सरकारलाई आदिवासी जनजाति आयोग निम्न सिफारिस गर्दछः

क) नेपालको संविधान २०७२ को प्रस्तावनामा व्यवस्था भएको सबै नागरिकलाई समानताको अधिकार, आवास सम्बन्धी धारा ३७ (१) र (२) मा भएको अधिकार, राज्यको निर्देशक सिद्धान्त धारा ५० (२) मा गरिएको राज्यको प्रतिवद्धता, अन्तर्राष्ट्रिय श्रम सम्बन्धी महासन्धि नं. १६९ को धारा १३-१९ मा व्यवस्था भएको आदिवासी जनजाति समुदायले परम्परागत रुपमा उपभोग गर्दै आएको भूमि सम्बन्धी अधिकार र आदिवासी जनजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७ को धारा २६-२८ मा उल्लेख गरिएको आदिवासी जनजातिको भूमि सम्बन्धी अधिकारको पालना र कार्यान्वयन गर्दै आदिवासी जनजाति जुगि समुदायको बसोबासको हक सुनिश्चित गराउने ।

ख) सिफारिस नं १ को कार्यान्वयन गर्न बाधा अड्चनको अवस्था भए मौजुदा कानून, नीति, नियमको संसोधन तथा खारेजी र आवश्यक भए नयाँ कानून निर्माण गर्ने ।

ग) आयोगको सिफारिस कार्यान्वयनको लागि सङ्घीय सरकार अन्तर्गतका सम्बन्धित विभाग तथा निकायलाई निर्देशन र प्रदेश तथा स्थानीय सरकारसँग आवश्यक समन्वय गर्ने

## सन्दर्भ सामग्री


Bhattachan, K. B. (2012). *Indigenous Peoples and Minorities of Nepal: Towards an Inclusive Democracy*. Kathmandu: NEFIN.

Bhattachan, K. B., Sunar, T. B., & Gauchan, D. (2013). *Caste-Based Discrimination in Nepal: A Study of Dalits and Marginalized Communities*. Kathmandu: UNDP.

Dahal, D. R. (2020). *Urban Marginality and Indigenous Rights in Nepal: Challenges of Policy Implementation*. Journal of Development Studies, 17(2), 45–63.

High-Level Task Force on Revision of the List of Indigenous Peoples. (2008). *Report of the High-Level Task Force on Revision of the List of Indigenous Peoples*. Government of Nepal.

https://doa.gov.np/content/9761/9761-the-ancient-monument-protectio/प्राचीन स्मारक संरक्षण ऐन, २०१३

https://lawcommission.gov.np/content/12760/12760-local-government-regu-/ स्थानीय सरकार सञ्चालन ऐन, २०७४

https://lawcommission.gov.np/content/12202/12202-the-right-to-housing-act-2075/ आवासको अधिकार सम्बन्धी ऐन, २०७५

International Labour Organization (ILO). (1989). *Convention No. 169 concerning Indigenous and Tribal Peoples in Independent Countries*. Geneva: ILO.

International Labour Organization. (1989/2007). *Indigenous and Tribal Peoples Convention, 1989 (No. 169)*. Adopted June 27, 1989; ratified by Nepal in 2007. https://www.ilo.org

Indigenous Nationalities Commission Act, 2017. Government of Nepal.

Korn, Wolfgan. (1976, Rprint 2014). *The Traditional Architecture of the Kathmandu Valley*. Kathmandu: Ratna Pustak bhandar.

Lawoti, M., & Hangen, S. (2013). *Nationalism and Ethnic Conflict in Nepal: Identities and Mobilization after 1990*. Routledge.

Limbu, S. (2017). *Writ Petition No. 074-WO-0053*. Office of the Prime Minister and Council of Ministers, Kathmandu.

National Foundation for the Upliftment of Indigenous Peoples/Tribes Act, 2058 (2002). Government of Nepal.

Nepal Constitution (2015). *Constitution of Nepal 2015*. Kathmandu: Government of Nepal.

Pradhan, R. (2016). *Urban Poverty and Informal Settlements in Kathmandu Valley*. Nepal Institute for Policy Studies.

Shrestha, P. (2015). *Social Exclusion and Urban Poverty in Nepal: A Case Study of Informal Settlements*. Tribhuvan University Journal, 35(1), 101–120.

Tamang, S. (2018). *Gender, Caste, and Class in Urban Nepal: Structural Inequality and Policy Responses*. Social Inclusion Review, 5(3), 55–74.

Ulrike, Muller-Boker. (1988). *Spatial Organization of a Caste Society: The Example of the Newar in the Kathmandu Valley, Nepal*. Mountain Research and Development, 8(1), 23–31.

United Nations (2007). *United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP)*. New York: United Nations. https://www.un.org

आदिवासी जनजाति आयोग. (२०८१). सूचिकृत आदिवासी जनजाति समुदायको थर. ललितपुरः आदिवासी जनजाति आयोग ।

उच्च अदालत पाटन संयुक्त इजलास. (२०८१). *निवेदक तः धीमैं जुगिनी उपनाम गरेको रुक्शना कपाली, विरुद्ध आदिवासी जनजाती आयोग सम्बन्धी उत्प्रेषण/ परमादेश आदेश* (निर्णय नं. ५११, र.नं. ०७-०८१-०३२१७, मुद्दा नं. ०८१-WO-०९१४). पाटन: उच्च अदालत पाटन।

कपाली, रूक्शना (तःधीमैं जुगिनी). (*२०७९ फागुन ३*). सम्पदा संरक्षणका नाममा आफ्नै घरबाट लखेटिँदै जुगि जाति. *सेतोपाटी* । Retrived from https://www.setopati.com/opinion /294467

कपाली, रुक्शना. (२०८०, मंसिर १९). *आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ बमोजिम नेवाः जाति अन्तर्गतिका जुगि समुदायको सतःछें (सत्तलघर) आवसीय अधिकार सम्बन्धी समस्याको जाँचबुझ गरी समाधान गरिदिन अनुरोध सम्बन्धी निवेदन (दर्ता नं. ६८)* , ललितपुरः आदिवासी जनजाति आयोग।

कपाली, लक्ष्मीप्रसाद, कपाली, राजु र कपाली, सुनिल. (२०५६). *कपालीः संक्षिप्त परिचय.* काठमाडौं: युवा कपाली समिति ।

कानुन किताब व्यवस्था समिति. (२०७५). नेपालको संविधान. काठमाडौं: नेपाल सरकार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ।

कानुन किताब व्यवस्था समिति. (२०७९). नेपाल ऐन सङ्ग्रह खण्ड ११. काठमाडौं: नेपाल सरकार कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय ।

कुँवर, धन बहादुर. (२०६२). काठमाडौं उपत्यकाका कुसले जातिको सामाजिक तथा धार्मिक जीवन र परिवर्तनका स्वरूपहरू. (अप्रकाशित विद्यावारिधि शोधप्रवन्ध). त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।

## परिशिष्ट

**परिशिष्ट १: प्रश्नावली**

### सतः छ्वँ (सत्तलघर) बासिन्दाः समस्या र समाधानका उपायहरू

(काठमाडौं उपत्यकाका नेवाः जोगी समुदायको सामाजिक-सांस्कृतिक र कानुनी चुनौतीहरूमा आधारित अध्ययन)

आदिवासी जनजाति आयोग, पुल्चोक, ललितपुर

***क. अन्तर्वार्ता प्रश्नावली (सतछ्वँ : बासिन्दाका लागि)***

**१. पृष्ठभूमि विवरण**

१.१ नाम:

१.२ उमेर: लिङ्ग:

१.३ पेशा:

१.४ परिवार सदस्य संख्या:

१.५ सतःछ्वँमा बसोबास गरेको अवधि: वर्ष: पुस्ताः

१.६ ठेगाना: पालिका: वडाः टोलः

**२. ऐतिहासिक र सांस्कृतिक पक्षहरू**

२.१ यो सतःछ्वँको इतिहास र तपाईंको परिवारको सम्बन्धबारे बताउन सक्नुहुन्छ?

२.२ विगतमा सतःछ्वँ कसरी प्रयोग गरिन्थ्यो?

२.३ तपाईंहरूको समुदायका लागि यो सतःछ्वँले के कस्तो धार्मिक वा सांस्कृतिक महत्व राख्छ?

२.४ समुदायले सतछ्वँ : बासिन्दाप्रति कस्तो दृष्टिकोण राख्दछ ?

२.५ सतछ्वँ : बासिन्दा र सतःछ्वँको परम्परागत भूमिकामा के कस्तो परिवर्तन आएको छ?

**३. सामाजिक-आर्थिक अवस्था**

३.१ तपाईंको मुख्य आय र जीविकोपार्जनका स्रोतहरू के–के हुन्?

३.२ शिक्षा, स्वास्थ्य सेवा वा रोजगारीमा पहुँच पाउन के कस्ता कठिनाइहरू छन्?

३.३ सतछ्वँ :को बसोबासले तपाईंको दैनिक जीवनमा कस्तो प्रभाव पारेको छ?

३.४ यहाँको बासस्थान र सरसफाइको अवस्था कस्तो छ?

३.५ सहरी विकासले तपाईंको बसोबास वातावरणमा के कस्तो प्रभाव पारेको छ?

**४. कानुनी चेतना र अधिकार**

४.१ प्राचीन स्मारक संरक्षण ऐन, २०१३ ले सतःछ्वँलाई प्राचीन स्मारक अन्तर्गत राखेको थाहा छ?

४.२ यहाँ बसोबास गर्न कानुनी अधिकारका बारेमा तपाईंको बुझाइ के छ?

४.३ तपाईंलाई सतःछैं खाली गर्नका लागि समुदाय वा सरकारी निकायबाट दबाब आएको छ?

४.४ तपाईंलाई कुनै सरकारी वा गैरसरकारी संस्थाबाट आवास वा सम्पदा अधिकारसम्बन्धी जानकारी गराइएको छ?

## ५. समस्या र चुनौतीहरू

५.१ तपाईंको समुदायले अहिले कुन–कुन मुख्य समस्याहरूको सामना गरिरहेको छ?

५.२ के तपाईंले कुनै किसिमको विभेद वा बहिष्करण अनुभव गर्नुभएको छ?

५.३ सतःछैंमा बसोबास गर्दा के–कस्ता कठिनाइहरू आउँछन्?

५.४ भूकम्प वा सहरीकरणले तपाईंहरूको जीवनस्थितिमा कस्तो असर पारेको छ?

५.५ आगामी पुस्ताका लागि तपाईंको मुख्य चिन्ता के हो?

## ६. सम्भावित समाधान र अपेक्षा

६.१ तपाईंले सरकार वा पालिकाबाट कस्तो प्रकारको सहयोगको अपेक्षा गर्नुभएको छ?

६.२ सम्पदा संरक्षण र आवास अधिकारको विषयमा समुदायले कस्तो भूमिका खेल्न सक्छ?

६.३ सम्पदा संरक्षण र आवासीय अधिकार दुवैको एकैसाथ समाधान सम्भव छ? छ भने कसरी?

६.४ सांस्कृतिक निरन्तरता र सुरक्षित आवास दुवै सुनिश्चित गर्न तपाईंले के सुझाव दिनुहुन्छ?

## ख. समूह छलफल (FGD) निर्देशिका

### १. समुदायको पहिचान र सम्पदा

१.१ सतःछेँ र त्यहाँ बस्ने जुगी परिवारको अहिले समुदायका लागि कस्तो भूमिका रहन्छ?

१.२ उनीहरूको भूमिकामा समय सापेक्ष के कस्ता परिवर्तनहरू आएका छन् ?

१.३ सतःछेँ र नेवाः जुगी परिवारको पहिचान कसरी जोडिएको छ ?

### २. चुनौतीहरू र अनुभवहरू

२.१ नेवाः जुगी समुदायले अहिले सामना गरिरहेका सबैभन्दा ठूला चुनौतीहरू के के हुन् ?

२.२ सरकार वा पालिकाले सतःछेँ बासिन्दा नेवाः जुगी परिवारको समस्याका दिगो समाधानका बारेमा के कस्ता योजना तथा कार्यक्रम अघि सारेको छ ?

### ३. लैङ्गिक र पुस्तागत पक्षहरू

३.१ महिला तथा युवा पुस्ताको परम्परागत सांस्कृतिक भूमिकामा योगदान रहेको छ ?

३.२ के नयाँ पुस्ता परम्परागत सांस्कृतिक भूमिकालाई निरन्तरता दिन इच्छुक छन् ?

### ४. नीतिगत र कानुनी चेतना

४.१ तपाईंहरूलाई प्राचीन स्मारक संरक्षण ऐन, २०१३, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्तर्राष्ट्रिय कानुनहरू (जस्तै UNDRIP, ILO १६९) अन्तर्गतका अधिकारबारे जानकारी छ?

४.२ सतःछेँ बासिन्दाको समस्या समाधानका बारेमा स्थानीय सरकार, गैरसरकारी संस्थाहरू वा सम्पदा संरक्षण निकायहरूसँग अन्तरक्रिया भएको छ ?

### ५. समाधान र भविष्यको दृष्टि

५.१ तपाईंहरूको दृष्टिमा उपयुक्त समाधान के हुनसक्ला ?

५.२ सम्पदा संरक्षण र आवास अधिकारबीच सन्तुलन कसरी कायम गर्न सकिन्छ ?

५.३ संस्कृतिको संरक्षण र आवास सुरक्षाका लागि समुदाय स्तरमा के–कस्ता रणनीतिहरू अपनाउन सकिन्छ?

५.४ आदिवासी जनजाति आयोगबाट तपाईंहरूले यस विषयमा के अपेक्षा राख्नु भएको छ?

## ग. अनौपचारिक संवाद / प्रमुख सूचक अन्तर्वार्ता निर्देशिका

### १. सामान्य बुझाइ

१.१ जोगी समुदायको सतःछेँसँगको सम्बन्धबारे तपाईंहरूको बुझाइ के हो ?

१.२ प्राचीन स्मारक संरक्षण ऐन, २०१३ले सत्तललाई सम्पदाको रूपमा वर्गीकरण गर्नु उचित हो?

### २. कानुनी र नीतिगत सन्दर्भ

२.१ नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आवासीय अधिकारलाई कसरी सम्बोधन गरेको छ ?

२.२ पारम्परिक बासस्थानहरूलाई सम्पदा र बासोबास दुवैको रूपमा मान्यता दिने व्यवस्था के छ ?

२.३ तपाईंका दृष्टिमा मुख्य कानुनी वा नीतिगत कमजोरीहरू के–के छन् ?

### ३. संस्थागत र व्यवहारिक पक्षहरू

३.१ पालिका वा सम्बन्धित निकायहरूले बासोबासका रूपमा प्रयोग गरिएका सम्पदा संरचना सम्बन्धी विवादहरू कसरी समाधान गर्छन् ?

३.२ समस्या समाधानका विषयमा पुरातत्व विभाग र पालिका बीच समन्वय भएको छ ?


३.३ यस्ता समस्या समाधानका सन्दर्भमा अन्यत्र भए गरेका असल अभ्यासका नमूनाहरू छन्?

### ४. सिफारिसहरू

४.१ तपाईंले के–कस्ता नीतिगत वा प्रशासनिक सिफारिस गर्नुहुन्छ ?


४.२ समस्या समाधानका लागि पालिका, पुरातत्व विभाग, त्रि.वि. को सम्बन्धित विभाग, आदिवासी जनजाति आयोग र गैरसरकारी संस्थाले के कस्तो भूमिका निर्वाह गर्नसक्दछन् ?

## परिशिष्ट २: सार्वजनिक विश्रामगृह (पाटीपौवा/सत्तल/धर्मशाला/सतःछें)





8.5 Sundhara Sattal

साभारः The Traditional Architecture of the Kathmandu Valley, 2014, page 125-131




8.4 *Pati* of Kuti Saugal Tol, Patan





8.12 *Chapat*, Dupat Tol, Patan


साभार: The Traditional Architecture of the Kathmandu Valley, 2014, page 129, 134 & 144

बज्रयोगिनी सत्तल













पहिरन अड्डा, पाटन






पाटन मंगलबजार स्थित खाल






## परिशिष्ट ३: स्थलगत सर्वेक्षणका तस्विरहरु



सप्तलका वासिन्दा हियवा [illegible] [illegible] का जनप्रतिनिधिहरुसँग।




बनेपा नगरपालिका का [illegible] [illegible] स्थिल भ्रमण



माथि: बनेपा नगरपालिका वडा नं. ५ भक्तपुरतिर जानेतर्फ स्थित सत्तल

तल: बनेपा नगरपालिका वडा नं. ५ नाला, बेलाखा टोल पूर्वाधारतर्फ स्थित सत्तल






भक्तपुर स्थित निजि भुई अन्तरभत्केको २०७२ को भूकम्पबाट पारी भत्किएको भत्काएर घरतले पक्की संरचना बनाइएको ।




भक्तपुर स्थित पुरानो घरको २०७२ सालमा पुनर्निर्माण गरिए पनि उक्त संरचनामा बस्ने परिवार विस्थापित भएर अरुमा बसेका छन् ।




भक्तपुर नपा ५ कचाउँटोल स्थित गुठी संस्थान अन्तर्गतको सभल र चन्डी भगवती मन्दिर परिसरमा आयोजना पहिचिकारी कार्यशाला र छलफलका सहभागि




काठमाडौं भक्तपुरस्थित कुन मन्दिरहरुमा सिंह दरबार मन्दिर परिसरमा हुने पर्यटन बस्ने सलाह




काठमाडौं महानगरपालिका २४ बबैबन्दरमा स्थित सातल बासिन्दासँग रहेका कागजातहरु



काठमाडौं [illegible] वडा नं. २१ [illegible] स्थित दुई तला घर [illegible] पहरू



ललितपुर [illegible] स्थित पुनर्निर्मित [illegible] आवास विस्थापित परिवारका [illegible] पहरूहरू



ललितपुर महानगरपालिका ११ मंगलबजार स्थित पुनर्निर्मित सत्तल । भुइँ तलामा पर्यटक प्रहरी तथा माथिल्लो तलामा कपाली समाजको कार्यालय । सत्तलका बासिन्दा विस्थापित



ललितपुर महानगरपालिका १६ पाँयतलामा स्थित दुई परिवार बस्दै आएका जेलघर

परिशिष्ट ४: पाटन उच्च अदालतले आयोगको नाममा जारी गरेको परमादेश

श्री
उच्च अदालत पाटन
डेढ्ढा इजलास
इजलास नं. २
माननीय का.मु मुख्य न्यायाधीश श्री लालबहादुर कुँवर
माननीय न्यायाधीश श्री प्रकाश खरेल

आदेश

जितिए नं. ५११
र.नं. ०८१-०३२१७
मुद्दा नं. ०८१-WO-०९१४
मुद्दा :- उत्प्रेषण/ परमादेश।

ललितपुर जिल्ला, यल महानगरपालिका वडा नं. १६ पतक्व टोल, सिमाक्वय बस्ने ललितामाया कपाली तथा केदार दर्शनधारीको जातिनी कल्पना कपाली तथा गोपाल दर्शनधारीको छोरी तः धीमै जुगिनी उपनाम गरेको इदशना कपाली----------१ निवेदक

विरुद्ध

आदिवासी जनजाती आयोग, पुल्चोर्क, ललितपुर----------१ विपक्षी

नेपालको संविधान, २०७२ को धारा ४६ र १४४ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यस अदालतको क्षेत्राधिकार अन्तर्गत दायर हुन आएको प्रस्तुत रिटको संक्षिप्त तथ्य एवं यस अदालतको आदेश र तपसिल यसप्रकार छ :-

तथ्य खण्ड

१. प्रथाजन्य कानून (Customary law) बमोजिम जुगे उप-जातिका मानिसहरू सतः छें (अर्थात् सत्तलघर) नामक संरचनामा लिच्छवीकाल मल्लकालसँखि बसोबास गरिरहेको भन्ने ऐतिहासिक तथा सामाजिक अध्ययन अनुसन्धानले पुष्टी गर्दै विभिन्न ग्रन्थ पुस्तकमा अभिलेखित छ। वर्तमान कानूनी व्यवस्थाले सत्तलहरूलाई "पाटीपौवा" अन्तर्गत राखी तिनलाई सार्वजनिक सम्पत्तिको दायरामा ल्याएको छ। यसरी आफू ऐतिहासिक कालखण्डदेखि बसोबास गर्दै आइरहेका घर-आवास सार्वजनिक सम्पत्तिमा परिणत भइसकेपछि निम्तिएको संकटको सुनासो लिएर हामी आदिवासी जनजाती आयोग पुग्यौं।

स्रोतः कपाली विरुद्ध आदिवासी जनजाती आयोग, पुल्चोक, ललितपुर मुद्दा: परमादेश, ०८१-WO-०९१४, नि.नं. ५११, पृष्ठ ६ मध्येको पृष्ठ १

आदिवासी जनजातीहरूसँग सम्बन्धित अन्तर्राष्ट्रिय कानूनी व्यवस्था साथै प्रत्यर्थी आयोगसँग सम्बन्धित कानूनी व्यवस्थाको अधीनमा आयोगबाट निकाशाको वैध अपेक्षा सहित पेश गरेको हाम्रो निवेदनमा कुनै कामकारवाही तथा निर्णय नगरी पञ्छाई दिएको हुनाले प्रथाजन्य कानून (Customary law) बमोजिम सतःछें (अर्थात् सत्तलघर) मा बसोबास गर्ने जुगि उप-जातिका मानिसहरूको उक्त सतःछेंमा स्वामित्वको हक United Nations Declaration on the Rights of Indigenous Peoples को Article 8 को Sub-article 2 (b) (c) तथा Article 26 जस्ता कानूनबाट सुनिश्चित भएको छ। नेपालमा आदिवासी जनजाती समुदायको अधिकार सम्बन्धमा छुट्टै कानून निर्माण भएको छैन। नेपाल सन्धि ऐन, २०४७ को दफा ९ बमोजिम United Nations Declaration on the Rights of Indigenous Peoples पनि नेपाल कानून सरह लागू हुने कानून हो। आदिवासी नेवाः जाति अन्तर्गतका जुगि समुदायको यस आवश्यक संकटको विस्तृत व्याख्या विश्लेषण गरी ग्रन्थपुस्तक सन्दर्भसामाग्री समेत अघि सारी आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ बमोजिम विभिन्न मागदावी अधिसारी-हामीले प्रत्यर्थी आयोगमा निवेदन दियौं। मिति २०८०/०८/१९ को दर्ता नं. ६८ मा उक्त निवेदन दर्ता भएको थियो। त्यसैगरी, Mar २९, २०२४ तदनुसार २०८० चैत १६ गते ईमेल मार्फत् उक्त निवेदनसँग सम्बन्धित विविध ग्रन्थपुस्तक, प्रतिवेदन एवं स्रोतसामाग्रीहरू आयोगमा पठाएको थियौं। मैले आयोगमा दर्ता गराएको निवेदन दर्ता नं ६८ तथा दर्ता नं. २०८०/०८/१९ मा के कस्तो काम कारवाही तथा निर्णय भयो सो बारे जानकारी पाऊँ भनी सूचना माग गर्दा आयोगको मिति २०८१/०४/२८ को च.नं. १०५ बाट कार्यक्षेत्रको सीमितताको कारण माग बमोजिम कारवाही अघि बढाउन नसकिएको भन्ने व्यहोराको सूचना प्राप्त भयो। निवेदन दर्ता नं. ६८ तथा दर्ता नं २०८०/०८/१९ को निवेदनमा समग्र समस्याको व्याख्या विश्लेषण गरी सोमा राज्यका विभिन्न निकायहरूबाट हुनुपर्ने काम कारवाहीहरूको मागदावी सहित आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ बमोजिम प्रत्यर्थी आयोग समक्ष राखिएको मागदावी प्रत्यर्थी आयोगकै क्षेत्राधिकार तथा अधिकारी बमोजिम हो भाग गरिएको हुनाले आयोगको मिति २०८१/०४/२८ को च.नं. १०५ को पत्र तथा सो निर्णय गैर-कानूनी ठहर्छ। नेपालको संविधानको धारा १४४ (१) (२) बमोजिम प्रत्यर्थी आयोगको मिति २०८१/०४/२८ को च.नं. १०५ को पत्र तथा सो बमोजिमको निर्णयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिपाऊँ। साथै, प्रत्यर्थी आयोगमा मैले दर्ता गराएको निवेदन दर्ता नं ६८ तथा दर्ता नं २०८०/०८/१९ को निवेदनमा माग बमोजिमको अध्ययन अनुसन्धान गरी वा अरू निकाय मार्फत् गराई आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ बमोजिकका निवेदन मागदावीका सम्बन्धमा निर्णय गर्नु भनी प्रत्यर्थी आयोगको नाउँमा परमादेश लगायत अन्य उपयुक्त आदेश जारी गरिपाऊँ भन्ने समेत व्यहोराको रिट निवेदनपत्र।

२. यसमा के कसो भएको हो ? निवेदनको माग बमोजिमको आदेश किन जारी हुनुपर्ने हो ? निवेदन माग बमोजिमको आदेश जारी हुनुपर्ने भए आधार, कारण एवं प्रमाण सहित म्याद सूचना तामेल भएको मितिले बाटाको म्याद बाहेक १५ दिनभित्र अर्को वा आफ्नो कानून बमोजिमको प्रतिनिधि मार्फत् लिखित जवाफ पेश गर्नू भनी विपक्षीको नाममा म्याद सूचना जारी गरी लिखित जवाफ प्राप्त भए वा सोको अवधि व्यतित भइपछि नियमानुसार पेश गर्नू भनी यस अदालतबाट मिति २०८१।०८।०२ मा भएको आदेश।

---

रुक्मणी कपाली विरुद्ध आदिवासी जनजाती आयोग, पुल्चोक, ललितपुर भएको परमादेश, 0481-WO-0154, लि.नं. 411, पृष्ठ ६ व्यहोरको पृष्ठ २

३. निवेदकले लिखित जानकारी माग गरेकोले आयोगबाट मिति २०८१।०४।२८ च.नं. १०५ को पत्रमा कार्यक्षेत्रको सीमितताको कारण माग बमोजिम कारवाही अघि बढाउन नसकिएको व्यहोराको लिखित जानकारी गराएको हो। यस आयोगले आदिवासी जनजाति समुदायको हक अधिकार हनन भएमा छानविन गरी राज्यलाई सिफारिस गर्नसक्ने कानूनी व्यवस्था रहेकोले निवेदकको निवेदनमा उल्लेख भएको माग पुरा गर्ने अधिकार आयोगलाई नभएको हुँदा सोही बमोजिमको जानकारी गराइएकोमा आयोगलाई विपक्षी बनाई दिएको रिट निवेदन प्रथम दृष्टि (Prime Facie) मा नै खारेजभागी रहेको हुँदा खारेज गरी पाउँ भन्ने समेत व्यहोराको आदिवासी जनजाति आयोगको तर्फबाट पर्न आएको लिखित जवाफ।

आदेश खण्ड

४. नियमबमोजिम साप्ताहिक तथा दैनिक पेसी सूचीमा चढी निर्णयार्थ इजलाससमक्ष पेस हुन आएको प्रस्तुत निवेदन सहितको मिसिल अध्ययन गरी निवेदकका तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री संजय अधिकारी तथा विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित उच्च सरकारी वकील कार्यालय पाटनका सहायक न्यायाधिवक्ता श्री प्रियंका बलाल समेतले गर्नुभएको बहस समेत सुनियो।

५. यसमा, मैले आयोगमा दर्ता गराएको निवेदन दर्ता नं ६८ तथा दर्ता नं. २०८०/०८/१९ मा के कस्तो काम कारवाही तथा निर्णय भयो सो बारे जानकारी पाऊँ भनी सूचना माग गर्दा आयोगको मिति २०८१/०४/२८ को च.नं. १०५ को पत्रबाट कार्यक्षेत्रको सीमितताको कारण माग बमोजिम कारवाही अघि बढाउन नसकिएको भन्ने व्यहोराको सूचना प्राप्त भयो। निवेदन दर्ता नं. ६८ तथा दर्ता नं २०८०/०८/१९ को निवेदनमा समेत समस्याको व्याख्या विश्लेषण गरी सोका राज्यका विभिन्न निकायहरूबाट हुनुपर्ने काम कारवाहीहरूको मागदावी सहित आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ बमोजिम प्रत्यर्थी आयोग समक्ष रहिएको मागदावी प्रत्यर्थी आयोगके क्षेत्राधिकार तथा अख्तियारी बमोजिम नै माग गरिएको हुनाले आयोगको मिति २०८१/०४/२८ को च.नं. १०५ को पत्र तथा सो निर्णय कैन-कानूनी रहेको छ। नेपालको संविधानको धारा १४४ (१) (२) बमोजिम प्रत्यर्थी आयोगको मिति २०८१/०४/२८ को च.नं. १०५ को पत्र तथा सो बमोजिमको निर्णयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ। साथै, प्रत्यर्थी आयोगमा मैले दर्ता गराएको निवेदन दर्ता नं ६८ तथा दर्ता नं २०८०/०८/१९ को निवेदनमा माग बमोजिमको अपेक्षित आफैले गरी वा अन्य निकाय मार्फत् पराई आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ बमोजिमका निवेदन मागदावीका सम्बन्धमा निर्णय गर्नू भनी प्रत्यर्थी आयोगको नाउँमा परमादेश लगायत अन्य उपयुक्त आदेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन दावी रहेकोमा यस आयोगले आदिवासी जनजाति समुदायको हक अधिकार हनन् भएमा छानविन गरी राज्यलाई सिफारिस गर्नसक्ने कानूनी व्यवस्था रहेकोले निवेदकको निवेदनमा उल्लेख भएको माग पुरा गर्ने अधिकार आयोगलाई नभएको हुँदा सोही बमोजिमको जानकारी गराइएकोमा आयोगलाई विपक्षी बनाई दिएको रिट निवेदन प्रथम दृष्टि (Prime Facie) मा नै खारेज भागी रहेको हुँदा खारेज गरी पाउँ भनेबमोजिम व्यहोराको आदिवासी जनजाति आयोगको लिखित जवाफ रहेको देखिन्छ।

---

रुकमाङ्गद कटवाल विरुद्ध आदिवासी जनजाती आयोग, पुल्चोक, ललितपुर भुक्त उत्प्रेषण परमादेश, ०८१-WO-०९१४, निर्ण. ५११, पृष्ठ ६ मध्यको पृष्ठ ३

६. प्रस्तुत मिसिल संलग्न रहेको निवेदन, लिखित जवाफ तथा विद्वान अधिवक्ताहरूले गर्नुभएको बहससमेत सुनी रिट निवेदनको मुकाम लगत र जिकिर अध्ययन गरी हेर्दा, *प्रस्तुत रिट निवेदनमा निवेदकको माग बमोजिमको उत्प्रेषणयुक्त परमादेश जारी गर्नुपर्ने हो होइन?* भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

७. निर्णयतर्फ विचार गर्दा, एकातर्फ निवेदकले आफू स्वशायत आफ्नो परिवार बसोबास गर्दै आएको सत्तलघर आवास सार्वजनिक सम्पत्तिमा परिणत भइसकेपछि संकटमा परेको हुनाले आदिवासी जनजाति आयोग ऐन, २०७४ को दफा ७ को कानूनी व्यवस्थाको अधीनमा रही निकाश पाउँ भनी निवेदन पेश गरेको देखिन्छ । उक्त ऐनको दफा ७ मा आयोगको काम, कर्तव्य र अधिकार बारेमा देहायबमोजिमको प्रावधान उल्लेख भएको पाईन्छ :

"आयोगको काम, कर्तव्य र अधिकार: आयोगको काम, कर्तव्य र अधिकार बमोजिम हुनेछ;

(क) आदिवासी जनजाति समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्बद्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्बद्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भएका व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन भए नभएको विषयमा अध्ययन अनुसन्धान गरी प्रभावकारी कार्यान्वयन गर्न चाल्नु पर्ने कदमका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(घ) आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्बद्धन तथा त्यस्तो समुदायको सशक्तीकरणका सम्बन्धमा भइरहेका कानूनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारका सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(ङ) आदिवासी जनजाति समुदायसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयनको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) आयोगले गरेका सिफारिस वा दिएका सुझाव कार्यान्वयनको सम्बन्धमा अनुगमन गर्ने वा गराउने,

(छ) आदिवासी जनजाति समुदायभित्र आर्थिक वा सामाजिक रूपमा पछाडि परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) आदिवासी जनजाति समुदायभित्रका विभिन्न भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपि, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

---

रुक्मागद कपाली विरुद्ध आदिवासी जनजाती आयोग, मुख्यसचिव, ललितपुर मुद्दा: उत्प्रेषण परमादेश, ०८१-WO-०९१४, मिति: ८११, पृष्ठ ६ मध्येको पृष्ठ ४

(झ) आदिवासी जनजाति समुदायको हक हितको संरक्षण र सम्वद्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ञ) आदिवासी जनजाति समुदायमा विद्यमान कुरीति, अन्धविश्वास तथा सबै प्रकारको शोषणको अन्त्य गर्ने र आदिवासी जनजाति समुदायको सशक्तीकरणको लागि कार्यक्रम तर्जुमा गरी नेपाल सरकारलाई सिफारिस गर्ने,

(ट) आदिवासी जनजाति समुदायका रहेका परम्परागत सीप, प्रविधि र विशिष्ट ज्ञानको संरक्षण र प्रवद्धन गरी व्यावसायिक प्रयोगमा ल्याउन सहयोग गर्ने,

(ठ) आदिवासी जनजाति समुदायको सम्बन्धमा नेपाल पक्ष रहेको अन्तराष्ट्रिय सन्धि सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि आवश्यक सिफारिस गर्ने वा सुझाव दिने,

(ड) आदिवासी जनजाति समुदायको अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध उजुरी सङ्कलन गरी सो उपर छानबिन तथा सहजिकरण गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ढ) आदिवासी जनजाति समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ण) आदिवासी जनजाति समुदायको भौतिक, अभौतिक संस्कृति संरक्षण र सम्वद्धनका लागि जीवित सङ्ग्रहालय स्थापना र परिचालनका लागि नीति तथा कार्यक्रम तर्जुमा गर्ने र कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,

(त) आदिवासी जनजातिको उद्गम स्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरुको संरक्षण र सम्वद्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(थ) आदिवासी जनजाति समुदायको हक हितको संरक्षण, सम्वद्धन र सशक्तीकरणका लागि नेपाल सरकार र अन्य सङ्घ, संस्थाहरुले सञ्चालन गर्ने चेतनामूलक कार्यक्रमहरुको समीक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(द) आयोगका अध्यक्ष, सदस्य तथा कर्मचारीको लागि आचारसंहिता बनाई लागू गर्ने,

(ध) आयोगको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने ।

यसप्रकार, उल्लिखित ऐनले आदिवासी जनजाति आयोगलाई अन्य विषयहरुका अतिरिक्त "*आदिवासी जनजातिको उद्गम स्थलको खोज अनुसन्धान गरी त्यस्ता पुरातात्विक र ऐतिहासिक संरचना, वस्तु र स्थलहरूको संरक्षण र सम्वद्धन गर्न नेपाल सरकारलाई सिफारिस गर्ने*" समेतका काम, कर्तव्य र अधिकारहरु सुम्पेको तथ्यमा विवाद देखिँदैन। यस अवस्थामा निवेदकले आफ्नो निवेदनमा उल्लेख गरेअनुरुप आयोगको काम, कर्तव्य र अधिकारहरु अन्तरगत रहेको विषयमा अध्ययन अनुसन्धानका लागि सहयोगी र उपयोगी हुने अध्ययन, अनुसन्धान वा सन्दर्भ सामग्री र सूचनाहरु आयोगले ग्रहण गरी आयोगको अधिकारको सीमाभित्रै रही अध्ययन अनुसन्धान गरी नेपाल सरकार समक्ष सिफारिश गर्न नमिल्ने भन्ने देखिन आउँदैन ।

---

रुक्शना कपाली विरुद्ध आदिवासी जनजाती आयोग, पुनरावेदन, ललितपुर सुझाव उत्प्रेषण परमादेश, ०८१-WO-०९१४, नि.नं. ५११, पृष्ठ ६ मध्येको पृष्ठ ५

८. अतः उल्लिखित आधार, कारण एवम् नेपालको संविधानको धारा ५१(ग) तथा आदिवासी जनजाती आयोग ऐन, २०७४ को दफा ७ समेतको आधारमा निवेदकको मागदावीको विषयमा अध्ययन गरी आयोगको अधिकारक्षेत्रको अधिनमा रही प्रतिवेदनमा औल्याइएका आदिवासी जनजातिका हक अधिकार सम्बन्धी विषयहरु उपर आवश्यक विचार गर्नु भनी विपक्षी आदिवासी जनजाती आयोग पुल्चोक ललितपुरको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। अरूमा तपसिल बमोजिम गर्नू।

तपसिल खण्ड

(क) माथि ठहर खण्डमा लेखिए बमोजिम गर्नु गराउनु भनी यो आदेशको प्रतिलिपि समेत राखी विपक्षीहरूलाई उच्च सरकारी वकील कार्यालय मार्फत् जानकारी दिनू ।

(ख) सरोकारवालासँ आदेशको नक्कल माग्न आएमा नियमानुसार लाग्ने दस्तुर लिई दिनू ।

(ग) प्रस्तुत आदेशको विद्युतीयप्रति अपलोड गरी पीठमा जनाउनू ।

(घ) थायरीको लगत कट्टा गरी सिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाई दिनू ।

(लालबहादुर कुँवर)
का.मु मुख्य न्यायाधीश


उक्त आदेशमा सहमत छु।

(प्रकाश खरेल)
न्यायाधीश

फैसला तयार गर्ने सहयोग गर्ने
इजलास अधिकृतः समिक्षा भण्डारी
फैसला टाईप गर्नेः दिपकप्रसाद भट्टराई
इति सम्वत् २०८१ साल माघ महिना २७ गते रोज २ शुभम् .....।

फैसला प्रमाणीकरण मितिः २०८२।५।१९ अदालतको छाप

## परिशिष्ट ५: सर्वोच्च अदालतले आदेश कार्यान्वयन सम्बन्धमा पठाएको पत्र



सर्वोच्च अदालत

फैसला कार्यान्वयन निर्देशनालय

पत्र संख्या:०८२/०८३
चलानी नं ६८

२०८६

बबरमहल, काठमाडौं
फोन नं.०१-४३४२६०२
फोन नं.०१-४३४८२४१
Web:www.supremecourt.gov.np
Email:jed@supremecourt.gov.np
मिति २०८२/०४/ २७

सा.स. नि.द.नं.७/०८२/०४/२६
विषय: आदेश कार्यान्वयन सम्बन्धमा।

श्री आदिवासी जनजाती आयोग, पुल्चोक ललितपुर।

उपरोक्त सम्बन्धमा निवेदक रुक्शना कपाली विपक्षी आदिवासी जनजाती आयोग पुल्चोक ललितपुर भएको रिट नं. ०७१-WO-०९५४ को उत्प्रेषण परमादेशको रिट निवेदनमा श्री उच्च अदालत पाटनबाट मिति २०८१/१०/२७ मा भएको आदेश कार्यान्वयनको सम्बन्धमा प्रतिलिपी प्राप्त भई बेहोरा अवगत भएकै होला। उक्त आदेश कार्यान्वयन गरी पाऊँ भनी निवेदक रुक्शना कपालीले मिति २०८२/०४/२६ मा यस निर्देशनालयमा निवेदन दर्ता गराएको हुँदा प्रस्तुत पत्र लेख्ने काम भएको छ ।

उच्च अदालत पाटनबाट मिति २०८१/१०/२७ मा भएको आदेशमा," नेपालको संविधानको धारा ५१(ग) तथा आदिवासी जनजाती आयोग ऐन, २०७४ को दफा ७ समेतको आधारमा निवेदकको मागदावीको विषयमा अध्ययन गरी आयोगको अधिकारक्षेत्रको अधिनमा रही प्रतिवेदनमा औल्याइएका आदिवासी जनजातिका हक अधिकार सम्बन्धी विषयहरु उपर आवश्यक विचार गर्नु भनी विपक्षी आदिवासी जनजाती आयोग पुल्चोक ललितपुरको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ।" भन्ने समेत बेहोरा उल्लेख भएको देखिन्छ ।

अतः उच्च अदालत पाटनको मिति २०८१/१०/२७ मा भएको आदेश पूर्ण रुपमा कार्यान्वयन गरी गराई यथाशिघ्र सो को जानकारी यस निर्देशनालयमा दिनुहुन अनुरोध गरिन्छ।

०८२।०४।२६
(कमला अर्याल, बेन्चसे)
शाखा अधिकृत

**परिशिष्ट ६:** अदालतको फैसला कार्यान्वयन गराइ पाउँ भनी आयोगमा दर्ता गराएको निवेदन

आदिवासी जनजाति आयोग
दर्ता नं.: ६८२
मिति: ०८२/०४/२०

**मिति :** नेपाल संवत् ११४२ गुंला २८ गते ।

**श्री आदिवासी जनजाती आयोग, ललितपुर ।**

**विषय : उच्च अदालत पाटनको फैसला कार्यन्वयन गरिपाऊँ ।**

महोदय,

उपरोक्त सम्बन्धमा तहाँ आयोगका नाउँमा उच्च अदालत पाटनबाट रिट नं ०८१-WO-०९१४ मा मिति २०८१ माघ २७ गते परमादेशको आदेश जारी भएको हुनाले सो आदेश कार्यन्वयन गरिपाऊँ भनि फैसलाको प्रमाणित प्रतिलिपि (पाना ६) यसै साथ संलग्न गरी निवेदन गर्दछु ।

**तथ्य :-** मैले यस आयोगमा मिति नेपाल संवत् ११४४ श्रिंला १५ गते *"आदिवासी जनजाति आयोग ऐन, २०७४ बमोजिम आदिवासी नेवाः जाति अन्तर्गतका जुगि जात समुदायको आवश्यक समस्या बारे अध्ययन अनुसन्धान गरी सरकारलाईको सम्बोधन गरिपाऊँ"* भनि निवेदन दिएको थिएँ । मिति २०८०/०८/१९ को दर्ता नं ६८ मा उक्त निवेदन दर्ता भएको थियो । मैले आयोगमा दर्ता गराएको निवेदन दर्ता नं ६८ तथा दर्ता नं २०८०/०८/१९ मा केकस्तो कामकारवाही तथा निर्णय भयो ? जानकारी पाऊँ भनि सूचना माग गर्दा आयोगको मिति २०८१/०४/२८ को च.नं. १०५ बाट कार्यक्षेत्रको सीमितताको कारण; भाग बमोजिम कारवाही अघि बढाउन सकिएको भन्ने व्यहोराको सूचना प्राप्त भयो । त्यसपछी बाध्य भई मैले उच्च अदालत पाटनमा रिट दायर गरें । उच्च अदालत पाटनबाट "अतः उल्लिखित आधार, कारण एवम् नेपालको संविधानको धारा ५१ (ग) तथा आदिवासी जनजाती आयोग ऐन, २०७४ को दफा ७ समेतको आधारमा निवेदकको जानकारीको विषयमा अध्ययन गरी आयोगको अधिकारक्षेत्रको अधिनमा रही प्रतिवेदनमा औल्याइएका आदिवासी जनजातिका हक अधिकार सम्बन्धी विषयहरु उपर आवश्यक विचार गर्नु भनी विपक्षी आदिवासी जनजाती आयोग पुल्चोक ललितपुरको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ" भनि मिति २०८१ माघ २७ गते फैसला भयो ।

निवेदनमा उठाएको समस्या :- आदिवासी नेवाः जाति अन्तर्गत कपाली, दर्शनधारी तथा कुहे थर भएका जुगि उप-जातिका मानिसहरू लिच्छविकाल मल्लकाल देखि सतःछें (सत्तलघर) हरूमा बसोबास गरिरहेको अवस्था विद्यमान छ । ऐतिहासिक कालखण्ड देखि सतःछें (सत्तल) मा बसोबास गरिरहेको भएतापनि राज्यले सतःछें (सत्तलघर) हरूलाई "पाटीपौवा" को नामाङ्कनले सार्वजनिक सम्पत्तिको दायरामा ल्याएको छ । यसरी हाम्रो ऐतिहासिक भोगचलन रहेको घर आवासलाई सार्वजनिक सम्पत्तिमा परिणत गर्दा हामीहरू अधिकारविहीन अवस्थामा पुगेका छौं । ऐतिहासिक कालखण्डबाट त्यस्ता सतःछें (सत्तलघर) मा बसोबास मात्र गरिरहेको नभएर हाम्रो धार्मिक तथा सांस्कृतिक जीवनसँग पनि यसको अन्योन्यास्रित सम्बन्ध रहेको छ । तर हाल राज्यस्तरबाट हामीलाई हाम्रो बसोबासको सतःछें (सत्तलघर) हरू बेदखल गर्ने, हटाउने कार्य भइरहेको छ ।

आदिवासी जनजाती सम्बन्धी कानूनी व्यवस्था :-

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन, २०५८ को अनुसूची बुँदा २७ मा नेवार जातिलाई सूचिकृत गरिएको हुँदा नेवाः (नेवार) जाति आदिवासी जनजाति रहेकोमा द्विविधा छैन । नेवाः जाति समग्रमै सूचिकृत भएको अवस्थामा नेवाः जाति अन्तर्गतका जुगि उप-जाति पनि आदिवासी जनजाती रहेकोमा विविधा छैन । नेपाल सरकारले गठन गरेको आदिवासी जनजाति सूची परिमार्जन उच्चस्तरीय कार्यदलबाट मिति २०६६ फागुन ५ गते पेश भएको प्रतिवेदनमा नेवाः जाति भित्र जोगी (दर्शनधारी, कपाली, कुहे) सिमान्तकृत समुदाय रहेको भन्ने उल्लेख छ (पाना ४०) ।

सन् २००७ मा नेवारले United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) लाई अनुमोदन गरेको थियो । UNDRIP को Article 26 (1) मा *Indigenous peoples have the right to the lands, territories and resources which they have traditionally owned, occupied or otherwise used or acquired.* भनि हामीलाई परम्परागत रूपमा भोगचलन गरेको भूमि तथा स्रोतमा अधिकार दिलाएको छ भने Article 26 (2) मा *Indigenous peoples have the right to own, use, develop and control the lands, territories and resources that they possess by reason of traditional ownership or other traditional occupation or use, as well as those which they have otherwise acquired.* भनि हाम्रो पुख्यौंली भोगचलन रहेको सम्पत्तिमा हामीलाई स्वामित्वको अधिकार समेत दिलाएको अवस्था छ । त्यसै गरी Article 26 (3) मा *States shall give legal recognition and protection to these lands, territories and resources. Such recognition shall be conducted with due respect to the customs, traditions and land tenure systems of the*

*indigenous peoples concerned.* भनि हामीले परम्परागत रूपमा भोगचलन गर्दै आइरहेको भूमि तथा सोतलाई कानूनी मान्यता एवं संरक्षण दिनुपर्ने पनि उल्लेख छ ।

त्यसै गरी सन् २००७ मै नेपालले अनुमोदन गरेको **Indigenous and Tribal Peoples Convention** को Article 14 (1) मा ***The rights of ownership and possession of the peoples concerned over the lands which they traditionally occupy shall be recognised.*** भनि हामीले परम्परागत रूपमा उपभोग गरेको भूमिमा स्वामित्वको हकलाई मान्यता दिनुपर्ने उल्लेख छ । Article 14 (2) मा ***Governments shall take steps as necessary to identify the lands which the peoples concerned traditionally occupy, and to guarantee effective protection of their rights of ownership and possession.*** भनि यसरी परम्परागत रूपमा उपभोग गरेको भूमिलाई पहिचान गर्न आवश्यक कदम चाल्नुपर्ने र यसको स्वामित्वको हक प्रभावकारी रूपमा संरक्षण गर्नुपर्ने उल्लेख छ । साथै Article 14 (3) मा ***Adequate procedures shall be established within the national legal system to resolve land claims by the peoples concerned.*** भनि यसका लागि पर्याप्त कानून निर्माण गर्नुपर्ने भनि उल्लेख गरिएको छ ।

त्यसै गरी अधिवक्ता शंकर लिम्बु समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, काठमाडौं समेत (रिट नं ०७४-WO-००५२) मा *आदीवासी जनजातिहरुको समस्या शान्तिपूर्ण, वैधानिक र न्यायिक रुपमा समाधान गर्न विपक्षीहरुले आफुले अनुमोदन गरी कार्यान्वयनका लागि नीतिगत प्रतिबद्धता गरे अनुरुपका अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धी नं. १६९ र आदीवासी जनजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र २००७ कार्यान्वयनको लागि आवश्यक पर्ने कानून एवम् नीतिनिर्माण संघ तथा प्रदेश तहका कार्यपालिकीय व्यवस्थापकीय एवम् स्थानीय निकाय समेतले गर्नु गराउनु र यस सम्बन्धमा व्यवस्थापिका संसदमा विचाराधिन विधेयकहरु उपरोक्त महासन्धी र घोषणापत्रको मर्म र भावना अनुरुप हुने गरी पारित वा संशोधन वा परिमार्जन गर्नु गराउनु भनी व्यवस्थापिका संसद सचिवालय र नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नाउँमा यो निर्देशनात्मक आदेश जारी* भएको पाइन्छ ।

अतः उपरोक्त विवेचित कानूनी आधारहरूबाट नेवाः जाति अन्तर्गतका जुगी उप-जातिले परम्परागत रूपमा उपभोग वा भोगचलन गर्दैआइरहेको सतः छें (सत्तलघर) हरूमा उनीहरूको स्वामित्वको हक सुनिश्चित गर्ने राज्यले कानूनी संयन्त्र निर्माण गर्नुपर्ने अवस्था विद्यमान नै रहेको देखिन्छ ।

**आयोगको क्षेत्राधिकार :-** उच्च अदालत पाटनले यस आयोगलाई फैसलामा (प्रकरण ७ ) औंल्याए बमोजिम आदिवासी जनजातीको अधिकारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने अधिकार यस आयोगलाई रहेको प्रस्ट छ ।

अतः उच्च अदालतको आदेश बमोजिम नेवाः जाति अन्तर्गत जुगि उप-जाति (कपाली, दर्शनधारी तथा कुले) ले ऐतिहासिक कालखण्ड देखि भोगचलन तथा उपभोग गर्दै आइरहेका सतःछें (सत्तलघर) हरूमा United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) को Article 26 तथा Indigenous and Tribal Peoples Convention को Article 14 ले प्रत्याभूत गराए बमोजिम स्वामित्वको हकको संरक्षण तथा सुनिश्चितताका लागि कानून निर्माण गर्नुपर्ने भए सो गरी वा अन्य आवश्यक पहल गर्न भनि आदिवासी जनजाती आयोग ऐन, २०७४ को दफा ७ बमोजिम नेपाल सरकारको नाउँमा सिफारिस गरिपाऊँ ।

संलग्न :-

- उच्च अदालत पाटनको फैसलाको प्रमाणित प्रतिलिपि ।

निवेदक,

नाम थर : रुक्शना कपाली (तःधीमैं जुगिनी) ।
ठेगाना : सिमाक्वय्, पतक्व टोल, ललितपुर महानगरपालिका वडा नं १६,
ललितपुर जिल्ला, बागमती प्रदेश ।
ईमेल : rukshanakapali1144@gmail.com ।
सम्पर्क : ९८०८२६२६९९ ।

## सुनिल कपाली

मिति : नेपाल संवत् ११४५ यंला ४ गते ।

श्री आदिवासी जनजाती आयोग,
यल (ललितपुर) ।

विषय : आदिवासी अधिकारको रक्षा गरिपाऊँ ।

महोदय,

उपरोक्त सम्बन्धमा नेवाः जाति अन्तर्गतको जुगि उप-जातिको परम्परागत आवासका सम्बन्धमा यस आयोगमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ बस्ने रुक्शना कपालीद्वारा निवेदन दायर भएको भन्ने बुझियो ।

सो सन्दर्भमा हाम्रो परिवार पनि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं साविक २७ हाल २५ केल टोलमा रहेको सतःछेंमा बसोबास गर्ने परिवार हौं । हामीले आफ्नो घरको पुर्जा समेत पाइसकेका थियौं । तर हामीलाई प्रचलित कानूनको प्राविधिक पक्षमा टेकेर टोलवासीहरूले काठमाडौं जिल्ला अदालतमा मुद्दा हालिदिए । २०६७ सालको DP-१४६७ समेत १२ वटा लगाउ मुद्दाहरू मिति २०६९ असोज ९ गते फैसला हुँदा सत्तल भएको आधारमा हाम्रो पुर्जा बदर भयो । तर काठमाडौं जिल्ला अदालतले हाम्रो परिवारको भोगाधिकार भने कायमै रहने ठहऱ्याएको थियो । यो मुद्दामा तत्कालीन पुनरावेदन अदालत पाटनमा पुनरावेदन पर्दा जिल्ला अदालतको फैसला सदर भयो । सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याइ पाऊँ भन्ने निवेदन पर्दा सर्वोच्च अदालतले अनुमती दिएन । अदालतबाट भोगाधिकार कायम रहने ठहर्दा पनि हाम्रो परिवारले निर्बाध रूपमा भोगचलन गर्न पाएका छैनौं । २०८० सालमा काठमाडौं महानगरपालिकाले हाम्रो परिवारलाई हटाउने भन्ने मौखिक रूपमा त्रास देखाउँदा हामी उच्च अदालत पाटनमा निषेधाज्ञा (रिट नं ०८०-WO-१४५९) मा गयौं । पछी लिखित जवाफ फिराउँदा काठमाडौं महानगरपालिकाले हामीलाई विस्थापित गर्ने प्रयास आफूहरूले गरेको छैन भन्ने जिकिर गर्यो । त्यसैको आधारमा रिट खारेज भयो । तर सोही समयमा रुक्शना कपालीले दायर गरेको सार्वजनिक सरोकारको रिट निवेदन (रिट नं ०८०-WO-१८६९) मा नेवाः जाति अन्तर्गतका कपाली, दर्शनधारी, कुस्ले थर भएका उप-जाति (यस अर्थात् जुगि उप-जाति) र यस्तै प्रकृतिका ऐतिहासिक एवम् परम्परागत रूपमा धर्म र संस्कृतिको संरक्षण, संवर्धन र सञ्चालन गर्दै आएका जाती, जनजातीहरूको पहिचान गरी निजहरूबाट परम्परागत रूपमा हुँदै आएका कार्यहरूले धर्म संस्कृति एवं परम्पराको संरक्षणमा भएको योगदानका सम्बन्धमा अध्ययन अनुसन्धान गरी समग्र तथ्याङ्क संकलन गरी धर्म, संस्कृति, जातजाती र समुदायको उत्थान, संरक्षण, सम्वर्धन गर्ने सम्बन्धमा सार्वजनिक र धार्मिक

१

सम्पत्तिको संरक्षण गर्ने दायित्व रहेको काठमाडौं महानगरपालिकाले आवश्यक उपायहरू अवलम्बन गर्ने गराउन तर्फ आवश्यक पहल गर्नू भनि परमादेश जारी भएको थियो । यसो हुँदा पनि हामीलाई टोलवासी (अन्य कथित उच्च जातका नेवाः समुदायहरूले) सहज रूपमा भोगचलन गर्न दिइरहेको अवस्था छैन । उनीहरू हाम्रो समुदाय र परिवारले त्यहाँ भोगचलन गरिरहेको विरुद्धमा ऐक्यबद्ध छ । अल्पसङ्ख्यक भएको कारणले हामी घिचोमिचोमा परिरहेका छौं । अदालतको फैसलामा हाम्रो भोगाधिकार ठहर गरिसकेको छ भने हाम्रो बसोबास पुष्टी हुने अन्य निस्सा पनि छन् । २०७२ सालको भूकम्पबाट हाम्रो बसोबासको सतःछैं जीर्ण हुँदा हामीले भूकम्प पीडित सम्बन्धी निस्सा बनाएका थियौं । त्यसै गरी विभिन्न समयमा विवाह दर्ता, नाता प्रमाणित, मृत्यु दर्ता जस्ता घटना दर्ता पनि सोही स्थानबाट भएको छ । साथै हाम्रो परिवारको नागरिकता प्रमाणपत्र नै सोही स्थानबाट बनेको छ ।

अतः हामी नेवाः जाति अन्तर्गतका जुगि उप-जाति (कपाली, दर्शनधारी, कुछे) का मानिसहरू ऐतिहासिक कालखण्ड देखि सतःछैंहरूमा बसोबास गर्ने, भोगचलन गर्ने भोगाधिकार सांस्कृतिक एवं प्रथाजन्य कानूनबाट प्राप्त अधिकार नै हो । तर वर्तमान परिपेक्ष्यमा भोगाधिकार मात्रले हाम्रो समुदायको समान हैसियत एवं समान पहुँच सुनिश्चित हुन सक्दैन । हाम्रो पुख्यौंली बसोबास रहेको सतःछैंमा हाम्रो स्वामित्वको हक स्थापित भई आदिवासीको अधिकारको रक्षा हुनुपर्छ भन्ने हाम्रो मागदाबी रहेको छ ।

अतः नेवाः जाति अन्तर्गत जुगि उप-जाति (कपाली, दर्शनधारी तथा कुछे) ले ऐतिहासिक कालखण्ड देखि भोगचलन तथा उपभोग गर्दै आइरहेका सतःछैं (सत्तलघर) हरूमा United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) को Article 26 तथा Indigenous and Tribal Peoples Convention को Article 14 ले प्रत्याभूत गराए बमोजिम स्वामित्वको हकको संरक्षण तथा सुनिश्चितताका लागि कानून निर्माण गर्नुपर्ने भए सो गरी वा अन्य आवश्यक पहल गर्नू भनि आदिवासी जनजाती आयोग ऐन, २०७४ को दफा ७ बमोजिम नेपाल सरकारको नाउँमा सिफारिस गरिपाऊँ ।

संलग्न :- यस निवेदनमा उल्लेख कागजात यसै निवेदन साथ संलग्न छ ।

निवेदक,
नाम थर : सुनिल कपाली ।
ठेगाना : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं २५ । फोन नम्बर : ९८५१०१९६९४ ।

२

मदन कपाली

मिति : नेपाल संवत् ११४५ थैला ४ गते ।

श्री आदिवासी जनजाती आयोग,
ललितपुर ।

विषय : आदिवासी अधिकारको रक्षा गरिपाऊँ ।

महोदय,

उपरोक्त सम्बन्धमा नेवाः जाति अन्तर्गतको जुनि उप-जातिको परम्परागत आवासका सम्बन्धमा यस आयोगमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ बस्ने रुक्शाना कपालीद्वारा निवेदन दायर भएको भन्ने बुझियो ।

सो सन्दर्भमा हाम्रो परिवार पनि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं साविक २७ हाल २५ ज्हाःखें स्वाः (टोल) मा रहेको सतःछेंमा बसोबास गर्ने परिवार हौं । हामी उक्त सतःछेंमा पुस्तौं-पुस्ता बसोबास गरिरहेको देखिने विभिन्न कागजातहरू छन् । हाम्रो परिवारको नागरिकता प्रमाणपत्र यही स्थानबाट बनेको हो । त्यस्तै गरी नाता प्रमाणित, जन्मदर्ता लगायत अन्य घटना दर्ता पनि यसै स्थानबाट भएको छ । हामीले बिजुलीको लाइन जोडी बिजुली पनि उपभोग गरिरहेका छौं । साथै तत्कालीन समयमा हाम्रो बसोबास पुष्टी हुने खालमोहर पनि छ ।

अतः हामी नेवाः जाति अन्तर्गतका जुनि उप-जाति (कपाली, दर्शनधारी, कुछे) का मानिसहरू ऐतिहासिक कालखण्ड देखि सतःछेंहरूमा बसोबास गर्ने, भोगचलन गर्ने भोगाधिकार सांस्कृतिक एवं प्रथाजन्य कानूनबाट प्राप्त अधिकार नै हो । तर वर्तमान परिपेक्ष्यमा भोगाधिकार मात्रले हाम्रो समुदायको समान हैसियत एवं समान पहुँच सुनिश्चित हुन सक्दैन । हाम्रो पुख्यौंली बसोबास रहेको सतःछेंमा हाम्रो स्वामित्वको हक स्थापित भई आदिवासीको अधिकारको रक्षा हुनुपर्छ भन्ने हाम्रो मागदावी रहेको छ ।

अतः नेवाः जाति अन्तर्गत जुनि उप-जाति (कपाली, दर्शनधारी तथा कुछे) ले ऐतिहासिक कालखण्ड देखि भोगचलन तथा उपभोग गर्दै आइरहेका सतःछें (सत्तलघर) हरूमा United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) को Article 26 तथा Indigenous and Tribal Peoples Convention को Article 14 ले प्रत्याभूत गराए बमोजिम स्वामित्वको हकको संरक्षण तथा सुनिश्चितताका



लागि कानून निर्माण गर्नुपर्ने भए सो गरी वा अन्य आवश्यक पहल गर्नू भनि आदिवासी जनजाती आयोग ऐन, २०७४ को दफा ७ बमोजिम नेपाल सरकारको नाउँमा सिफारिश गरिपाऊँ ।

संलग्न :- यस निवेदनमा उल्लेख भएका कागजात यसै निवेदन साथ संलग्न छ ।

निवेदक,

नाम थर : मदन कपाली ।

ठेगाना : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं २५ ।

फोन नम्बर : ९८४१८१५१०६ ।



पन्नाकाजी कपाली

**मिति : नेपाल संवत् ११४५ थंला ४ गते ।**

श्री आदिवासी जनजाती आयोग,
यल (ललितपुर) ।

**विषय : आदिवासी अधिकारको रक्षा गरिपाऊँ ।**

महोदय,
उपरोक्त सम्बन्धमा नेवाः जाति अन्तर्गतको जुगि उप-जातिको परम्परागत आवासका सम्बन्धमा यस आयोगमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ बस्ने रुक्शना कपालीद्वारा निवेदन दायर भएको भन्ने बुझियो ।

सो सन्दर्भमा हाम्रो परिवार पनि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं साविक २७ हाल २५ न्हायकं त्वाः (टोल) मा रहेको सतःछेमा बसोबास गर्ने परिवार हौं । हामी उक्त सतःछेमा पुस्तौं-पुस्ता बसोबास गरिरहेको देखिने विभिन्न कागजातहरू छन् । हाम्रो परिवारको नागरिकता प्रमाणपत्र यही स्थानबाट बनेको हो । यही स्थानबाट हाम्रो राष्ट्रिय परिचयपत्र समेत बनेको छ । वडा नं २७ को कार्यालयबाट मिति २०६०/०९/१४ को च.नं. ३०७ बाट हाम्रो बसोबासको सिफारिस पनि छ । त्यसै गरी नाता प्रमाणित लगायत अन्य घटना दर्ता पनि यसै स्थानबाट भएको छ । हामीले बिजुलीको लाइन जोडी बिजुली पनि उपभोग गरिरहेका छौं ।

अतः हामी नेवाः जाति अन्तर्गतका जुगि उप-जाति (कपाली, दर्शनधारी, कुस्ले) का मानिसहरू ऐतिहासिक कालखण्ड देखि सतःछेंहरूमा बसोबास गर्ने, भोगचलन गर्ने भोगाधिकार सांस्कृतिक एवं प्रथाजन्य कानूनबाट प्राप्त अधिकार नै हो । तर वर्तमान परिपेक्ष्यमा भोगाधिकार मात्रले हाम्रो समुदायको समान हैसियत एवं समान पहुँच सुनिश्चित हुन सक्दैन । हाम्रो पुख्यौंली बसोबास रहेको सतःछेंमा हाम्रो स्वामित्वको हक स्थापित भई आदिवासीको अधिकारको रक्षा हुनुपर्छ भन्ने हाम्रो मागदावी रहेको छ ।

अतः नेवाः जाति अन्तर्गत जुगि उप-जाति (कपाली, दर्शनधारी तथा कुस्ले) ले ऐतिहासिक कालखण्ड देखि भोगचलन तथा उपभोग गर्दै आइरहेका सतःछें (सत्तलधर) हरूमा United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) को Article 26 तथा Indigenous and Tribal Peoples Convention को Article 14 ले प्रत्याभूत गराए बमोजिम स्वामित्वको हकको संरक्षण तथा सुनिश्चितताका

लागि कानून निर्माण गर्नुपर्ने भए सो गरी वा अन्य आवश्यक पहल गर्नु भनि आदिवासी जनजाती आयोग ऐन, २०७४ को दफा ७ बमोजिम नेपाल सरकारको नाउँमा सिफारिस गरिपाऊँ ।

**संलग्न :-** यस निवेदनमा उल्लेख भएका कागजात यसै निवेदन साथ संलग्न छ ।

निवेदक,

नाम थर : पन्नाकाजि कपाली ।

ठेगाना : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं २५ ।

फोन नम्बर : ९८४१५६८०४३ ।

विश्वेन्द्र दर्शनधारी

मिति : नेपाल संवत् ११४५ यंला ४ गते ।

श्री आदिवासी जनजाती आयोग,
यल (ललितपुर) ।


**विषय : आदिवासी अधिकारको रक्षा गरिपाऊँ ।**

महोदय,
उपरोक्त सम्बन्धमा नेवाः जाति अन्तर्गतको जुगि उप-जातिको परम्परागत आवासका सम्बन्धमा यस आयोगमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ बस्ने रुक्शना कपालीद्वारा निवेदन दायर भएको भन्ने बुझियो ।

सो सन्दर्भमा हाम्रो परिवार पनि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं सांविक २६ हाल २४ किलाघल टोलमा रहेको सतःछेंमा बसोबास गर्ने परिवार हौं । हामी उक्त सतःछेंमा पुस्तौं-पुस्ता बसोबास गरिरहेको देखिने विभिन्न कागजातहरू छन् । हाम्रो परिवारको नागरिकता प्रमाणपत्र यही स्थानबाट बनेको हो । तत्कालीन काठमाडौं नगर पञ्चायतबाट मिति २०४०/०१/०९ को च.नं. ८४ को पत्रबाट हाम्रो बसोबास उक्त स्थानमा रहेको छ भन्ने व्यहोराको सिफारिस भएको छ । २०७२ सालको भूकम्पबाट उक्त सतःछेंं प्रभावित हुँदा हामी पीडित भन्ने परिचयपत्र पनि बनेको छ । त्यसबापत् हामीले राहत रकम पनि पाएका छौं । त्यसै गरी हाम्रो परिवारको मृत्यु दर्ता, नाता प्रमाणित लगायतका घटना दर्ता पनि यही स्थानबाट भएको छ । हामीले यस सतःछेंमा बिजुलीको लाइन जोडी उपभोग गर्दै आइरहेका छौं । त्यसैगरी हामीले खानेपानीको लाइन पनि जडान गरी पानीको उपभोग गरिरहेका छौं । हाल भूकम्पले जीर्ण हाम्रो घर हामीले पुनःनिर्माण गर्न पाएका छैनौं । त्यसबाट हामी त्रासयुक्त र जोखिमपूर्ण ढङ्गले जीवनयापन गरिरहेका छौं ।

अतः हामी नेवाः जाति अन्तर्गतका जुगि उप-जाति (कपाली, दर्शनधारी, कुछे) का मानिसहरू ऐतिहासिक कालखण्ड देखि सतःछेंहरूमा बसोबास गर्ने, भोगचलन गर्ने भोगाधिकार सांस्कृतिक एवं प्रथाजन्य कानूनबाट प्राप्त अधिकार नै हो । तर वर्तमान परिप्रेक्ष्यमा भोगाधिकार मात्रले हाम्रो समुदायको समान हैसियत एवं समान पहुँच सुनिश्चित हुन सक्दैन । हाम्रो पुर्खौंली बसोबास रहेको सतःछेंमा हाम्रो स्वामित्वको हक स्थापित भई आदिवासीको अधिकारको रक्षा हुनुपर्छ भन्ने हाम्रो मागदावी रहेको छ ।

१



अतः नेवाः जाति अन्तर्गत जुगि उप-जाति (कपाली, दर्शनधारी तथा कुश्ले) ले ऐतिहासिक कालखण्ड देखि भोगचलन तथा उपभोग गर्दै आइरहेका सतःछें (सत्तलघर) हरूमा United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) को Article 26 तथा Indigenous and Tribal Peoples Convention को Article 14 ले प्रत्याभूत गराए बमोजिम स्वामित्वको हकको संरक्षण तथा सुनिश्चितताका लागि कानून निर्मान गर्नुपर्ने भए सो गरी वा अन्य आवश्यक पहल गर्नू भनि आदिवासी जनजाती आयोग ऐन, २०७४ को दफा ७ बमोजिम नेपाल सरकारको नाउँमा सिफारिस गरिपाऊँ ।

संलग्न :- यस निवेदनमा उल्लेख भएका कागजात यसै निवेदन साथ संलग्न छ ।

निवेदक,
नाम थर : विश्वेन्द्र दर्शनधारी ।
ठेगाना : काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं २४ ।
फोन नम्बर : ९८४११२२५५६ ।



बसन्त दर्शनधारी

मिति : नेपाल संवत् ११४५ यंला ४ गते ।

श्री आदिवासी जनजाती आयोग,
यल (ललितपुर) ।

<u>विषय : आदिवासी अधिकारको रक्षा गरिपाऊँ ।</u>

महोदय,

उपरोक्त सम्बन्धमा नेवाः जाति अन्तर्गतको जुगि उप-जातिको परम्परागत आवासका सम्बन्धमा यस आयोगमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ बस्ने रुक्शना कपालीद्वारा निवेदन दायर भएको भन्ने बुझियो ।

सो सन्दर्भमा हाम्रो परिवार पनि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं साविक २६ हाल २४ किलाथल टोल घर नं २९७/९ मा रहेको सतःछेंमा बसोबास गर्ने परिवार हौं । हामी उक्त सतःछेंमा पुस्तौं-पुस्ता बसोबास गरिरहेको देखिने विभिन्न कागजातहरू छन् । हाम्रो परिवारको नागरिकता प्रमाणपत्र यही स्थानबाट बनेको हो । काठमाडौं महानगरपालिकाले उक्त कि.नं. ३५१ को घरजग्गामा हाम्रो परिवारको बसोबास छ भन्ने सर्जिली मुचुल्का पनि उठाएको छ । महानगरको वडा नं २६ कार्यालयले मिति २०६३/०५/१३ को च.नं. ५४ बाट सोही व्यहोरा सिफारिस भएको छ । त्यसै गरी २०७२ सालको भूकम्पबाट उक्त सतःछें प्रभावित हुँदा हामी पीडित भन्ने परिचयपत्र पनि बनेको छ । त्यसबापत् हामीले राहत रकम पनि पाएका छौं । त्यसै गरी हाम्रो परिवारको मृत्यु दर्ता, नाता प्रमाणित लगायतका घटना दर्ता पनि यही स्थानबाट भएको छ । हामीले यस सतःछेंमा बिजुलीको लाइन जोडी उपभोग गर्दै आइरहेका छौं । हाल भूकम्पले जीर्ण हाम्रो घर हामीले पुनःनिर्माण गर्न पाएका छैनौं । त्यसबाट हामी त्रासयुक्त र जोखिमपूर्ण ढङ्गले जीवनयापन गरिरहेका छौं ।

अतः हामी नेवाः जाति अन्तर्गतका जुगि उप-जाति (कपाली, दर्शनधारी, कुक्षे) का मानिसहरू ऐतिहासिक कालखण्ड देखि सतःछेंहरूमा बसोबास गर्ने, भोगचलन गर्ने भोगाधिकार सांस्कृतिक एवं प्रथाजन्य कानूनबाट प्राप्त अधिकार नै हो । तर वर्तमान परिपेक्ष्यमा भोगाधिकार मात्रले हाम्रो समुदायको समान हैसियत एवं समान पहुँच सुनिश्चित हुन सक्दैन । हाम्रो पुख्यौंली बसोबास रहेको सतःछेंमा हाम्रो स्वामित्वको हक स्थापित भई आदिवासीको अधिकारको रक्षा हुनुपर्छ भन्ने हाम्रो मागदावी रहेको छ ।

गीता कपाली

मिति : नेपाल संवत् ११४५ यंला ४ गते ।

श्री आदिवासी जनजाती आयोग,
यल (ललितपुर) ।

विषय : आदिवासी अधिकारको रक्षा गरिपाऊँ ।

महोदय,

उपरोक्त सम्बन्धमा नेवाः जाति अन्तर्गतको जुगि उप-जातिको परम्परागत आवासका सम्बन्धमा यस आयोगमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ बस्ने रुक्शना कपालीद्वारा निवेदन दायर भएको भन्ने बुझियो ।

सो सन्दर्भमा हाम्रो परिवार पनि ललितपुर जिल्ला सावित ललितपुर उप-महानगरपालिका वडा नं ११ हाल ललितपुर महानगरपालिका वडा नं १२ मङ्गल टोलमा रहेको सतःछेंमा बसोबास गर्ने परिवार हौं । उक्त सतःछेंमा हाम्रो परिवारको उठीबास गराएर हाल पर्यटक प्रहरी पोष्टको स्थानपा गरिएको छ । हामी उक्त सतःछेंमा पुस्तौं-पुस्ता बसोबास गरिरहेको देखिने विभिन्न कागजातहरू छन् । हाम्रो परिवारको नागरिकता प्रमाणपत्र यही स्थानबाट बनेको हो । हाम्रो परिवारको मृत्यु दर्ता, नाता प्रमाणित लगायतका घटना दर्ता पनि यही स्थानबाट भएको छ । हामीले बसोबास गर्दा नेपाल विद्युत कर्पोरेशनबाट बिजुली लाइन जडान गरेका थियौं । हामीले स्वबासी घरजग्गाको अस्थायी प्रमाणपत्र समेत पाएका थियौं । नापी किल्ला नं १०१० को फिल्डबुकमा हाम्रो नाम समेत जनिएको थियो । Kathmandu Valley Preservation Trust नामक संस्थाको संलग्नतामा हामीलाई उक्त सतःछेंबाट उठीबास लगाइएको थियो । मेरो बुवा लेखपढ गर्न नजान्ने भएकाले त्यसको गलत फाइदा उठाई कागजातहरूमा दस्तखत गराएको हामीसँग एक प्रति पनि छैन । सर्वप्रथम हामी आफ्नो पुख्यौंली बसोबास रहेको स्थानमा फर्की पुनःबास गर्न चाहन्छौं ।

अतः हामी नेवाः जाति अन्तर्गतका जुगि उप-जाति (कपाली, दर्शनधारी, कुछे) का मानिसहरू ऐतिहासिक कालखण्ड देखि सतःछेंहरूमा बसोबास गर्ने, भोगचलन गर्ने भोगाधिकार सांस्कृतिक एवं प्रथाजन्य कानूनबाट प्राप्त अधिकार नै हो । तर वर्तमान परिपेक्ष्यमा भोगाधिकार मात्रले हाम्रो समुदायको समान हैसियत एवं समान पहुँच सुनिश्चित हुन सक्दैन । हाम्रो पुख्यौंली बसोबास रहेको सतःछेंमा हाम्रो स्वामित्वको हक स्थापित भई आदिवासी[illegible] अधिकारको रक्षा हुनुपर्छ भन्ने हाम्रो मागदावी रहेको छ ।

गीता कपाली

गीता कपाली

अतः नेवाः जाति अन्तर्गत जुगि उप-जाति (कपाली, शेमधारी तथा कुले) ले ऐतिहासिक कालखण्ड देखि भोगचलन तथा उपभोग गर्दै आइरहेका सतःछें (सत्तलघर) हरूमा United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) को Article 26 तथा Indigenous and Tribal Peoples Convention को Article 14 ले प्रत्याभूत गराए बमोजिम स्वामित्वको हकको संरक्षण तथा सुनिश्चितताका लागि कानून निर्माण गर्नुपर्ने भए सो गरी वा अन्य आवश्यक पहल गर्नू भनि आदिवासी जनजाती आयोग ऐन, २०७४ को दफा ७ बमोजिम नेपाल सरकारको नाउँमा सिफारिस गरिपाऊँ ।

संलग्न :- यस निवेदनमा उल्लेख भएका कागजात यसै निवेदन साथ संलग्न छ ।

निवेदक,

नाम थर : गीता कपाली ।

ठेगाना : ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं ११ ।

फोन नम्बर : ९८१३३[illegible]५२ ।

गीता कपाली

अशोक कपाली

मिति : नेपाल संवत् ११४५ यंला ४ गते ।

श्री आदिवासी जनजाती आयोग,
यल (ललितपुर) ।

विषय : आदिवासी अधिकारको रक्षा गरिपाऊँ ।

महोदय,
उपरोक्त सम्बन्धमा नेवाः जाति अन्तर्गतको जुगि उप-जातिको परम्परागत आवासका सम्बन्धमा यस आयोगमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ बस्ने रुक्शना कपालीद्वारा निवेदन दायर भएको भन्ने बुझियो ।

सो सन्दर्भमा हाम्रो परिवार पनि ललितपुर जिल्ला सविक ललितपुर उप-महानगरपालिका वडा नं २२ हाल ललितपुर महानगरपालिका वडा नं ११ क्वन्ति टोलमा रहेको सतःछेंमा वसोवास गर्ने परिवार हौं । हामी उक्त सतःछेंमा पुस्तौं-पुस्ता वसोवास गरिरहेको देखिने विभिन्न कागजातहरू छन् । हाम्रो परिवारको नागरिकता प्रमाणपत्र यही स्थानवाट वनेको हो । हाम्रो परिवारको मृत्यु दर्ता, नाता प्रमाणित लगायतका घटना दर्ता पनि यही स्थानवाट भएको छ । हाम्रो घर २०७२ सालको भूकम्पमा जीर्ण भई भूकम्प पीडितको निस्सा पनि पाएका छौं । पुरातत्व विभाग अन्तर्गतको स्मारक संरक्षण तथा दरवार हेरचाह कार्यालयले मिति २०७५/०२/१४ को च.नं. १७९ मा मेरो आमा अहमाया कपालीको नाउँमा पत्र काटी पुनःनिर्माण वा जीर्णोद्धार गर्नका लागि भनि खाली गर्नू भन्ने पत्र पाएको थियो । हामीलाई पुनःनिर्माण पछी पुनः वसोवास गर्न दिने भन्ने मौखिक आश्वासन दिएको थियो । तर हालसम्म पनि हाम्रो पुनःवास सुनिश्चित भएको छैन । सर्वप्रथम हामी आफ्नो पुख्यौंली वसोवास रहेको स्थानमा पुनः फर्की वसोवास गर्न चाहन्छौं ।

अतः हामी नेवाः जाति अन्तर्गतका जुगि उप-जाति (कपाली, दर्शनधारी, कुन्हे) का मानिसहरू ऐतिहासिक कालखण्ड देखि सतःछेंहरूमा वसोवास गर्ने, भोगचलन गर्ने भोगाधिकार सांस्कृतिक एवं प्रथाजन्य कानूनवाट प्राप्त अधिकार नै हो । तर वर्तमान परिपेक्ष्यमा भोगाधिकार मात्रले हाम्रो समुदायको समान हैसियत एवं समान पहुँच सुनिश्चित हुन सक्दैन । हाम्रो पुख्यौंली वसोवास रहेको सतःछेंमा हाम्रो स्वामित्वको हक स्थापित भई आदिवासीको अधिकारको रक्षा हुनुपर्छ भन्ने हाम्रो माग्दावी रहेको छ ।

१

अतः नेवाः जाति अन्तर्गत जुगि उप-जाति (कपाली, दर्शनधारी तथा कुछे) ले ऐतिहासिक कालखण्ड देखि भोगचलन तथा उपभोग गर्दै आइरहेका सतःछें (सत्तलघर) हरूमा United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) को Article 26 तथा Indigenous and Tribal Peoples Convention को Article 14 ले प्रत्याभूत गराए बमोजिम स्वामित्वको हकको संरक्षण तथा सुनिश्चितताका लागि कानून निर्माण गर्नुपर्ने भए सो गरी वा अन्य आवश्यक पहल गर्नू भनि आदिवासी जनजाती आयोग ऐन, २०७४ को दफा ७ बमोजिम नेपाल सरकारको नाउँमा सिफारिस गरिपाऊँ ।

संलग्न :- यस निवेदनमा उल्लेख भएका कागजात यसै निवेदन साथ संलग्न छ ।

निवेदक,

नाम थर : अशोक कपाली ।

ठेगाना : ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं ११ ।

फोन नम्बर : ९८२३४९२२४७ ।

बिपना कपाली

मिति : नेपाल संवत् ११४५ यंला ४ गते ।

श्री आदिवासी जनजाती आयोग,
यल (ललितपुर) ।

आदिवासी जनजाति आयोग
दर्ता नं.: २८
मिति २०७४।८।६

विषय : आदिवासी अधिकारको रक्षा गरिपाऊँ ।

महोदय,


उपरोक्त सम्बन्धमा नेवाः जाति अन्तर्गतको जुगि उप-जातिको परम्परागत आवासका सम्बन्धमा यस आयोगमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ बस्ने रुक्शना कपालीद्वारा निवेदन दायर भएको भन्ने बुझियो ।

सो सन्दर्भमा हाम्रो परिवार पनि ललितपुर जिल्ला साविक ललितपुर उप-महानगरपालिका वडा नं १४ हाल ललितपुर महानगरपालिका वडा नं १६ भिंघः टोलमा रहेको सतःछेंमा बसोबास गर्ने परिवार हौं । हामी उक्त सतःछेंमा पुस्तौं-पुस्ता बसोबास गरिरहेको देखिने विभिन्न कागजातहरू छन् । हाम्रो परिवारको नागरिकता प्रमाणपत्र यही स्थानबाट बनेको हो । हाम्रो परिवारको मृत्यु दर्ता, नाता प्रमाणित लगायतका घटना दर्ता पनि यही स्थानबाट भएको छ । त्यसै गरी हामीले बिजुलीको लाइन जोडी बिजुली बत्तीको उपभोग पनि गरिरहेका छौं । हाम्रो घर भूकम्पले प्रभावित भई जीर्ण भएको थियो । तर हामीले पुनःनिर्माण गर्न पाएका छैनौं । भूकम्पले जीर्ण हाम्रो घर कुन बेला के हुने हो भन्ने डरत्रास र जोखिममा हामी बसोबास गर्नुपरेको छ ।

अतः हामी नेवाः जाति अन्तर्गतका जुगि उप-जाति (कपाली, दर्शनधारी, कुछे) का मानिसहरू ऐतिहासिक कालखण्ड देखि सतःछेंहरूमा बसोबास गर्ने, भोगचलन गर्ने भोगाधिकार सांस्कृतिक एवं प्रथाजन्य कानूनवाट प्राप्त अधिकार नै हो । तर वर्तमान परिपेक्ष्यमा भोगाधिकार मात्रले हाम्रो समुदायको समान हैसियत एवं समान पहुँच सुनिश्चित हुन सक्दैन । हाम्रो पुख्यौंली बसोबास रहेको सतःछेंमा हाम्रो स्वामित्वको हक स्थापित भई आदिवासीको अधिकारको रक्षा हुनुपर्छ भन्ने हाम्रो मागदाबी रहेको छ ।

अतः नेवाः जाति अन्तर्गत जुगि उप-जाति (कपाली, दर्शनधारी तथा कुछे) ले ऐतिहासिक कालखण्ड देखि भोगचलन तथा उपभोग गर्दै आइरहेका सतःछें (सत्तलघर) हरूमा United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) को Article 26 तथा Indigenous and Tribal Peoples





Convention को Article 14 ले प्रत्याभूत गराए वमोजिम स्वामित्वको हकको संरक्षण तथा सुनिश्चितताका लागि कानून निर्मान गर्नुपर्ने भए सो गरी वा अन्य आवश्यक पहल गर्नू भनि आदिवासी जनजाती आयोग ऐन, २०७४ को दफा ७ वमोजिम नेपाल सरकारको नाउँमा सिफारिस गरिपाऊँ ।

संलग्न :- यस निवेदनमा उल्लेख भएका कागजात यसै निवेदन साथ संलग्न छ ।

निवेदक,

नाम थर : बिपना कपाली ।

ठेगाना : ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ ।

फोन नम्बर : ९८४२५८१९११ ।



प्रदिप कपाली
मिति : नेपाल संवत् ११४५ यंला ४ गते ।

श्री आदिवासी जनजाती आयोग,
यल (ललितपुर) ।


<u>विषय : आदिवासी अधिकारको रक्षा गरिपाऊँ ।</u>

महोदय,
उपरोक्त सम्वन्धमा नेवाः जाति अन्तर्गतको जुगि उप-जातिको परम्परागत आवासका सम्वन्धमा यस आयोगमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ वस्ने रुक्शना कपालीद्वारा निवेदन दायर भएको भन्ने वुझियो ।

सो सन्दर्भमा हाम्रो परिवार पनि भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं साविक ११ हाल ५ तःमारि टोलमा रहेको सतःछेंमा वसोवास गर्ने परिवार हौं । हामी उक्त सतःछेंमा पुस्तौं-पुस्ता वसोवास गरिरहेको देखिने विभिन्न कागजातहरू छन् । हाम्रो परिवारको नागरिकता प्रमाणपत्र यही स्थानवाट वनेको छ । त्यसै गरी नाता प्रमाणित, मृत्यु दर्ता जस्ता घटना दर्ताहरू पनि यही स्थानवाट भएको छ । त्यसै गरी हामीले विजुलीको लाइन जडान गरी उपभोग गरिरहेका छौं ।

अतः हामी नेवाः जाति अन्तर्गतका जुगि उप-जाति (कपाली, दर्शनधारी, कुस्ले) का मानिसहरू ऐतिहासिक कालखण्ड देखि सतःछेंहरूमा वसोवास गर्ने, भोगचलन गर्ने भोगाधिकार सांस्कृतिक एवं प्रथाजन्य कानूनवाट प्राप्त अधिकार नै हो । तर वर्तमान परिपेक्ष्यमा भोगाधिकार मात्रले हाम्रो समुदायको समान हैसियत एवं समान पहुँच सुनिश्चित हुन सक्दैन । हाम्रो पुख्यौंली वसोबास रहेको सतःछेंमा हाम्रो स्वामित्वको हक स्थापित भई आदिवासीको अधिकारको रक्षा हुनुपर्छ भन्ने हाम्रो मागदावी रहेको छ ।

अतः नेवाः जाति अन्तर्गत जुगि उप-जाति (कपाली, दर्शनधारी तथा कुस्ले) ले ऐतिहासिक कालखण्ड देखि भोगचलन तथा उपभोग गर्दै आइरहेका सतःछें (सत्तलघर) हरूमा United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) को Article 26 तथा Indigenous and Tribal Peoples Convention को Article 14 ले प्रत्याभूत गराए वमोजिम स्वामित्वको हकको संरक्षण तथा सुनिश्चितताका लागि कानून निर्मान गर्नुपर्ने भए सो गरी वा अन्य आवश्यक पहल गर्नू भनि आदिवासी जनजाती आयोग ऐन, २०७४ को दफा ७ वमोजिम नेपाल सरकारको नाउँमा सिफारिस गरिपाऊँ ।



संलग्न :- यस निवेदनमा उल्लेख भएका कागजात यसै निवेदन साथ संलग्न छ ।

निवेदक,

नाम थर : प्रदिप कपाली ।

ठेगाना : भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं ५ ।

फोन नम्बर : ९८१८३५४५३० ।



जमुना कपाली

**मिति : नेपाल संवत् ११४५ यंला ४ गते ।**

**श्री आदिवासी जनजाती आयोग,**
**यल (ललितपुर) ।**

**<u>विषय : आदिवासी अधिकारको रक्षा गरिपाऊँ ।</u>**

**महोदय,**
**उपरोक्त सम्बन्धमा नेवाः जाति अन्तर्गतको जुगि उप-जातिको परम्परागत आवासका सम्बन्धमा यस आयोगमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ बस्ने रुक्शना कपालीद्वारा निवेदन दायर भएको भन्ने बुझियो ।**

सो सन्दर्भमा हाम्रो परिवार पनि भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं साविक ४ हाल १० थालाछें टोलमा रहेको सतःछेंमा वसोवास गर्ने परिवार हौं । भक्तपुर नगरपालिकाको मिति २०६७/०१/३१ को च.नं. ४७३ को पत्र काटी अन्य स्थानीयहरूको निवेदनको आधारमा हामीहरूलाई हटाइएको थियो । हामी वसोवास गरिरहेको सतःछें भूकम्पका कारण जीर्ण भई पुनःनिर्माण गर्ने भनि हामीलाई हटाइएको थियो । मिति २०६७ जेठ २८ गते भक्तपुर नगरपालिकाका मेयर सहित नगरपालिकाको बैठक वसी हामी २ परिवारलाई हटाउने निर्णय भएको रहेछ । हामीले साविक सरह वसोवास गर्न पाऊँ भनि नगरपालिकामा निवेदन दिने प्रयास गरेका थियौं, तर निवेदन दर्ता समेत भएन । हामी हाल कोठा भाडामा लिई बसोवास गरिरहनुपरेको छ । हामी उक्त सतःछेंमा पुस्तौं-पुस्ता वसोवास गरिरहेको देखिने विभिन्न कागजातहरू छन् । हाम्रो परिवारको नागरिकता प्रमाणपत्र यही स्थानवाट वनेको छ । त्यसै गरी नाता प्रमाणित, मृत्यु दर्ता जस्ता घटना दर्ताहरू पनि यही स्थानवाट भएको छ । त्यसै गरी हामीलाई उक्त स्थानवाट हटाउने भन्ने भक्तपुर नगरपालिकाको निर्णयवाट पनि हाम्रो वसोवास रहेको पुष्टी हुन्छ । साथै २०६२ सालमा वडा प्रहरी कार्यालयवाट हाम्रो घरमा कोको कतिजना वसोवास गर्छन् भन्ने सर्वेक्षण समेत गरेको थियो । सर्वप्रथम हामी घरबारविहीन भई कोठा भाडामा वस्न जान वाध्य भएको अवस्थावाट मर्का परेको हुनाले साविक सरह हामी उक्त सतःछेंमा फिर्ता गई वसोवास गर्न चाहन्छौं ।

अतः हामी नेवाः जाति अन्तर्गतका जुगि उप-जाति (कपाली, दर्शनधारी, कुछे) का मानिसहरू ऐतिहासिक कालखण्ड देखि सतःछेंहरूमा वसोवास गर्ने, भोगचलन गर्ने भोगाधिकार सांस्कृतिक एवं प्रथाजन्य कानूनवाट प्राप्त अधिकार हो । तर वर्तमान परिपेक्ष्यमा भोगाधिकार मात्रले हाम्रो समुदायको समान



हैसियत एवं समान पहुँच सुनिश्चित हुन सक्दैन । हाम्रो पुख्यौंली वसोवास रहेको सतःछेंमा हाम्रो स्वामित्वको हक स्थापित भई आदिवासीको अधिकारको रक्षा हुनुपर्छ भन्ने हाम्रो मागदावी रहेको छ ।

अतः नेवाः जाति अन्तर्गत जुगि उप-जाति (कपाली, दर्शनधारी तथा कुश्ले) ले ऐतिहासिक कालखण्ड देखि भोगचलन तथा उपभोग गर्दै आइरहेका सतःछें (सत्तलघर) हरूमा United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) को Article 26 तथा Indigenous and Tribal Peoples Convention को Article 14 ले प्रत्याभूत गराए बमोजिम स्वामित्वको हकको संरक्षण तथा सुनिश्चितताका लागि कानून निर्मान गर्नुपर्ने भए सो गरी वा अन्य आवश्यक पहल गर्नू भनि आदिवासी जनजाती आयोग ऐन, २०७४ को दफा ७ बमोजिम नेपाल सरकारको नाउँमा सिफारिस गरिपाऊँ ।


संलग्न :- यस निवेदनमा उल्लेख भएका कागजात यसै निवेदन साथ संलग्न छ ।

निवेदक,

नाम थर : जमुना कपाली ।

ठेगाना : भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं १० ।

फोन नम्बर : ९८०८७७२३२२ ।



पुरुषोत्तम कपाली

मिति : नेपाल संवत् ११४५ गेला ४ गते ।

श्री आदिवासी जनजाती आयोग,
यल (ललितपुर) ।

विषय : आदिवासी अधिकारको रक्षा गरिपाऊँ ।


महोदय,

उपरोक्त सम्बन्धमा नेवाः जाति अन्तर्गतको जुगि उप-जातिको परम्परागत आवासका सम्बन्धमा यस आयोगमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ बस्ने रुक्शाना कपालीद्वारा निवेदन दायर भएको भन्ने बुझियो ।

सो सन्दर्भमा हाम्रो परिवार पनि भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं साविक ५ हाल ११ तःमारि टोलमा रहेको सतःछेंमा बसोबास गर्ने परिवार हौं । हामी उक्त सतःछेंमा पुस्तौं-पुस्ता बसोबास गरिरहेको देखिने विभिन्न कागजातहरू छन् । हाम्रो परिवारको नागरिकता प्रमाणपत्र यही स्थानबाट बनेको छ । त्यसै गरी नाता प्रमाणित जस्ता घटना दर्ताहरू पनि यही स्थानबाट भएको छ । त्यसै गरी हामीले उक्त स्थानमा बिजुलीको लाइन जडान गरी बिजुली पनि लिएका थियौं । साथै २०६२ सालमा वडा प्रहरी कार्यालयबाट हाम्रो घरमा कोको कतिजना बसोबास गर्छन्' भन्ने सर्वेक्षण समेत गरेको थियो ।

अतः हामी नेवाः जाति अन्तर्गतका जुगि उप-जाति (कपाली, दर्शनधारी, कुछे) का मानिसहरू ऐतिहासिक कालखण्ड देखि सतःछेंहरूमा बसोबास गर्ने, भोगचलन गर्ने भोगाधिकार सांस्कृतिक एवं प्रथाजन्य कानूनबाट प्राप्त अधिकार नै हो । तर वर्तमान परिपेक्ष्यमा भोगाधिकार मात्रले हाम्रो समुदायको समान हैसियत एवं समान पहुँच सुनिश्चित हुन सक्दैन । हाम्रो पुख्यौंली बसोबास रहेको सतःछेंमा हाम्रो स्वामित्वको हक स्थापित भई आदिवासीको अधिकारको रक्षा हुनुपर्छ भन्ने हाम्रो मागदाबी रहेको छ ।

अतः नेवाः जाति अन्तर्गत जुगि उप-जाति (कपाली, दर्शनधारी तथा कुछे) ले ऐतिहासिक कालखण्ड देखि भोगचलन तथा उपभोग गर्दै आइरहेका सतःछें (सत्तलघर) हरूमा United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) को Article 26 तथा Indigenous and Tribal Peoples Convention को Article 14 ले प्रत्याभूत गराए बमोजिम स्वामित्वको हकको संरक्षण तथा सुनिश्चितताका





लागि कानून निर्माण गर्नुपर्ने भए सो गरी वा अन्य आवश्यक पहल गर्नु भनि आदिवासी जनजाती आयोग ऐन, २०७४ को दफा ७ बमोजिम नेपाल सरकारको नाउँमा सिफारिस गरिपाऊँ ।

संलग्न :- यस निवेदनमा उल्लेख भएका कागजात यसै निवेदन साथ संलग्न छ ।

निवेदक,

नाम थर : पुरुषोत्तम कपाली ।

ठेगाना : भक्तपुर जिल्ला भक्तपुर नगरपालिका वडा नं ११ ।

फोन नम्बर : ९८४१७७५९३६ ।



पुनम कपाली

**मिति : नेपाल संवत् ११४५ यंला ४ गते ।**

श्री आदिवासी जनजाती आयोग,
यल (ललितपुर) ।

**विषय : आदिवासी अधिकारको रक्षा गरिपाऊँ ।**

महोदय,

उपरोक्त सम्वन्धमा नेवाः जाति अन्तर्गतको जुगि उप-जातिको परम्परागत आवासका सम्वन्धमा यस आयोगमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ वस्ने रुक्शना कपालीद्वारा निवेदन दायर भएको भन्ने वुझियो ।

सो सन्दर्भमा हाम्रो परिवार पनि काभ्रेपलाञ्चोक जिल्ला वनेपा नगरपालिका वडा नं साविक ३ हाल ९ दछु टोल नारांघःमा रहेको सतःछेंमा वसोवास गर्ने परिवार हौं । हामी उक्त सतःछेंमा पुस्तौं-पुस्ता वसोवास गरिरहेको देखिने विभिन्न कागजातहरू छन् । हाम्रो परिवारको नागरिकता प्रमाणपत्र यही स्थानवाट वनेको छ । त्यसै गरी जन्मदर्ता तथा मृत्यु दर्ता जस्ता घटना दर्ताहरू पनि यही स्थानवाट भएको छ । हामीले विजुलीको लाइन जोडी विजुली पनि उपयोग गरिरहेका छौं ।

अतः हामी नेवाः जाति अन्तर्गतका जुगि उप-जाति (कपाली, दर्शनधारी, कुस्ले) का मानिसहरू ऐतिहासिक कालखण्ड देखि सतःछेंहरूमा वसोवास गर्ने, भोगचलन गर्ने भोगाधिकार सांस्कृतिक एवं प्रथाजन्य कानूनवाट प्राप्त अधिकार नै हो । तर वर्तमान परिपेक्ष्यमा भोगाधिकार मात्रले हाम्रो समुदायको समान हैसियत एवं समान पहुँच सुनिश्चित हुन सक्दैन । हाम्रो पुख्यौंली वसोवास रहेको सतःछेंमा हाम्रो स्वामित्वको हक स्थापित भई आदिवासीको अधिकारको रक्षा हुनुपर्छ भन्ने हाम्रो मागदावी रहेको छ ।

अतः नेवाः जाति अन्तर्गत जुगि उप-जाति (कपाली, दर्शनधारी तथा कुस्ले) ले ऐतिहासिक कालखण्ड देखि भोगचलन तथा उपभोग गर्दै आइरहेका सतःछें (सत्तलघर) हरूमा United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) को Article 26 तथा Indigenous and Tribal Peoples Convention को Article 14 ले प्रत्याभूत गराए वमोजिम स्वामित्वको हकको संरक्षण तथा सुनिश्चितताका लागि कानून निर्मान गर्नुपर्ने भए सो गरी वा अन्य आवश्यक पहल गर्नू भनि आदिवासी जनजाती आयोग ऐन, २०७४ को दफा ७ वमोजिम नेपाल सरकारको नाउँमा सिफारिस गरिपाऊँ ।

पुनम

पुनम 

संलग्न :- यस निवेदनमा उल्लेख भएका कागजात यसै निवेदन साथ संलग्नं छ ।

निवेदक,

नाम थर : पुनम कपाली ।

ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला वनेपा नगरपालिका वडा नं ९ ।

फोन नम्बर : ९८१८७६५८६७ ।

पुनम 

मतिना कपाली

**मिति : नेपाल संवत् ११४५ गते ४ गते ।**

श्री आदिवासी जनजाती आयोग,
यल (ललितपुर) ।

**विषय : आदिवासी अधिकारको रक्षा गरिपाऊँ ।**


महोदय,

उपरोक्त सम्बन्धमा नेवाः जाति अन्तर्गतको जुगि उप-जातिको परम्परागत आवासका सम्बन्धमा यस आयोगमा ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ बस्ने रुक्शाना कपालीद्वारा निवेदन दायर भएको भन्ने बुझियो ।

सो सन्दर्भमा हाम्रो परिवार पनि काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं साबिक ३ हाल ९, भोलखा टोल कित्ता नं ७०२ घर नं २३३ मा रहेको सतःछेंमा बसोबास गर्ने परिवार हौं । हामी उक्त सतःछेंमा पुस्तौं-पुस्ता बसोबास गरिरहेको देखिने विभिन्न कागजातहरू छन् । मेरो ससुरा बुवा बद्रि नाथ कपाली, सासु आमा चन्द्र माया कपाली, मेरो श्रीमान् नित्य कृष्ण कपाली, मेरो छोरा निश्चल कपाली र म मतिना कपाली समेतको नागरिकता प्रमाणपत्र यही स्थानबाट बनेको हो । मेरी छोरी निलिशा कपालीको र छोराको जन्मदर्ता पनि यही स्थानबाट भएको हो । म र मेरो श्रीमानको विवाह दर्ता पनि यही स्थानमा भएको हो । मेरो श्रीमानको मृत्यु भई निजको मृत्यु दर्ता पनि यही स्थानमा भएको हो । त्यसै गरी मेरो सासु ससुराको मृत्यु दर्ता पनि यसै स्थानमा भएको हो । निर्वाचन आयोगबाट म र मेरो छोराको मतदाता नामावली पनि यही स्थानबाट दर्ता भएको हो । म महिला स्वास्थ्य स्वयं सेवकको रूपमा कार्यरत हुँदा बनेपा नगरपालिकाले यही स्थानको बसोबासको आधारमा परिचयपत्र दिएको छ । यस सतःछेंमा मेरो ससुरा बुबाले बिजुलीको लाइन जोडेका थिए । उक्त बिजुलीको लाइन हालसम्म पनि प्रयोग प्रचलनमा छ । मिति २०७२/०२/१७ मा मेरो श्रीमानले बनेपा नगरपालिकामा घर मर्मत गरिपाउनका लागि निवेदन दिएका थिए । तर हालसम्म पनि हामीले पुनःनिर्माण गर्ने अनुमती पाएका छैनौं । मेरो सासु ससुरा र श्रीमानको मृत्यु पछी म र मेरो छोरा बसोबास गरिरहेका छौं । भुकम्पले जीर्ण हाम्रो घर कुन बेला के हुने हो भन्ने डरत्रास र जोखिममा हामी बसोबास गर्नुपरेको छ ।

अतः हामी नेवाः जाति अन्तर्गतका जुगि उप-जाति (कपाली, दर्शनधारी, कुछे) का मानिसहरू ऐतिहासिक कालखण्ड देखि सतःछेंहरूमा बसोबास गर्ने, भोगचलन गर्ने भोगाधिकार सांस्कृतिक एवं प्रथाजन्य





कानूनबाट प्राप्त अधिकार नै हो । तर वर्तमान परिपेक्ष्यमा भोगाधिकार मात्रले हाम्रो समुदायको समान हैसियत एवं समान पहुँच सुनिश्चित हुन सक्दैन । हाम्रो पुख्यौंली बसोबास रहेको सतःछेंमा हाम्रो स्वामित्वको हक स्थापित भई आदिवासीको अधिकारको रक्षा हुनुपर्छ भन्ने हाम्रो मागदावी रहेको छ ।

अतः नेवाः जाति अन्तर्गत जुगि उप-जाति (कपाली, दर्शनधारी तथा कुश्ले) ले ऐतिहासिक कालखण्ड देखि भोगचलन तथा उपभोग गर्दै आइरहेका सतःछें (सत्तलघर) हरूमा United Nations Declaration on the Rights of Indigenous Peoples (UNDRIP) को Article 26 तथा Indigenous and Tribal Peoples Convention को Article 14 ले प्रत्याभूत गराए वमोजिम स्वामित्वको हकको संरक्षण तथा सुनिश्चितताका लागि कानून निर्माण गर्नुपर्ने भए सो गरी वा अन्य आवश्यक पहल गर्नू भनि आदिवासी जनजाती आयोग ऐन, २०७४ को दफा ७ वमोजिम नेपाल सरकारको नाउँमा सिफारिस गरिपाऊँ ।

संलग्न :- यस निवेदनमा उल्लेख भएका कागजात यसै निवेदन साथ संलग्न छ ।

निवेदक,

नाम थर : मतिना कपाली ।

ठेगाना : काभ्रेपलाञ्चोक जिल्ला बनेपा नगरपालिका वडा नं ९ ।

फोन नम्बर : ९८४१७६५०९४ ।

